सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

१ असोज २०८०, सोमबार (18 Sep 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

एक महिनामै भित्रियो एक खर्ब १६ अर्ब रेमिटचान्स

साउनमा अहिलेसम्मकै धेरै रेमिट्यान्स भित्रिनु र ३३ महिनापछि चालू खाता पनि बचतमा जानुले अर्थतन्त्रको बाह्य क्षेत्र बलियो हुँदै गएको संकेत

■ तथ्यांकमा १३ महिनाको रेमिट्यान्स



मूल्यवृद्धिदर ७.५२%, सबैभन्दा बढी महँगी हिमाली क्षेत्रमा

कृष्ण रिजाल/नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो महिनामा अर्थतन्त्रको बाह्य क्षेत्र उत्साहप्रद देखिएको छ। साउनमा एक खर्ब १६ अर्ब रेमिट्यान्स भित्रिएको छ, जुन मासिक गणनामा हालसम्मकै उच्च हो। करिब ३३ महिनापछि देशको चालू खाता पनि बचतमा देखिएको छ।

यसअघि गत चैतमा एक खर्ब नौ अर्ब रेमिट्यान्स भित्रिएको थियो। त्यस्तै, असारमा एक खर्ब आठ अर्ब आएको थियो। अघिल्लो आर्थिक वर्ष ०७९/८० मा मासिक औसत एक खर्ब एक अर्ब ७१ करोड रेमिट्यान्स भित्रिएको थियो। त्यसअघि आव ०७८/७९ मा मासिक औसत ८३ अर्ब ९४ करोड भित्रिएको थियो।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले रेमिट्यान्स आप्रवाह ऐतिहासिक उच्च हुनु र लामो समयपछि चालू खाता बचतमा जानुले अर्थतन्त्रको बाह्य क्षेत्र थप बलियो भएको देखाएको बताए। 'कोभिडका कारण दुई वर्षअघि रेमिट्यान्स वृद्धिदर ऋणात्मक थियो, अघिल्लो वर्षदेखि क्रमशः बढ्न थालेको हो,' उनले भने, 'तथ्यांकले साउनमा भएको रेमिट्यान्स आप्रवाह ऐतिहासिक देखिन्छ, यो अर्थतन्त्रका लागि सुखद संकेत हो।'

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या उच्चदरमा बढेका कारण रेमिट्यान्स आप्रवाहमा समेत उल्लेखनीय वृद्धि भएको डा. भट्टको विश्लेषण छ। 'पछिल्ला दुई आर्थिक वर्षमा मात्रै १४ लाख नेपाली कामका लागि तेस्रो मुलुक गएका छन्, भारतमा जानेको संख्या पनि उच्च छ,' उनले भने, 'बिदेसिनेको संख्या बढ्दै जाँदा रेमिट्यान्स बढेको हो, जुन अझ बढ्न सक्ने अनुमान गर्न सकिन्छ।' नेपालीको मुख्य श्रम गन्तव्य रहेका मुलुकहरू अरब, मध्यपूर्व, भारत र अमेरिकाको अर्थतन्त्र सबल हुनुले पनि रेमिट्यान्स वृद्धिमा सहयोग पुगेको उनले बताए।

दुई वर्ष नौ महिनापछि नेपालको चालू खाता पनि बचतमा देखिएको छ। आर्थिक वर्ष ०७७/७८ को मंसिरयता देशको चालू खाता निरन्तर घाटामा देखिएको थियो।

» पृष्ठ ११ मा क्रमशः

बिदेसिनेको संख्या बढ्दै जाँदा रेमिट्यान्स बढेको हो, अझै बढ्न सक्ने अनुमान गर्न सकिन्छ



● **डा. गुणाकर भट्ट**, कार्यकारी निर्देशक, राष्ट्र बैंक

कोभिडका कारण दुई वर्षअघि रेमिट्यान्स वृद्धिदर ऋणात्मक थियो, अघिल्लो वर्षदेखि क्रमशः बढ्न थालेको हो। तथ्यांकले साउनमा भएको रेमिट्यान्स आप्रवाह ऐतिहासिक देखिन्छ, यो अर्थतन्त्रका लागि सुखद संकेत हो।

पछिल्ला दुई आर्थिक वर्षमा मात्रै १४ लाख नेपाली कामका लागि तेस्रो मुलुक गएका छन्, भारतमा जानेको संख्या पनि उच्च छ। बिदेसिनेको संख्या बढ्दै जाँदा रेमिट्यान्स बढेको हो, जुन अझ बढ्न सक्ने अनुमान गर्न सकिन्छ।

चालू खाता बचतमा हुँदा बाह्य क्षेत्र मजबुत छ है भन्ने त देखियो। तर, सँगसँगै आर्थिक गतिवधि र लगानी बढ्न सकेको छैन भन्ने पनि देखिन्छ। चालू खाता बचत अथवा कति घाटा कति बचत र कति लगानी भयो भन्नेमा सम्बन्धित हुन्छ। बचत र लगानीको ग्याप बढ्दा अथवा लगानीभन्दा बचत बढी हुँदा हाम्रो अर्थतन्त्रलाई लाभ नहोला, यसमा ध्यान दिनुपर्छ।

■ विदेशी विनिमय सञ्चिति १५ खर्ब ७३ अर्ब १२ करोड रुपैयाँ (११ अर्ब ८५ करोड डलर)

साउनमा विदेशी विनिमय सञ्चिति १५ खर्ब ७३ अर्ब १२ करोड रुपैयाँबराबर पुगेको छ। जुन असारको तुलनामा २.२ प्रतिशतले बढी हो। रेमिट्यान्स बढ्नु तथा वैदेशिक व्यापार घट्नुले सञ्चिति वृद्धिमा सहयोग पुऱ्याएको हो। मौज्दात सञ्चितिले १२.५ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकले जनाएको छ।

■ शोधनान्तर झन्डै ३३ अर्ब बचतमा

चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो महिना साउनमा नेपालले एक खर्ब २९ अर्ब २४ करोडबराबरको वस्तु आयात गरेको छ। त्यस्तै, १३ अर्ब ५३ करोडको वस्तु निर्यात गरेको छ। यस अवधिमा नेपाललाई वस्तु व्यापारमा एक खर्ब १५ अर्ब ७१ करोड घाटा भएको छ। साउनमा व्यापारका सबै सूचकको वृद्धिदर ऋणात्मक देखिएका छन्। अघिल्लो आर्थिक वर्षको सोही महिनाको तुलनामा निर्यात ८.७, आयात १.६ र व्यापार घाटा ०.७ प्रतिशतले घटेको छ। यो साउनमा नेपालले सेवा व्यापारमा ११ अर्ब २७ करोडले घाटा व्यहोरेको छ। प्रत्यक्ष वैदेशिक लगानी दुई अर्ब ६५ करोडले बढेको छ भने पुँजीगत ट्रान्सफर ६५.९ प्रतिशतले घटेर २७ करोड २६ लाख कायम भएको छ। रेमिट्यान्स र विदेशी लगानी बढ्नुका साथै वस्तु व्यापारमा आएको गिरावटका कारण शोधनान्तर भने बचतमा गएको छ। साउनमा देशको शोधनान्तर ३२ अर्ब ९० करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १९ अर्ब ७६ करोडले घाटामा रहेको थियो।

» पृष्ठ ११ मा क्रमशः

सुन तस्करीका २९ प्रतिवादीविरुद्ध अदालतमा मुद्दा दायर

साढे तीन अर्ब बिगो, पाँच वर्षसम्म कैद माग

बिगो रकम रेडी ट्रेडको नाममा दुई महिनाको बीचमा तस्करी भएको ३६२.७७८ केजी सुनको मूल्यबराबर, जसमध्ये ६०.७१६ केजी मात्र बरामद, बाँकी भारतीय बजारमा तस्करी

टेकराज थामी/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको सुन तस्करीमा संलग्न रहेको अभियोग लागेका २९ प्रतिवादीविरुद्ध तीन अर्ब ५० करोड ३० लाख ९१ हजार नौ सय ७५ रुपैयाँ बिगो दाबीसहित अदालतमा मुद्दा दर्ता भएको छ। काठमाडौं जिल्ला सरकारी वकिल कार्यालयले आइतबार प्रतिवादीविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको हो।

उनीहरूविरुद्ध पाँच वर्षसम्मको कैद सजाय माग दाबी पनि गरिएको छ। अदालतमा दर्ता गरिएको अभियोगपत्रअनुसार अभियुक्तविरुद्ध संगठित रूपमा अवैध सुन चोरी पैठारी गरेको अभियोग लगाइएको छ। घटनामा चिनियाँ नागरिक अलेक्स भनिने यायो पुचिङ र अली भनिने ली वेन सुङलाई मुख्य प्रतिवादी बनाइएको छ। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले २९ प्रतिवादीविरुद्ध साढे तीन अर्ब बिगो दाबी गरिएको बताए।

'विमानस्थल हुँदै सुन तस्करी गर्ने २९ प्रतिवादीविरुद्ध अदालतमा मुद्दा दर्ता भएको छ। उनीहरूविरुद्ध संगठित रूपमा अवैध सुन चोरी पैठारी गरेको अभियोग लगाइएको छ। साढे तीन अर्ब रुपैयाँ बिगो दाबी गरिएको छ,' उनले भने।

प्रतिवादी बनाइएका चिनियाँ नागरिकमा पुचिङ र सुडसँगै लिन जेक्विङ, याङ वेन, मी तियान, रोगर वा स्टेप्स भनिने ली नेङकाई र साउतेन भनिने डिङ सेङ फा रहेका छन्। त्यस्तै, घटनामा संलग्न रहेको

» पृष्ठ ११ मा क्रमशः



'ब्रेकसु'भित्र लुकाएर तस्करी गरेको सुन पगालेपछि

■ कसको के कसुर ?

● **यायो पुचिङ** : अवैध रूपमा सुन पैठारी गर्नेबाहेक अन्य पेसा नरहेकोमा निजको आइफोनबाट एएनटी पे, ग्लोबल पे, विन पेबाट ३० करोड ३१ लाख ४७ हजार ८ सय भारतीय रुपैयाँ कारोबार भएको। उनले क्रिप्टोसँग सम्बन्धित खाता ओक लिंकबाट पनि पटक-पटक कारोबार हुने गरेको देखिएको। उनले अवैध सुनबापत प्राप्त गरेको रकम क्यासिनो वाल्डोमा १३ करोड रुपैयाँ इन-आउट गरेको देखिएको।

● **वेन सुङ, नेङकाई र सेङ फा** : मोबाइल परीक्षण गर्दा क्रिप्टोमार्फत पटक-पटक कारोबार गरेको देखिएको।

● **जेक्विङ** : संगठित रूपमा योजनाबद्ध तरिकाले अवैध सुन पैठारी गर्ने कार्यमा संलग्नता पुष्टि हुन आएको, चाइनिज नागरिक चोङ चिङ छत्वाङसँग ह्वाट्स एपबाट निर्देशन प्राप्त गरी बालुवाटारबाट ल्याइएको सुनसहितको मालवस्तु लाजिम्पाट लैजाने कार्यमा संलग्न रहेको।

● **थुप्देन छिरिङ** : हर्कराज राईलाई परिचालन गरी तीनवटा सवारीसाधनहरू भाडामा लिन लगाई पुचिङलाई दिने गरेको। सुन गाल्न ल्याइएको मेसिन आएको भन्ने सूचना प्राप्त गरी लिनका लागि राईलाई परिचालन गरेको।

● **हर्कराज राई** : अवैध सुन रहेको मालवस्तु ओसारपसार गर्न र अवैध रूपमा पैठारी भएको सुन व्यवस्थापन गर्न गाडी भाडामा लिएको। रेडी ट्रेड कम्पनी खोल्न लगाई घरधनीसँग झुटो सम्झौता बनाएको र सोही कागजात पेस गरी मूल्य अभिवृद्धि करमा दर्ता नगरी एक्जिम कोड लिन संलग्न भएको।

» पृष्ठ ११ मा क्रमशः



ओपिडी सेवा बन्द हुँदा बिरामीलाई दिनभर सास्ती, साँझ सहमति



वीर अस्पतालमा प्रशासनले ओपिडी खुला गरे पनि आएनन् चिकित्सक, आइतबार नपाएकालाई सोमबार सेवा दिने

सामूहिक हत्याको कारण : मोटरसाइकल ठक्करको विवाद



एकको हत्या योजना, **पोल खुल्ने डरले थप तीनको हत्या**

(विस्तृत पृष्ठ ३)

■ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८०



सन् २०३५ सम्म साढे २८ हजार मेगावाट उत्पादन र १५ हजार मेगावाट निर्यातको लक्ष्य

(विस्तृत पृष्ठ ९)

२९ जिल्ला न्यायाधीशका लागि २११ परीक्षार्थी, एकजना मात्रै उत्तीर्ण



पारसमणि पोखरेल

न्यायपरिषद्ले आन्तरिक खुलाबाट १५ र खुलाबाट सात न्यायाधीश पदका लागि दरखास्त आह्वान गरेको थियो। यसैगरी महिला, आदिवासी/जनजाति र मधेशीबाट दुई-दुईजना माग गरेको थियो। दलितबाट भने एक पदका लागि आह्वान भएको थियो। तर, आन्तरिक खुला र खुलाबाट पोखरेल मात्र उत्तीर्ण भएका हुन्। २११ जना परीक्षार्थी थिए। तर, सर्वोच्च अदालतका इजलास अधिकृत पारसमणि पोखरेल मात्र उत्तीर्ण भए। उनले आन्तरिक खुला र खुला दुवैतर्फ नाम निकालेका छन्।

शिल्पा कर्ण/नयाँ पत्रिका

जिल्ला न्यायाधीश पदका लागि न्याय सेवा आयोगले लिएको परीक्षामा एकजना मात्रै उत्तीर्ण भएका छन्। आयोगले १६ देखि २० साउनसम्म सञ्चालन गरेको परीक्षामा खुला र आन्तरिक खुलामा दरखास्त दिएका पारसमणि पोखरेल मात्र छनोट भएका हुन्। आयोगले आइतबार सूचना जारी गर्दै पोखरेललाई अन्तर्वार्ताका लागि १ असोजको मिति दिएको छ।

परिषद्ले आन्तरिक खुलाबाट १५ र खुलाबाट सात न्यायाधीश पदका लागि दरखास्त आह्वान गरेको थियो। यसैगरी महिला, आदिवासी/जनजाति र मधेशीबाट दुई-दुईजना माग गरेको थियो। दलितबाट भने एक पदका लागि आह्वान भएको थियो। तर, आन्तरिक खुला र खुलाबाट पोखरेल मात्र उत्तीर्ण भएका हुन्। दुई सय ११

» पृष्ठ ११ मा क्रमशः

किन कम उत्तीर्ण हुन्छन् परीक्षार्थी ?

न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्की परीक्षा प्रणालीका कारण जिल्ला न्यायाधीशमा न्यून उत्तीर्ण हुने गरेको बताउँछन्। 'हामीले अहिलेसम्म चार-पाँचवटा परीक्षा लियौं, सबैमा यस्तै-यस्तै नतिजा छ। परीक्षामा प्रत्येक पत्रमा ५० अंकभार ल्याए मात्र पास हुने व्यवस्था भएका कारण पनि यस्तो हुन सक्छ,' प्रवक्ता कार्कीले भने, 'सहसचिवको परीक्षामा त ४०-४० ल्याए उत्तीर्ण भइन्छ। तर, यहाँ हरेक पत्रमा ५० आए मात्र पास हुने व्यवस्थाले परीक्षार्थीलाई अप्ठ्यारो भएको हो कि ?' उनले न्याय सेवा आयोग ऐनको यो व्यवस्था संशोधन गरेर ४० मा झार्न सुझाव पठाएको बताए। हालको पाठ्यक्रमअनुसार चारवटा विषयको परीक्षा हुन्छ। जसमा विधिशास्त्र, संवैधानिक कानुन र कानुन प्रणालीको पहिलो विषय हुन्छ। यसैगरी देवानी कानुन तथा कार्यविधिको पनि परीक्षा लिइन्छ। फौजदारी कानुन र कार्यविधि तेस्रो पत्रमा राखिएको छ। चौथो पत्रमा भने मिसल खण्ड हुन्छ।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एक करोड मूल्यबराबरका कपडा जलेर नष्ट

काठमाडौं/ काठमाडौं महानगरपालिका-२७, महाबौद्ध बटु गुच्चाटोलस्थित कपडा पसलमा आइतबार आगलागी हुँदा एक करोड मूल्यबराबरको कपडा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। ओखलढुंगाको चम्पादेवी गाउँपालिका-६ घर भई काठमाडौं-२९, घट्टेकुलो बस्ने शम्भु न्यौपानेको कपडा पसलको गोदाममा विद्युत् सर्ट भई आगलागी भएको हो।

पशुपतिका ढोका बिहान तीन बजेदेखि नै खुला

भक्तजनका लागि चारवटा लाइनबाट दर्शनको व्यवस्था, साँझ सात बजे बागमती गंगा आरतीको समयसम्म भक्तजनले दर्शन गर्न सक्ने



नयाँ पत्रिका

हिन्दू महिलाहरूको महान् चाड हरितालिका तिजका अवसरमा पशुपतिमा भक्तजनका लागि चारवटा लाइनबाट दर्शनको व्यवस्था गरिएको छ। पशुपति क्षेत्र विकास कोषका अनुसार कोटेश्वर-तिनकुने-सिनामंगल क्षेत्रबाट आउने भक्तजनलाई तिलगंगा पर्यटक टिकट काउन्टर क्षेत्रबाट प्रवेश गरी राममन्दिर-आर्यघाट क्षेत्र हुँदै पूर्वी ढोकाबाट पशुपतिनाथ मन्दिर प्रवेश गर्ने गरी लाइनको व्यवस्था छ। यो बाटोबाट आउने भक्तजनका लागि जुत्ता-चप्पल आर्यघाट जाने बागमती नदीमाथिका दुई पुल पार गरेपछिको मध्यक्षेत्रमा राख्न सकिनेछ। यो पहिलो लाइन हो।

मित्रपार्क क्षेत्रबाट प्रवेश गर्न पाउने गरी दोस्रो लाइनको व्यवस्था गरिएको छ। यो क्षेत्रबाट प्रवेश गर्ने भक्तजनका जुत्ता-चप्पल शंकराचार्य मठअघिको क्षेत्रमा राख्न सकिने व्यवस्था छ। तेस्रो लाइन गौशाला-पिंगलस्थान-पञ्चदेवल क्षेत्रबाट सुरु हुने व्यवस्था छ। यो क्षेत्रबाट प्रवेश गर्ने भक्तजनका जुत्ता-चप्पल बज्रघरअघिको क्षेत्रमा राखिने व्यवस्था गरिएको छ। चौथो लाइन गुह्येश्वरी-उमाकुण्ड-कैलाश दक्षिण भाग हुँदै अगाडि बढ्नेछ। यो क्षेत्रबाट पशुपति प्रवेश गर्ने भक्तजनले जुत्ता-चप्पल गुरु मन्दिरअघिको खुला भागमा राख्न सक्नेछन्।

कोषका प्रवक्ता रेवतीरमण अधिकारीले उपत्यकाको सुरक्षा व्यवस्था कडा पारिएको जानकारी दिए। 'चारवटै सुरक्षा निकायले सुरक्षा दिनेछन्। ट्राफिक व्यवस्थापनका लागि ठूला गाडी सिनामंगलबाटै डाइभर्सन हुनेछन्। निजी गाडी र साना सार्वजनिक गाडी भने चल्नेछन्। भक्तजनको भिड हेरेर गौशाला, एयरपोर्ट, सिनामंगल क्षेत्रमा एकतर्फीसमेत हुन सक्नेछन्,' अधिकारीले भने।

■ दुई हजारभन्दा धेरै प्रहरी खटिने

तिजको सुरक्षा व्यवस्थापन बलियो बनाउन प्रहरीले पशुपति मन्दिरमा कमान्ड पोस्ट स्थापना गरेको छ। उपत्यका प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) हिमालयकुमार श्रेष्ठको नेतृत्वमा आइतबार पोस्ट स्थापना भएको हो।

तिजको सुरक्षामा उपत्यकामा दुई हजार नौ सय ६६ प्रहरी खटिनेछन्, जसमा ६ सय ३० महिला प्रहरी छन्। तिजको समयमा गहना चोरीका घटना हुने भएकाले महँगा गहना लगाएर भिडभाडमा नजान प्रहरीले आग्रह गरेको छ। तिजको सुरक्षाका लागि प्रहरीले पैदल गस्ती, मोबाइल गस्ती कर्डन, स्ट्राइकिङ, पिकेटिङलगायतको योजना बनाएको छ। पशुपति मन्दिरमा सादा पोसाकमा पनि ठूलो संख्यामा प्रहरी खटिएको उपत्यका प्रहरी कार्यालयले जनाएको छ। मन्दिरमा सिसी क्यामरा थप्नुका साथै ड्रोन तथा वाक थ्रु गेटको प्रयोग पनि गरिएको छ।

■ तस्बिर खिचे जरिवाना

पशुपतिनाथ मूल मन्दिर र त्यसपरिसरको तस्बिर एवं भिडियो खिचेमा मोबाइल जफत गरी नगद जरिवानासमेत गरिने भएको छ। पशुपतिनाथको मूल मन्दिरभित्र प्राचीनकालदेखि नै तस्बिर एवं भिडियो खिच्न मनाही गरिँदै आएको छ। तस्बिर खिची सामाजिक सञ्जालमा राख्ने, टिकटक बनाउने क्रम बढ्न थालेपछि जरिवना गर्न थालिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखाका प्रमुख गौरीशंकर पराजुलीले बताए।

कोषले गर्भगृहको तस्बिर खिचेमा दुई हजार एक सय रुपैयाँ, मुख्य मन्दिरको तस्बिर खिचेमा एक हजार एक सय रुपैयाँ र मूल मन्दिरपरिसरको तस्बिर खिचेमा पाँच सय जरिवाना गर्ने गरेको छ। कोषका कर्मचारीको समूहले मन्दिर क्षेत्रमा मोबाइलबाट तस्बिर खिचे-नखिचेको अनुगमन गर्ने पराजुलीले बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. ६५६८४/०६६/०६७ अन्तर्गत मिति २०६६/०५/१६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, चाबहिल स्थित **एयर कोरिडोर ट्राभल्स एण्ड टुर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: रोशन बाबु थुलुङ** स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, नेले गा.वि.स वडा नं. ७ हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बाबु: रमेश बाबु थुलुङ बाजे: भुपल राई	**२) रोशन बाबु थुलुङ** स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, नेले गा.वि.स वडा नं. ७ हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बाबु: रमेश बाबु थुलुङ बाजे: भुपल राई

धितोको विवरण

१) रण ध्वज बस्नेतकी छोरी, रमेश बाबु थुलुङकी बुहारी, रोशन बाबु थुलुङकी पत्नी, सोलुखुम्बु जिल्ला, नेले गा.वि.स वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बस्ने शारदा थुलुङ बस्नेतको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, कपन गा.वि.स वडा नं. ८ (हाल बुढानिलकण्ठ न.पा. वडा नं. ११) स्थित कित्ता नं. ४९ र ३२० को क्षेत्रफल क्रमश: १६३.४० र १२०.०० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) एयर कोरिडोर ट्राभल्स एण्ड टुर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) शारदा थुलुङ बस्नेत स्थायी ठेगाना : सोलुखुम्बु जिल्ला, नेले गा.वि.स वडा नं. ७ हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बाबु : रण ध्वज बस्नेत ससुरा : रमेश बाबु थुलुङ पति : रोशन बाबु थुलुङ	**२) महेश बाबु थुलुङ** स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, दुधकौशिका गा.पा. वडा नं. १ हालको ठेगाना: काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ११ बाबु : रमेश बाबु थुलुङ बाजे : भुपल राई

क्र.सं. २)

ऋणीको विवरण

१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय भीमदत्तनगर, कञ्चनपुरमा प्रा.फ.र.नं. ३८/०७५/७६ अन्तर्गत मिति २०७५/०४/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १८ स्थित **देवकी लेडिज कलेक्सन** **प्रोप्राईटर तथा जमानीकर्ता: चन्द्रदेव जोशी** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ हालको ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. २ बाबु : काशीराम जोशी बाजे : जयदत्त जोशी	**२) श्रीमती देवकी जोशी** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ५ हालको ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. ५ बाबु : राम दत्त भट्ट ससुरा: कासीराम जोशी पति : चन्द्रदेव जोशी

जमानीकर्ताहरुको विवरण

१) धरणी धर जोशी ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. २ बाबु : चन्द्रदेव जोशी बाजे : काशीराम जोशी	**२) चन्द्रदेव जोशी** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ हालको ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. २ बाबु : काशीराम जोशी बाजे : जयदत्त जोशी	**३) श्रीमती देवकी जोशी** स्थायी ठेगाना : कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ हालको ठेगाना : कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. २ बाबु : राम दत्त भट्ट ससुरा: कासीराम जोशी पति : चन्द्रदेव जोशी

धितोको विवरण

१) जयदत्त जोशीको नाती, काशीराम जोशीको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ स्थायी ठेगाना भइ हाल कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. २ बस्ने चन्द्रदेव जोशीको नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २ स्थित कित्ता नं. ११५९०, ११५९२ र ११५९५ को क्षेत्रफल १६४, ११८ र १११२.३४ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) देवकी लेडिज कलेक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं. ३)

ऋणीको विवरण	धितोको विवरण
१)नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा प्रा.फ.द.प्र.प.नं. १३८०९/४७५/०७०/०७१ अन्तर्गत मिति २०७०/१०/१२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ८, सुन्धारा स्थित **हिमालयन मसला उद्योग** **प्रोप्राईटर तथा जमानतकर्ता: पुरुषोत्तम पहाडी** स्थायी ठेगाना : सिन्धुली जिल्ला, सिथौली गा.वि.स वडा नं. ४ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : कृष्ण प्रसाद पहाडी बाजे : देवी प्रसाद पहाडी	१) देवी प्रसाद पहाडीकी बुहारी, कृष्ण प्रसाद पहाडीकी पत्नी, सिन्धुली जिल्ला, बाहुनल्पिुङ नगर/गाउँ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई (हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४) बस्ने वाल कुमारी पहाडीको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, उग्रचण्डी नाला न.पा/गा.पा. वडा नं. ८ (हाल बनेपा न.पा. वडा नं. ३ स्थीत कित्ता नं. १८६१ र २११४ को क्षेत्रफल क्रमश: ६५९.७५ र ३८१.४८ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) हिमालयन मसला उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२) पुरुषोत्तम पहाडी स्थायी ठेगाना : सिन्धुली जिल्ला, सिथौली गा.वि.स वडा नं. ४ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : कृष्ण प्रसाद पहाडी बाजे : देवी प्रसाद पहाडी	देवी प्रसाद पहाडीको नाति, कृष्ण प्रसाद पहाडीको छोरा, सिन्धुली जिल्ला, सिथौली गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई (हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४, इमाडोल) बस्ने पुरुषोत्तम पहाडीको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. ८ (हाल : महालक्ष्मी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १२२ को क्षेत्रफल क्रमश ७९.५० (ब.मि) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) वाल कुमारी पहाडी स्थायी ठेगाना: सिन्धुली जिल्ला, बाहुनल्पिुङ गाउँ पञ्चायत वडा नं. ५ हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ ससुरा: देवी प्रसाद पहाडी पति : कृष्ण प्रसाद पहाडी	**२) झल कुमारी चापागाई** स्थायी ठेगाना: सिन्धुली जिल्ला, आम्बोटे गा.वि.स. वडा नं. ६ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : मोदनाथ चापागाई ससुरा: कृष्ण प्रसाद पहाडी पति : पुरुषोत्तम पहाडी	**३) नर्वदा पहाडी** स्थायी ठेगाना: सिन्धुली जिल्ला, सिथौली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : मिन वहादुर धिमिरे ससुरा: कृष्ण प्रसाद पहाडी पति : गोविन्द प्रसाद पहाडी	**४) गोविन्द प्रसाद पहाडी** स्थायी ठेगाना: सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ४ हालको ठेगाना: ललितपुर जिल्ला, महालक्ष्मी न.पा वडा नं. ४ बाबु : कृष्ण प्रसाद पहाडी बाजे : देवी प्रसाद पहाडी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०६/०१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० असोज १६ गते मंगलबार**का दिन शाखा कार्यालय हेटौडा, मकवानपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरण:

१. प्रदेश सरकार ,उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, वागमती प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा मकवानपुरमा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम मिति २०७८/०४/१३ प्रा.फ.र.न. २८३७/१९१३/०७८/०७९ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१६१५९८४० को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ४ मा रजिस्टर्ड कार्यालय रहेको **पाथिभरा टु सप्लायर्स** (प्रोप्राईटर चन्द्रकान्त पुडासैनीको नाति, माधव प्रसाद पुडासैनीको छोरा, अम्बिका पुडासैनीको पति, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दशरथ पुडासैनी**, ना.प्र.नं. १६२४, जारी मिति २०५१/१२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर हेटौडामा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ अनुसार मिति २०७३/०५/०८ प्रा.फ.र.नं. ६२२०/१९१/२०७३/०७४ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५०२३३३६ को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ११ मा रजिस्टर्ड कार्यालय रहेको **पाथीभरा कस्मेटिक एण्ड सप्लायर्स** (प्रोप्राईटर माधव प्रसाद पुडासैनीको बुहारी, बुद्ध प्रसाद हुमागाईको छोरी, दशरथ पुडासैनीको पत्नी, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११, नवलपुर बस्ने **अम्बिका पुडासैनी**, ना.प्र.नं. ३१३०३०/२६७, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. चन्द्रकान्त पुडासैनीको नाति, माधव प्रसाद पुडासैनीको छोरा, अम्बिका पुडासैनीको पति, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दशरथ पुडासैनी** (ना.प्र.नं. १६२४, जारी मिति २०५१/१२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. माधव प्रसाद पुडासैनीको बुहारी, बुद्ध प्रसाद हुमागाईको छोरी, दशरथ पुडासैनीको पत्नी, मकवानपुर जिल्ला, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११, नवलपुर बस्ने **अम्बिका पुडासैनी** (ना.प्र.नं. ३१३०३०/२६७, जारी मिति २०६३/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. माधव प्रसाद पुडासैनीको नाति, दशरथ पुडासैनी/अम्बिका पुडासैनीको छोरा, भिमफेदी गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११ नवलपुर बस्ने **दिपेश पुडासैनी** (ना.प्र.नं. ३१-०१-७३-०२७७५, जारी मिति २०७३/२/३०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

लिलाम हुने सम्पतिको विवरण:

१. **अम्बिका पुडासैनी**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा नगरपालिका वडा नं. ११ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ६४३९ को क्षेत्रफल ०-०-१० (वि.क.धु) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० असोज १५ गते** भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० असोज १६ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज १६ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

अमेरिकाबाट आएको हेरोइनसहित १० पक्राउ

काठमाडौं/ अमेरिकाबाट गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार हुँदै ल्याइएको तीन किलो दुई सय ३९ ग्राम गाँजा र दुई सय ६८ दशमलव २१० ग्राम खैरो हेरोइनसहित १० जना पक्राउ परेका छन्। लागुऔषध नियन्त्रण ब्युरो काठमाडौंले विशेष सूचनाका आधारमा अमेरिकाबाट ल्याइएको गाँजा डेलिभरी गर्नेछ र खैरो हेरोइनसहित चार गरी १० जनालाई पक्राउ गरेको जानकारी दिएको छ।

उनीहरूमाथि लागुऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम अदालतबाट म्याद लिएर अनुसन्धान थालिएको ब्युरोका प्रहरी उपरीक्षक चक्रराज जोशीको भनाइ छ। पक्राउ परेकाहरूलाई आइतबार सार्वजनिक गर्दै प्रहरी उपरीक्षक जोशीले पार्सलमा गाँजा पत्ता लागेपछि उनीहरूलाई पक्राउ गरिएको जनाए। प्रहरीका अनुसार अमेरिकाबाट हुलाकमार्फत डिल्लीबजार हुँदै जिल्ला हुलाक कार्यालय वीरगन्जमा प्राप्त हुने गरी पार्सल पठाइएकोमा एउटा कार्टुन शंका लागि जाँच गर्दा नौ सय ग्राम गाँजा बरामद भएको हो। उक्त पार्सल लिन आउने व्यक्ति खोज्न 'कन्ट्रोल डेलिभरी' गर्दा वीरगन्जका डल्लुराम र सोही ठाउँका हबिब मियालाई पक्राउ गरिएको थियो।

भक्तपुरमा गणेशमान सिंहको प्रतिमा अनावरण गरिने

भक्तपुर/ लौहपुरुष एवं प्रजातन्त्रका सेनानी स्वर्गीय गणेशमान सिंहको प्रतिमा भक्तपुरमा मंगलबार अनावरण हुने भएको छ। सूर्यविनायक नगरपालिका-५, सुवर्णेश्वर मन्दिरको डाँडामा २३ वर्षअघि निर्माण भएको यस प्रतिमाको अनावरण राष्ट्रपति रामचन्द्र पौडेलले गर्नेछन्।

तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ०५४ सालमा वाटिकाको शिलान्यास गरेपछि ०५५ मा गणेशमान सिंह स्मृतिवाटिका तथा प्रतिमा स्थापना संरक्षण समितिले आफ्नो भवन निर्माण गरेको समितिका अध्यक्ष माथवरसिंह बस्नेतले बताए। ०५७ मा स्वर्गीय सिंहको प्रतिमा निर्माण भएको थियो। तर, माओवादी द्वन्द्व, जनआन्दोलन, परिवर्तित राजनीतिक परिवेश, कोरोना महामारीलगायतका विभिन्न कारणले अनावरण कार्यक्रम हुन सकेको थिएन। बस्नेतका अनुसार यो प्रतिमा १२ फिट अग्लो छ।

ओपिडी सेवा बन्द हुँदा बिरामीलाई दिनभर सास्ती, साँझ सहमति

शिवहरि घिमिरे/नयाँ पत्रिका

अत्यधिक ढाड दुख्ने समस्याका कारण त्रिवि शिक्षण अस्पताल पुगेका धनकुटाका वीरबहादुर तामाङलाई आइतबार ओपिडी सेवा बन्द छ भन्ने थाहा थिएन । उनी दुखाइ असह्य भएपछि शनिबार काठमाडौं आएका थिए । बिहानै त्रिवि शिक्षण अस्पतालको टिकट काउन्टरमा पुगेका उनले टिकट काटेर उपचार गर्न पाएनन् । तर, उपचार पाइन्छ कि भन्दै बिहान ६ बजेदेखि दिउँसो ३ बजेसम्म ओपिडीबाहिर कुरिरहेका थिए ।

'ढाड दुखेर उपचारका लागि आएको थिएँ, तर अस्पताल बन्द रहेछ,' उनले भने, 'धनकुटामा धेरै अस्पतालमा जाँदा निको भएपछि काठमाडौं आएको हो, तर उपचार गर्ने पाइएन ।'

आन्द्रासम्बन्धी समस्याले दुखाइ असह्य भएपछि धादिङका समीर बस्नेत आइतबार बिहानै त्रिवि शिक्षण अस्पतालमै पुगेका थिए । ओपिडी सेवा ठप्प भएपछि उनले पनि उपचार गराउन पाएनन् । 'पेटमा समस्या छ, खाएको पच्दैन,' उनले सुनाए, 'दुखाइ धेरै भएपछि उपचारका लागि आएको हुँ, तर अस्पताल बन्द रहेछ ।'

नुवाकोटका सुमन तामाङले १५ वर्षीय छोरा स्याङ्बु तामाङलाई न्युरोसम्बन्धी समस्याले टाउको दुखेपछि नयाँ बानेश्वरस्थित सिभिल अस्पताल ल्याएका थिए । तर, उनले पनि उपचार गराउन पाएनन् । अस्पतालको इमर्जेन्सी कक्षसमेत बन्द भएपछि उनी आइतबार उपचार नगरी फर्किए । 'छोराको टाउकोमा समस्या देखिएर आएको, अस्पताल नै बन्द रहेछ, अब सोमबार आउनुपर्ला,' उनले सुनाए ।

घाँटीमा मासु पलाएर खानै नमिल्ने भएपछि दोलखाका राजु थापा आइतबार वीर अस्पताल पुगे । तर, ओपिडी सेवा बन्द रहेको थाहा पाएपछि चिन्तित बने । 'घाँटीमा मासु पलाएर निल्न समस्या भएपछि आएको, अस्पताल नै बन्द रहेछ,' उनले भने, 'अब सोमबार देखाउन पाइन्छ कि !'

नेपाल चिकित्सक संघले आइतबार निजी र सरकारी स्वास्थ्य संस्थामा ओपिडी सेवा ठप्प पारेपछि आइतबार सयौँ बिरामी मारमा परे । देशभरकै बिरामीको भिड हुने उपत्यकाका ठूला अस्पतालले ओपिडी सेवा नै बन्द गरेपछि बिरामीले उपचार नपाएका हुन् । फलोअपका लागि आएका बिरामी पनि त्यसै घर फर्किनुपऱ्यो । न्युरोसँग सम्बन्धित, ग्यास्ट्रो, नाक, कान, घाँटी, ज्वरो, छाला, हाडजोर्नी, आँखा, भिडियो एक्सरे तथा अल्ट्रासाउन्ड, मुटु, छातीलगायत रोगसँग सम्बन्धित सेवा ठप्प भएका छन् । वीर अस्पताल र त्रिवि शिक्षण अस्पतालमा करिब तीन-तीन हजार बिरामी ओपिडी सेवाबाट वञ्चित भए । निजामती कर्मचारी अस्पतालमा आठ सय, पाटन अस्पतालमा दुई हजारभन्दा बढी, कान्ति बाल अस्पतालमा ६ सयलगायत बिरामी उपचार सेवाबाट वञ्चित भए ।

त्रिवि शिक्षण अस्पताल देशभरकै सबैभन्दा बढी बिरामी आउने अस्पताल हो । तर, त्रिवि शिक्षण अस्पतालले इमर्जेन्सीबाहेकका उपचार सेवा ठप्प पारेपछि तीन हजार बिरामी उपचारबाट वञ्चित भएका थिए । सबैभन्दा बढी बिरामी आउने दिन आइतबार नै ओपिडी बन्द भएपछि बिरामीहरू उपचार नगरी घर फर्किएको अस्पताल प्रशासनले जनाएको छ । गम्भीर तथा जटिल समस्या भएका बिरामीले भने इमर्जेन्सी कक्षबाट उपचार पाएको प्रशासनको भनाइ छ । तर, फरक-फरक रोगसँग सम्बन्धित बिरामी जाँच्ने वार्ड नै बन्द भएपछि बिरामीहरू उपचार नै नगरी घर फर्किएको अस्पतालका प्रशासन प्रमुख वैकुण्ठप्रसाद थपलियाले जानकारी दिए ।

'अस्पताल आएका अधिकांश बिरामीको उपचारको सुरुवात ओपिडीबाटै हुने हो,' उनले भने, 'ओपिडी बन्द भएपछि बिरामीहरू घर फर्किए, अलि बढी समस्या भएका बिरामी इमर्जेन्सीबाटै भए पनि उपचार लिए ।'









ओपिडी खुल्ने आशामा आइतबार वीर अस्पताल र त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा बसेका बिरामी (माथि), त्रिवि शिक्षण अस्पतालको सुनसान टिकट काउन्टर र वीरमा ओपिडी बन्दबारे सूचना पढ्दै एक बिरामी (तल) । **तस्बिर : संजित परियार र दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

■ इमर्जेन्सीमा बिरामी खचाखच

निजी तथा सबैखाले स्वास्थ्य संस्थाले आइतबार इमर्जेन्सीबाहेकका उपचार सेवा ठप्प पारेपछि अस्पतालहरूको इमर्जेन्सी कक्षमा बिरामीको चाप बढ्यो । अन्य समयभन्दा झन्डै दोब्बर बिरामी इमर्जेन्सी कक्षमा उपचार गर्न आएको अस्पतालहरूले जनाएका छन् ।

वीर अस्पतालमा अन्य समयमा डेढ सय बिरामी आउने गरेकोमा आइतबार तीन सय आए । त्यस्तै, त्रिवि शिक्षण अस्पतालमा पनि आइतबार तीन सय ५० बिरामीले इमर्जेन्सी कक्षबाट उपचार लिए । निजामती कर्मचारी अस्पतालमा अन्य वेला ५० जना इमर्जेन्सीका बिरामी आउने भए पनि अन्य सेवा बन्द हुँदा आइतबार डेढ सयभन्दा बढी बिरामी इमर्जेन्सीमा भर्ना भए । 'अन्य सेवा रोकिँदा इमर्जेन्सीमा बिरामीको चाप बढ्यो,' निजामती अस्पतालका कार्यकारी प्रमुख डा. विधाननिधि पौडेलले भने, 'ओपिडीका लागि आएका धेरै बिरामी उपचार नगरी घर फर्कनुभएको छ ।' उनले आइतबार ओपिडी सेवा बन्द हुँदाको असर सोमबार पर्ने बताए ।

शिक्षण अस्पतालका प्रशासन प्रमुख वैकुण्ठप्रसाद थपलियाका अनुसार त्रिवि शिक्षण अस्पतालमा दैनिक इमर्जेन्सीमा डेढ सयभन्दा बढी बिरामी आउने गरेकोमा आइतबार ओपिडी सेवा बन्द हुँदा तीन सयभन्दा बढी बिरामीले इमर्जेन्सी कक्षबाट उपचार गराएका छन् । 'गम्भीर समस्या भएर आएका बिरामीलाई इमर्जेन्सी कक्षमै राखेर भए पनि उपचार गरेका छौं,' उनले भने, 'सामान्य अवस्थाका धेरै बिरामी घर फर्कनुभएको छ ।' उनले सरकारले स्वास्थ्यकर्मीका माग सुनुवाइ नगर्दा समस्या पैदा भएको बताउँदै यसबारे सरकार जिम्मेवार हुनुपर्ने बताए ।

■ प्रशासनले ओपिडी खुला गरे पनि आएनन् चिकित्सक

आइतबार वीरमा ८ बजे नै प्रशासनले ओपिडी खुला गरेर ५० भन्दा बढीलाई टोकन वितरण गरेको थियो । तर, डाक्टर नै नाआएको वीरका निर्देशक डा. पौडेलले जानकारी दिए । 'बिहान ओपिडी खुला गरे पनि डाक्टरहरू आउनुभएन, ओपिडी खोलेको थाहा पाएर नेपाल चिकित्सक संघ आएर ताला लगाइदियो,' उनले भने, 'त्यसपछि हामीले ओपिडी बन्द गरेका हौं, सोमबार सबै सेवा सञ्चालन हुन्छन् ।' वीरको ओपिडीमा सोमबार करिब पाँच हजार बिरामी आउने अनुमान गरिएको छ । आइतबार अन्य सेवा बन्द भए पनि इमर्जेन्सीमा भने सातजना विशेषज्ञसहितका डाक्टरले सुविधा दिएका थिए ।

■ आइतबार नपाएकालाई वीरले सोमबार सेवा दिने

वीर अस्पतालले भने आइतबार उपचार गर्न नपाएका र नयाँ बिरामीलाई सोमबार ओपिडी सेवा दिने बताएको छ । अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले आइतबार उपचार गर्न नपाएका बिरामीलाई सोमबार पालो दिइने बताए । 'सोमबार बिरामीको चाप बढ्छ, तर आइतबार टिकट लिएका वा पालो कुरिरहेकाले पनि सोमबार उपचार सेवा पाउँछन्,' उनले भने । उनका अनुसार हाल वीरमा चार सयभन्दा बढी चिकित्सक छन् ।

तर, त्रिवि शिक्षण अस्पतालको नियम अन्य अस्पतालमा भन्दा फरक छ । यहाँ उपचार नपाएर फर्किएका बिरामीले अर्को दिन उपचार पाउँदैनन् । अर्थात् अस्पतालबाट आइतबार वा आइतबारका लागि टिकट लिएकाले सोही टिकटका आधारमा उपचार गराउन पाउने छैनन् । उनीहरूले नयाँ टिकट काट्नुपर्नेछ ।

यदि आइतबारको चेकजाँचका लागि टोकन लिइसकेका बिरामी भए उनीहरूलाई सोमबार पालो नदिने अस्पतालका प्रशासन प्रमुख थपलियाले जानकारी दिए । उनका अनुसार हरेक दिन बिरामीको संख्या धेरै हुने भएकाले नयाँ बिरामीले पालो नपाउने अवस्था भएकाले पुरानो टिकटका आधारमा पालो नदिइने भएको हो । त्रिवि शिक्षण अस्पतालले कुन रोगसँग सम्बन्धित ओपिडी कुन दिन खुल्ने भन्नेबारेमा पनि तालिका बनाएर कार्यान्वयनमा ल्याएको छ । जसका कारण उपचार सेवा सहज भएको अस्पताल प्रशासनले जनाएको छ ।

चिकित्सक र सरकारबीच ६ बुँदे सहमति

चिकित्सकमाथि भएको आक्रमणलाई लिएर आन्दोलनरत चिकित्सक र सरकारी वार्ता टोलीबीच सहमति भएको छ । आइतबार बिहान ११ बजेदेखि बेलुकी ६:३० सम्म बसेको बैठकले ६ बुँदे सहमति गर्दै आन्दोलनका कार्यक्रम फिर्ता लिने र दोषीलाई कारबाही गर्ने सहमति गरेको हो । आइतबार स्वास्थ्य मन्त्रालयका तर्फबाट डा. विकास देवकोटालगायत र नेपाल चिकित्सक संघका तर्फबाट अध्यक्ष अनिलविक्रम कार्कीलगायतबीच भएको वार्ताले आक्रमणकारीलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कारबाही गर्ने सहमति गरेको हो । बैठकले पक्राउ नपरेकालाई पक्राउ पुर्जी जारी गर्ने र कानुनअनुसार कारबाही गर्ने निर्णय पनि गरेको छ । हेटौंडामा भएको आक्रमणमा संलग्न चारजनालाई कारबाहीका लागि यसअघि नै प्रहरीले पक्राउ गरेको छ भने आइतबार थप पाँचजनालाई कारबाही गर्न पक्राउ पुर्जी जारी भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । बैठकले बिदेसिने अवस्था रोक्न चिकित्सकको सुरक्षा, सुविधा, दक्षतासम्बन्धी विधेयकको मस्यौदा तीन महिनाभित्र तयार पार्नुपर्ने, घोषित कार्यक्रम स्थगित गर्ने, आक्रमणका दोषीलाई कारबाही गर्नेलगायत सहमति गरेको छ ।

सामूहिक हत्याको कारण : मोटरसाइकल ठक्करको विवाद

एकको हत्या योजना पोल खुल्ने डरले थप तीनको हत्या



सोफामा पल्टिएको भेटेपछि सञ्जयले विशालमाथि कुटपिट सुरु गरेका थिए । यही क्रममा झोलाबाट खुकुरी झिकेर विशालको हत्या गरे । ७६ वर्षीया सुभद्रा भुजेलले देखेपछि हत्याको पोल खुल्ने डरले उनीमाथि पनि खुकुरी प्रहार गरे । लगत्तै सुभद्राका छोरा पूर्णबहादुर पुगे । उसैगरी हत्या गरे । पूर्णबहादुरकी श्रीमती अम्बिका पनि त्यहीं पुगेकीले उनको पनि हत्या भयो ।

हत्या अभियोगमा पक्राउ गरेका सञ्जय भण्डारीलाई सार्वजनिक गरिँदै ।

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौंको तिनकुनेस्थित दिव्य सःमिलमा भएको सामूहिक हत्या सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका- ९ का २३ वर्षीय सञ्जय भण्डारीले गरेको खुलेको छ । उनलाई प्रहरीले बाह्रबिसेस्थित घरबाट आइतबार पक्राउ गरेको छ ।

बोल्न नसक्ने सञ्जयले सःमिलमा कार्यरत दोलखा कालिञ्चोक गाउँपालिका- ८ का ५६ वर्षीय कुमार भुजेल भनिने पूर्णबहादुर भुजेल, ५० वर्षीया श्रीमती अम्बिका, ७६ वर्षीया आमा सुभद्रा भुजेल र धनकुटा भिरगाउँ गाउँपालिका- २ का १९ वर्षीय नवीन भनिने विशाल राईको शुक्रबार बेलुका १०:०० बजे हत्या गरेको प्रहरीले जनाएको छ । सञ्जय र विशालबीचको आपसी विवाद हत्याको मूल कारण रहेको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले बताए ।

'घटनामा संलग्न भण्डारी पक्राउ परेका छन् । चारैजनाको हत्या उसैले गरेको स्वीकार गरेको छ । उसको विशालसँग विवाद रहेछ । सोही विवाद हत्याको कारण रहेको देखिन्छ,' एसएसपी राठौरले भने । प्रहरीका अनुसार सञ्जय र विशालबीच मोटरसाइकलले ठक्कर दिएको विषयमा विवाद भएको थियो । यही क्रममा विशालले सञ्जयलाई केही साताअघि कुटपिट गरेका थिए । प्रतिशोध साँध्न सञ्जयले विशालको फलो गरेका थिए । सःमिलमा दुई-तीनपटक देखेपछि विशाल सोही ठाउँमा बस्ने गरेको निश्चित गर्दै शुक्रबार काँडाघारीस्थित दिदी-भिनाजुको डेराबाट निस्किएका थिए ।

प्रहरीका अनुसार निहुँ खोजे काटिदिने भन्दै झोलामा खुकुरी बोकेका थिए । सःमिल पुगेका उनी पछाडिको गेटबाट भित्र छिरेर विशाल सुत्ने कोठामा पुगेका थिए, तर कोठामा विशाल थिएनन् । विशाल सोफामा पल्टिएको भेटिएपछि दुईबीच कुटपिट सुरु भएको थियो । यही क्रममा उनले झोलाबाट खुकुरी झिकेर विशाललाई प्रहार गरेका थिए । घटना हुँदै गर्दा सुभद्रा घटनास्थल पुगेकी थिइन् । पोल खुल्ने डरले उनले सुभद्रालाई पनि खुकुरीले टाउकोमा प्रहार गरेका थिए । त्यसपछि घटनास्थलमा पुगेका पूर्णबहादुरमाथि पनि उसैगरी प्रहार गरेका थिए भने त्यहाँ आइपुगेकी पूर्णबहादुरकी श्रीमती अम्बिकाको पनि हत्या गरेका थिए ।

त्यही वेला दीपेन्द्र राई सःमिल पुगेका थिए । प्रहरीका अनुसार उनी ढोका ढकढकाउँदै त्यहाँ आएकाले सञ्जय पछाडिको गेटबाट बाहिरिए । त्यसपछि उनी पुनः काँडाघारीस्थित दिदी-भिनाजुको कोठामा गई सुतेका थिए । शनिबार बिहान भने उनी नक्सालस्थित विद्यालयमा साथी भेट्न पुगेका थिए । पछि पक्राउ परिने डरले उनी आइतबार भने सिन्धुपाल्चोक हिँडेका थिए । पछ् याउँदै गएको प्रहरीले उनलाई बाह्रबिसेस्थित घरबाट पक्राउ गरेको हो । उनीसँगै प्रहरीले हत्यामा प्रयोग भएको खुकुरी पनि बरामद गरेको छ ।

हत्यामा संलग्न पक्राउ परेका छन्



■ **एसएसपी सोमेन्द्रसिंह राठौर**, प्रमुख, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

घटनामा संलग्न सञ्जय भण्डारीले चारैजनाको हत्या गरेको स्वीकार गरेका छन् । विशाल राई नाम गरेका युवासँगको विवाद नै हत्याको कारण देखिएको छ । विशालको हत्या गर्दै त्यहाँ आएका अन्य तीनजनाको पनि रहस्य खुल्ने डरले हत्या गरेको सञ्जयले बताएका छन् ।

नेम्वाङका परिवारजनलाई राष्ट्रपतिको समवेदना सन्देश

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार संविधानसभाका अध्यक्ष तथा पूर्वसभामुख सुवास नेम्वाङको असामयिक निधनमा दुःख व्यक्त गर्दै परिवारजनलाई समवेदना सन्देश पठाएका छन् । राष्ट्रपति पौडेलले नेम्वाङको निधनले मुलुकले लोकतान्त्रिक गणतन्त्रलाई हृदयदेखि नै आत्मसात् गरेको एउटा असल नेता गुमाएको बताएका छन् । समवेदना सन्देशमा नेम्वाङको आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजन, गणतन्त्र पक्षधर, एमाले र शुभेच्छुकमा गहिरो समवेदना प्रकट गरिएको छ । राष्ट्रपति पौडेलको समवेदना सन्देश लिएर उनका छोरीहरू शर्मिला र अवज्ञा पौडेल, प्रेस सल्लाहकार किरण पोखरेल र राजनीतिक सल्लाहकार सुनील थापा नेम्वाङको घर पुगेका थिए ।

थप उपलब्धिका लागि आन्दोलन आवश्यक छ : उपेन्द्र यादव

जनकपुरधाम/ जसपा अध्यक्ष उपेन्द्र यादवले विगतका आन्दोलनमा प्राप्त भएका उपलब्धिको संरक्षण र बाँकी अधिकारका लागि आन्दोलन आवश्यक रहेको बताएका छन् । जसपाको मधेश प्रदेश समितिले आइतबार जनकपुरधाममा आयोजना गरेको संगठन विस्तार अभियानको उद्घाटन गर्दै यादवले यस्तो बताएका हुन् । मधेश विद्रोहबाट प्राप्त भएका उपलब्धिलाई संस्थागत गर्न तथा राज्यको हरेक निकायमा समावेशी पहुँचका लागि आन्दोलनको आवश्यकता रहेको भन्दै उनले त्यसका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिए । मधेशी जनतालाई खस पहाडी शासकले अझै विदेशीको नजरले हेर्ने गरेको जिकिर गर्दै उनले भने, 'संविधानमा समावेशी र समानुपातिको कुरा उल्लेख गरिए पनि व्यवहारमा देखिएको छैन । अझै पनि संवैधानिक निकाय, प्रहरी प्रशासनलगायत निकाय समावेशी छैन ।'

■ प्रस्तावित शिक्षा विधेयकमाथि बहस

संविधानविपरीत भए संशोधन हुने



काठमाडौं/ प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति र सदस्यहरूले विद्यालय शिक्षा विधेयक संविधानको मर्मविपरीत भए अघि नबढ्ने र संशोधन हुने बताएका छन् । सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २७ भदौमा संसद् सचिवालयमा दर्ता गराएसँगै स्थानीय तह, शिक्षक र सरोकारवालाले आपत्ति जनाइरहेका वेला सांसदहरूले विधेयकको मस्यौदा बनाउँदा संसद्को कुनै भूमिका नहुने, तर संविधानअनुरूप हुने गरी संशोधन गरेर मात्र पारित गर्न सकिने भएकाले सोहीअनुसार काम हुने प्रतिबद्धता जनाएका हुन् । खासगरी माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई रहे पनि सरकारले विधेयकमा जिल्ला शिक्षा कार्यालय ब्युँताउने प्रस्ताव गरेको छ भने शिक्षकको माग सम्बोधन नभएको भन्दै राष्ट्रिय शिक्षक महासंघले आन्दोलनको कार्यक्रम घोषणा गरिसकेको छ ।

सरोकारवालाले विधेयकमा आपत्ति जनाइरहेका वेला शिक्षा समितिका सभापति एवं सांसद भानुभक्त जोशीले विधेयक संविधानको मर्मभन्दा बाहिर जान नसक्ने बताए । 'समितिमा विधेयक आइसकेको छैन । त्यसपछि दफावार छलफल हुन्छ, माननीयज्यूहरूबाट संशोधन प्रस्ताव पनि आउला,' शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)ले आइतबार आयोजना गरेको छलफलमा जोशीले भने, 'यसबारे शिक्षाका विज्ञ र समितिका पूर्वसदस्यसँग सुझाव लिने काम भइरहेको छ । विधेयकमा भएका अनावश्यक व्यवस्था संशोधन गरेर जनताको पक्षमा बनाइन्छ ।'

अनावश्यक व्यवस्था संशोधन हुन्छ



■ **भानुभक्त जोशी**, सभापति, शिक्षा समिति

विधेयक संविधानको मर्मभन्दा बाहिर जान सक्दैन । यसबारे शिक्षाका विज्ञ र समितिका पूर्वसदस्यसँग सुझाव लिने काम भइरहेको छ । विधेयकमा भएका अनावश्यक व्यवस्था संशोधन गरेर जनताको पक्षमा बनाइन्छ ।

सांसदहरू ईश्वरी घर्ती, प्रतिमा गौतम, कुसुम थापाले संविधानले निःशुल्क शिक्षाको परिकल्पना गरेकाले विद्यालय शिक्षा विधेयक पनि सोही मर्मअनुसार अघि बढ्ने बताए । गाउँपालिका राष्ट्रिय महासंघका महासचिव खिमबहादुर थापाले संघीयता कार्यान्वयनका लागि एकीकृत शिक्षा विधेयक अगाडि बढाउनुपर्नेमा सरकारले छल गरेर विद्यालय शिक्षा विधेयक अगाडि बढाएको बताए । 'उच्च शिक्षा र प्रदेश विश्वविद्यालयका लागि एकीकृत शिक्षा विधेयक ल्याउनुपर्ने हो । तर, पालिकाका शिक्षा शाखाले गरिरहेको काम खोस्ने गरी सरकारले जिल्ला शिक्षा कार्यालय ब्युँताउन खोजेको छ,' उनले भने ।

एनसिईका अध्यक्ष राजेन्द्र पहाडीले संविधानको धारा ३१ मा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हक भनिएका वेला सरकारले शिक्षामा व्यापारीकरण हुने गरी विधेयक अगाडि बढाएको बताए ।

अपानिले चर्कायो असन्तुष्टि

एकीकृत समाजवादीले बिहीबारका लागि बोलायो सचिवालय बैठक

काठमाडौं / अन्तरपार्टी निर्देशन (अपानि)ले पार्टीभित्र हल्लीखल्ली मच्चाएपछि एकीकृत समाजवादीले सचिवालय बैठक बोलाएको छ। छलफलविनै अपानि जारी गरिएको भन्दै शीर्ष नेतृत्वबाटै आलोचना भएको छ भने तल्लो तहका नेता तथा कार्यकर्ताले पार्टी छाडेको र निष्क्रिय भएको घोषणा सामाजिक सञ्जालबाटै गर्न थालेपछि सचिवालय बैठक बोलाइएको छ।

आगामी बिहीबार बस्ने गरी सचिवालय बैठक बोलाइएको एकीकृत समाजवादीले जनाएको छ। गत ५ देखि ७ भदौमा बसेको केन्द्रीय कमिटी बैठकको निर्णय भन्दै गत बिहीबार अध्यक्ष माधवकुमार नेपालले अपानि जारी गरेका थिए। अपानिमार्फत नेताहरूको जिम्मेवारी हेरफेर र २१ जनालाई केन्द्रीय सदस्यमा मनोनित गरिएको थियो। केन्द्रीय परिषद सदस्य र विभागको सदस्यमा समेत मनोनीत गरिएको थियो। सम्मानित नेता झलनाथ खनालले अपानि आपत्तिजनक भन्दै सार्वजनिक रूपमै आलोचना गरेका छन्। उनले सल्लाहविनै जारी भएको अपानि फिर्ता लिन अध्यक्ष नेपाललाई चेतावनी नै दिएका छन्।

सचिव रामकुमारी झाँक्रीले प्रवास संयोजनको जिम्मा अस्वीकार गरेकी छिन्। यसअघि प्रदेश संयोजनको जिम्मेवारी पाएका श्रीप्रसाद साहले पनि जिम्मेवारी खुम्च्याएको भन्दै असन्तुष्टि जनाएका छन्। कृषिमन्त्री डा. बेदुराम भुसाललाई संगठन विभाग प्रमुख र भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालालाई संगठन विभाग उपप्रमुख बनाइएको छ। ज्वालाले कर्णाली प्रदेशको इन्चार्जको समेत जिम्मेवारी पाएका छन्। महासचिव घनश्याम भुसाललाई अनुगमनमा सीमित पारिएको छ। यसअघि महासचिव हुँदा पनि बेदुराम नै संगठन विभाग प्रमुख थिए।

पदाधिकारीको कार्यविभाजनमा समेत पक्षपात भएको भन्दै नेताहरू असन्तुष्ट

अध्यक्ष नेपालकै सचिवालयसमेत अपानिबारे सन्तुष्ट छैन। नेपालका स्वकीय सचिवसमेत रहेका केन्द्रीय सदस्य मोहन गौतमले अपानिमा उल्लेख भएका मनोनयन र जिम्मेवारी हेरफेरलाई लिएर भएको असन्तुष्टि, विरोध, विधि र मापदण्डप्रतिका कतिपय प्रश्न शतप्रतिशत सही रहेको बताएका छन्। केन्द्रीय सदस्य राजु गुरुङले कार्यविभाजनप्रति असन्तुष्टि जनाउँदै स्वतन्त्र रूपमा अगाडि बढ्ने घोषणा गरेका छन्। गण्डकी प्रदेशका सांसद दीपक मनाडेले पनि राष्ट्रिय परिषद् सदस्य अस्वीकार गरेका छन्। युवा संघका निवर्तमान महासचिव दीपक जिएमले ओली प्रवृत्ति स्वीकार्य नहुने चेतावनी दिएका छन्। अर्की नेतृ सावित्री मल्लले पनि दैलेख सहइन्चार्जको जिम्मेवारी अस्वीकार गरेकी छिन्। मापदण्डविना इन्चार्जबाट घटाएर सहइन्चार्ज बनाएको उनको गुनासो छ।

पूर्वविद्यार्थी नेता ओसिम आलमले पार्टीमा सक्रिय भइरहनुको औचित्य नभएको बताएका छन्। उनी अनेरास्ववियुको वरिष्ठ उपाध्यक्षबाट केही दिनअघि बिदा भएका थिए। महिला र युवाको प्रतिनिधित्व कम भएको भन्दै असन्तुष्टि चुलिएको छ।

■ एमालेलाई चीनको सन्देश

सम्बन्धको प्रमुख आधार राष्ट्रिय एकता र स्वाधीनता

● एमालेप्रति चीनको धारणा

जसरी एमाले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान पक्षमा उभिएको छ, हाम्रो सुदृढ सम्बन्धको प्रमुख आधार र जग यही हो। हामी यही चाहन्छौं। यसमा एमाले अध्यक्ष क. केपी शर्मा ओलीको विचार देशभक्तिपूर्ण पाएका छौं।



शुरोजंग पाण्डे / नयाँ पत्रिका

छिमेकी मुलुक चीनले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानका पक्षमा राख्ने अडानलाई एमालेसँगको सम्बन्धको प्रमुख आधार बनाउने सन्देश दिएको छ। चीन भ्रमणमा गएको महासचिव शंकर पोखरेल नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डललाई चीनले एमालेसँगको सम्बन्ध बलियो बनाउँदै नयाँ उचाइमा पुऱ्याउन चाहेको सन्देश दिएको हो। महासचिव पोखरेल पार्टी उपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङको निधनका कारण भ्रमण छोट्याएर २७ भदौमा स्वदेश फर्किएका थिए। पोखरेलबाहेक प्रतिनिधिमण्डलका सदस्य २९ भदौमा फर्किएका थिए।

'नेकपा (एमाले)ले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्न लिएको अडानको हामी प्रशंसक हौं। चीन सरकार र चिनियाँ कम्युनिस्ट पार्टी नेकपा (एमाले)लाई चीनको पक्षमा मात्रै उभिनुहोस् कहिल्यै भन्दैनौं, त्यो हाम्रो चाहना पनि होइन,' चीनले दिएको सन्देश उल्लेख गर्दै एमाले प्रतिनिधिमण्डलका तर्फबाट जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'तपाईंहरू आज जसरी नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान पक्षमा उभिनुभएको छ। हाम्रो सुदृढ सम्बन्धको प्रमुख आधार र जग यही हो। हामी यही चाहन्छौं। यसमा एमालेका अध्यक्ष क. केपी शर्मा ओलीको विचार देशभक्तिपूर्ण पाएका छौं।' चीनले राष्ट्रियताको सवालमा ओलीले राखेको विचारको प्रशंसा गरेको पनि विज्ञप्तिमा उल्लेख छ।

संगठन र विचारका हिसाबले एमाले सबैभन्दा व्यवस्थित पार्टीका रूपमा पाएकाले सम्बन्धलाई अझ नयाँ उचाइमा लैजान चाहेको विषयलाई चीनले खुला रूपमा प्रकट गरेको भ्रमण टोलीका सदस्य तथा केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताए। चिनियाँ पक्षले नेपालको समृद्धिमा लाओसलाई जस्तै सहयोग गर्ने चाहना व्यक्त गर्दै एमालेको नेतृत्वमा स्थायी र बलियो सरकारका लागि शुभेच्छा व्यक्त गरेको पनि विज्ञप्तिमा जनाइएको छ।

'नेपालजस्तै भूपरिवेष्टित लाओस आज समृद्धिको बाटोमा छ। लाओस समृद्धिमा चीनले 'कनेक्टिभिटी'मा गरेको सहयोग महत्त्वपूर्ण छ। हामी नेपाललाई पनि इमानदारपूर्ण सहयोग गर्न चाहन्छौं। त्यसका लागि स्थायी र बलियो सरकार जरुरी छ। यसमा नेकपा (एमाले) सफल रहोस्, हाम्रो शुभेच्छा छ,' विज्ञप्तिमा भनिएको छ। त्यस्तै, बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मार्फत नेपालले आफ्नो विकास र समृद्धिको यात्रामा लाभ लिन ढिला नगर्न सुझाव दिँदै चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले चीनले आफ्नो आधुनिकीकरणका क्रममा गरेका आर्जन गरेका अनुभव, ज्ञान, प्रविधि, जनशक्ति र सीपले नेपालको विकासमा धेरै ठूलो सहयोग हुने विश्वाससहित एमालेसँग गहिरो, सुदृढ र इमानदार सम्बन्ध चाहेको धारणा राखेका थिए।

● चीन सम्बन्धलाई नयाँ उचाइमा लैजान चाहन्छ

राजेन्द्र गौतम, केन्द्रीय प्रचार विभाग प्रमुख



संगठन र विचारका हिसाबले एमाले सबैभन्दा व्यवस्थित पार्टीका रूपमा पाएकाले चीनले एमालेसँगको सम्बन्धलाई अझ नयाँ उचाइमा लैजान चाहेको छ। चिनियाँ पक्षले नेपालको समृद्धिमा लाओसलाई जस्तै सहयोग गर्न चाहेको छ। एमालेको नेतृत्वमा स्थायी र बलियो सरकारका लागि शुभेच्छा पनि व्यक्त गरेको छ।

भ्रमणलाई चिनियाँ कम्युनिस्ट पार्टीले उच्च महत्त्व दिएको भ्रमण टोलीका सदस्य प्रेस चौतारी नेपालका उपाध्यक्ष राजेश राईले बताए। चीनले पर्यावरणीय हिसाबले विश्वको नमुना सहरका रूपमा विकास गरिरहेको छिङहाई प्रान्तको राजधानी सिनिङमा चिनियाँ कम्युनिस्ट पार्टीले आयोजना गरेको 'चिनियाँ आधुनिकीकरण : मानवता र प्रकृतिबीचको सद्भाव' विषयक ३० देशका प्रतिनिधि सहभागी अन्तर्राष्ट्रिय सेमिनारमा महासचिव पोखरेललाई प्रमुख वक्ता बनाएको थियो। त्यसक्रममा पोखरेलले विदेश विभाग प्रमुख लिउ जियनचाओलगायत राष्ट्रपति सी जिनपिङनिकट नेताहरूसँग अलग-अलग भेटवार्ता गरेका थिए।

स्थानीय सरकार
कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
वागमती प्रदेश, नेपाल

गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०६/०१

कैलाश गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्कने गरी प्रतिस्पर्धात्मक विधिबाट गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने भनी मिति २०८०/०५/२९ को गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएकोले गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गर्न ईच्छुक व्यक्ति तथा डिजाइनकर्ताहरुले तपसिलका शर्तहरुको पालना गर्दै सूचना प्रकाशित मितिले १५ दिनभित्र अर्थात सम्वत् २०८०/०६/१५ गते सम्म गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु:

१. प्रतिक चिन्हमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरु: गाउँपालिकाको नाम, नेपालको झण्डा, गाउँपालिकाको आदर्श वाक्य "स्वच्छ, शिक्षित एवं सम्वृद्ध कैलाश; कृषि, पर्यटन र पूर्वाधारको योजनाबद्ध विकास" अनिवार्य समावेश हुनु पर्दछ।
२. प्रतिक चिन्हमा गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्कने हुनुपर्दछ।
३. कुनै जातीय विभेद र सम्प्रदायलाई प्रशय हुने खालको साङ्केतीकरण भएको हुनुनहुने।
४. राष्ट्रको सार्वभौमिकता राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ।
५. प्रतिक चिन्हमा समावेश भएको प्रत्येक संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ।
६. पेश भएको प्रतिक चिन्हको डिजाइन उपर गाउँपालिकाले मूल्याङ्कन गर्दा केही सुझाव आएमा सो समेत समावेश गरी परिमार्जित डिजाइन स्वीकृत गर्न सक्नेछ।
७. प्रतिक चिन्हको डिजाइन स्वीकृत गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ र स्वीकृत प्रतिक चिन्हको सर्वाधिकार गाउँपालिकाको हुनेछ।
८. यस गाउँपालिकाबाट स्वीकृत भएको प्रतिक चिन्ह डिजाइनकर्ताले अन्यत्र प्रयोग गर्न पाउने छैन।
९. प्रतिक चिन्ह स्वीकृत भएको डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु. ४०,०००/- (अक्षरमा- चालिस हजार मात्र) र सम्मानपत्र प्रदान गरिनेछ।
१०. डिजाइनकर्ताले प्रस्तावित प्रतिक चिन्ह तोकिएको समयावधी भित्र इमेल मार्फत E-copy समेत पेश गर्न सक्नेछ।
११. प्रतिक चिन्ह कम्तिमा ३०० dpi Resolution भएको JPEG Format मा हुनुपर्नेछ।
१२. प्रतिक चिन्ह पेश गर्दा डिजाइनकर्ताले अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, अनुभव तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
१३. प्रतिक चिन्ह डिजाइन गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८० असोज १ गते सोमबार)

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/८१** मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट संचालन हुने **गहुँको** उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई गहुँको उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेवसाइट मार्फत् वा www.sqcc.gov.np मा गई कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System- DESES) मा गई देहाय बमोजिमका शर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी अनलाइन रजिष्ट्रेसन भई (यस अघि रजिष्ट्रेसन भएकाले पुन: रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** सम्भागमा **गहुँको उन्नत बीउ आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट गहुँको उन्नत बीउको माग संकलन गरी सङ्घीय शसर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने गहुँको उन्नत बीउको वास्तविक परीमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** सम्भागमा गई **माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

शर्त/बन्देज तथा समय सिमा

१. उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ:

क्र स	कार्यक्रम	जात	उन्नत बीउको मूल्य (रु प्रति के.जी.)	उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी)	उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.)
१	उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान तथा उन्नत बीउ विजन प्रयोगमा मूल्य अनुदान	विजय, गौतम, वाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्गल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत।	७०	१२	यस तालिकामा उल्लेखित मूल्य (रु ७० प्रति के.जी.) मा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०%

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।
३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्य (रु ७० प्रति केजी) मा बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै शर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, ब्यागिङ्ग तथा लेवलिङ्ग भएको गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।
४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।
५. **रजिष्ट्रेसन/लग इन प्रारम्भ मिति: २०८० असोज १ गते सोमबार**
६. **रजिष्ट्रेसन/लग इन समाप्त हुने मिति: २०८० आश्विन १५ गते सोमबार**
७. **सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०८० आश्विन २६ गते शुक्रबार सम्म**
८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** हेर्न सकिनेछ।

थप जानकारीको लागि : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४५१२५०९०, ९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४३७४३९५७ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०६/०१

यस गाउँपालिकाको निम्नानुसार खानेपानी योजना निर्माण कार्य यस आ.व. २०८०/०८१ मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य, मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहूने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र, आ.व.०७९/०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्धारा बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. खरिद भएका बोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेसम्म e-bidding को माध्यमद्धारा पेश गर्न सकिनेछ र सोहि दिन १२.१५ बजे ठेक्का खोलिने छ।
३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको धरौटी खाता नं.१०५०१००३०३०००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्यता प्राप्त बैंकबाट बैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ। मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ।
६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि नियमानुसार हुने रकम बरावरको नगद, बैंक भौचर वा सो बरावरको कम्तीमा योजना सम्पन्न भएको मितिबाट १३ महिना थप समयावधि सम्म मान्य हुने बैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ।
७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
८. बोलपत्रमा आवश्यक कुनै संशोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनुको साथै गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ।
९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।
१०. सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ। संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।
१२. बोलपत्र खोल्ने दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खोलिनेछ।
१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ।
१४. बोलपत्र दाताहरुले e-bidding (PPMO को web site: http:/bolpatra.gov.np) को माध्यमबाट मात्र यस प्रक्रियामा भाग लिन सकिने छ।

कामको विवरण

सि. न.	ठेक्का नं.	कामको विवरण	ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक)	धरौटी रकम रु.	बोलपत्र फाराम दस्तुर रु.
१.	GRM/W/NCB-06/080/081	सानो बाङ्गे ठुलो बाङ्गे खानेपानी आयोजना	८६,१९,३३८.९५	२,८०,०००।००	३०००।०

प्रमुख प्रशासकीय अधिकृत

'हात्तीछाप' माघ २६ मा

सिमोस सुनुवार निर्देशित फिल्म 'हात्तीछाप' माघ २६ गतेदेखि प्रदर्शनमा आउने भएको छ। फिल्ममा सौगात मल्ल, दयाहाङ राई, उपासनासिंह ठकुरी, बेनिशा हमाल, विजय बराल, बुद्धि तामाङ, राजन खतिवडा, पुष्कर गुरुङ, प्रकाश घिमिरे, स्वस्तिका खड्का, अनिता गिरीलगायत कलाकारको अभिनय छ। फिल्मको कथा प्रदीप भारद्वाजले लेखेका हुन्।





'मायावी'मा करिश्मा श्रेष्ठ

दिवाकर भट्टराईको निर्देशनमा बन्न लागेको फिल्म 'मायावी'मा अभिनेत्री करिश्मा श्रेष्ठ अनुबन्धित भएकी छिन्। फिल्म 'एउटा साथी'बाट नेपाली रजतपटमा डेब्यु गरेकी करिश्माले 'लभ सब' र 'बाबु कान्छा'मा अभिनय गरिसकेकी छिन्। फिल्ममा दीपिका प्रसाईं, सुशील सिटौलालगायत अनुबन्धित भइसकेका छन्। फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको डिओपी रहनेछ।

तिजको व्रत बस्दा ख्याल राखौं



डा. रोशन झा
जनरल फिजिसियन
सशस्त्र प्रहरी अस्पताल



हरितालिका तिज पर्व आज महादेवको पूजा आराधना गरी मनाइँदै छ। व्रत बसी शिव-पार्वतीको पूजा, उपासना गरेमा पारिवारिक सुख, शान्ति र कल्याण प्राप्ति हुने धार्मिक विश्वासका साथ यो पर्व मनाइन्छ। यस पर्वमा धेरै महिला व्रत बस्छन्। तर, व्रत बस्दा केही कुराको ख्याल गर्न जरुरी छ।

यसरी व्रत बस्न सकिन्छ

स्वस्थ मानिसले अर्धव्रत अर्थात् एक छाक खाएर व्रत बस्न सकिन्छ। पूरै दिन व्रत बस्नु छ भने दूध, फलफूल र पानी प्रशस्तै पिउनुपर्छ। धर्म-संस्कृतिले पनि व्रतमा यी खाद्यान्न खानमा रोक लगाएको छैन। आफूलाई कुनै दीर्घरोग छैन भने व्रत बस्दा हुन्छ। तर, पानी नखाई कसैले पनि व्रत बस्नुहुँदैन।

कसले नलिने व्रत ?

मुटु, मिर्गौलालगायत दीर्घरोगको औषधि खाएका बिरामीले पनि व्रत बस्नु उपयुक्त हुँदैन। रगतको कमी भएका वा रगतसम्बन्धी समस्या देखिएका महिला तथा भर्खरै अपरेसन गरेकाहरूले पनि व्रत बस्नुहुँदैन। त्यसैगरी, गर्भवती र सुत्केरीले पनि व्रत बस्नुहुँदैन। सुत्केरीलाई क्यालोरीको आवश्यकता पर्छ। आफू मात्र नभई बच्चाका लागि पनि फिडिङ गर्नुपर्ने हुन्छ। त्यसैले सुत्केरीले पनि व्रत बस्नु उचित हुँदैन।

मधुमेह : मधुमेहको औषधि लिइरहेकाले व्रत बस्नु उचित हुँदैन। केही नखाँदा उनीहरू ढल्ने जोखिम हुन्छ। सुगर लो भयो भने पसिना आउने, मुटु धड्किने, आँखा धमिलो हुन सक्छ। त्यसैले व्रत बस्नुहुँदैन।

उच्च रक्तचाप : उच्च रक्तचापको औषधि सेवन गरिरहेका महिलाले पनि केही नखाई व्रत बस्नुहुँदैन। निराहार व्रत बस्दा रिँगटा लाग्न सक्छ। रक्तचाप तल-माथि हुन सक्छ भने शरीरमा अक्सिजनको मात्रा पनि कम हुने सम्भावना हुन्छ।

यसैगरी, जसको रक्तचाप पहिल्यै लो छ, उनीहरूले केही पनि नखाई व्रत बस्दा शरीरमा नुनको मात्रा र जलवियोजन भएर अझै प्रेसर लो भएर ढल्ने सम्भावना हुन्छ। व्रत बसेर बढी नाच्ने, गाउने गर्दा नुनको मात्रा घट्ने हुँदा शरीरमा ब्लडप्रेसर घट्छ। यस्ता व्यक्तिले पनि व्रत बस्नु उचित हुँदैन। यस्तोमा कमजोरी महसुस भई रिँगटा लागेर बेहोससमेत हुन सकिन्छ। व्रतका क्रममा पानी, जुस, चिया, कफी एवं झोल खानेकुरा सेवन गर्न आवश्यक हुन्छ।

ग्यास्ट्राइटिस :ग्यास्ट्राइटिसको समस्या भएकाले व्रत बस्दा समस्या उत्पन्न हुन सक्छ। खाना तीनदेखि चार घन्टामा पेटबाट सानो आन्द्रामा गएर पेट खाली हुन्छ। त्यसकारण यस्तो अवस्थामा निराहार व्रत बस्नु उचित हुँदैन। पेट खाली नराखी समय-समयमा चोखोनितो केही खाएर व्रत बस्नुपर्ने हुन्छ।

थाइराइड : थाइराइड भएका महिलाले व्रत बस्दा पर्याप्त मात्रामा पानी पिउनुपर्छ। थाइराडका बिरामीले पनि निराहार व्रत लिनुहुँदैन। किनभने, अधिल्लो दिन खाएको खानाले भोलिपल्टसम्म पुग्दैन। यस्ता बिरामीले पनि तीन-तीन घन्टाको अन्तरालमा फलफूल, जुस एवं पानी सेवन गरिरहनुपर्ने हुन्छ।

क्यान्सर : क्यान्सरका बिरामीले नियमित औषधि सेवन गर्नुपर्ने हुन्छ। औषधिले रोगप्रतिरोधक क्षमता कम गरिरहेको हुन्छ। त्यसैले क्यान्सरका बिरामीलाई पौष्टिक आहारको जरुरी हुन्छ। खाना नखाँदा स्वास्थ्यमा नकारात्मक असर पुग्न सक्छ। त्यसैले क्यान्सरका बिरामीले व्रत बस्नुहुँदैन।

बालबालिकामा अल्छीपन कम गर्न के गर्ने ?



डा. विजय ज्ञवाली
मनोविज्ञ तथा साइकोथेरापिस्ट
अमोहा क्लिनिक



● अभिभावकले बालबालिकालाई उपदेश दिने मात्र होइन कि आफूलाई उदाहरणको रूपमा प्रस्तुत गर्नुपर्छ। बालबालिकालाई निर्देशन मात्र दिएर उनीहरूको अल्छीपन कम गर्न सकिँदैन।

● अभिभावकले बालबालिकाप्रति आशा र अपेक्षा राख्नु नराम्रो होइन। तर, हामीले राख्ने आशा र अपेक्षा सन्तुलित र प्रस्ट हुनुपर्छ। हाम्रा आशा पूरा हुँदा उनीहरूलाई प्रशंसा गर्नुपर्छ, आशा पूरा नहुँदा पनि उनीहरूलाई सुधारका निम्ति प्रेरित गर्नुपर्छ। यसले उनीहरूको आत्मविश्वास बढेर जान्छ। आत्मविश्वास अल्छीपनका लागि ठूलो उपचार हो।

● केटाकेटीलाई हामीले घरेलु काममा पनि सहभागी गराउने गर्नुपर्छ। घरको भान्साको काम, करेसाबारी, सरसफाइजस्ता कार्यमा उनीहरूलाई सहभागी गराउनुपर्छ। यसले उनीहरूको सहभागितामूलक सीप बढेर जान्छ। यो सिकाइलाई अभिप्रेरित गर्ने राम्रो माध्यम पनि हो। यसले उनीहरूको जीवनलाई हेर्ने शैली पनि परिष्कृत हुन्छ।

● हिजोआज मोबाइल, टिभीमा भिडियो गेम तथा स्क्रिनको बढी प्रयोगका कारण बालबालिकाको घरबाहिरको क्रियाकलाप घटेको छ। जसकारण उनीहरूको इच्छाशक्तिमा ह्रास आउँदै छ र अल्छीपन बढेको छ। हामीले सधैं उनीहरूलाई पाठ्यपुस्तक तथा स्कुलबाहिरका गतिविधिमा पनि सहभागी गराउनुपर्छ। घरबाहिरका क्रियाकलाप तथा सामाजिक कार्यमा सहभागी गराउनुपर्छ। बालबालिकाको मनोसामाजिक स्वास्थ्यका लागि पनि यो जरुरी छ।

● बालबालिकाको अल्छीपनको कारण उनीहरूको खानपान र जीवनशैली पनि हो। यसले मोटोपनलगायतका विभिन्न समस्या निम्त्याउँछ। उनीहरूको शारीरिक तथा मानसिक विकासका लागि पर्याप्त निद्रा पनि आवश्यक छ। बढ्ने उमेरका बालबालिकाले पर्याप्त सुत्नुपर्छ। निद्रा नपुग्दा पनि केटाकेटी अल्छी हुन्छन्। त्यसैले सन्तुलित भोजन र निद्राको महत्त्व बुझाउनुपर्छ।

आँखाको मेकअप यसरी

यदि तपाईंको आँखा निकै सानो छ भने तपाईंले केही टिप्स अपनाएर आफ्नो आँखालाई ठूलो र सुन्दर देखाउन सक्नुहुन्छ। राम्ररी मेकअप गरेर तपाईंले छोटो समयमै आँखालाई सुन्दर देखाउन सक्नुहुन्छ।

सानो आँखा हुनेले मेकअप गर्दा विशेष ध्यान दिनुपर्छ। मेकअप गर्दा सेतो कलरको आई पेन्सिल प्रयोग गर्नु राम्रो हुन्छ। यसले तपाईंको आँखालाई ठूलो देखाउँछ।

तपाईंले आइलाइनर निकै पातलो लगाउनुपर्छ, यस्तो गर्दा आँखा ठूलो र सुन्दर देखिन्छ। यसपछि मस्कारा लगाउनुस्। यसले पनि तपाईंको आँखालाई ठूलो र सुन्दर देखाउँछ।

तपाईंले लाइट आइस्याडो कलर अप्लाई गर्नुपर्छ। जसकारण, आई मेकअप सफ्ट र सुन्दर हुन्छ। सानो आँखाका लागि ग्रे, ब्राउनलगायत सेडका आइस्याडो प्रयोग गर्नु राम्रो हुन्छ।

मानिसको ध्यान आफ्नो आँखामा नजाओस् भन्ने चाहनुहुन्छ भने ब्राइट कलरको लिपस्टिक लगाएर ओठको मेकअपलाई हाइलाइट गर्न सक्नुहुन्छ। यस्तो गर्दा सबैको ध्यान तपाईंको ओठको मेकअपमा जान्छ र आँखा हाइलाइट हुँदैन।

कारमा लङ ड्राइभ जानुअघि...



सुमन केसी
निर्देशक
सुमन ड्राइभिङ सेन्टर



● आफ्नै कारमा लङ ड्राइभमा जाने रहर कसको पो नहोला र। तर, यसरी लामो यात्रा गर्दा कारको कन्डिसनलगायत कुरामा ध्यान पुऱ्याउन आवश्यक छ। ताकि, तपाईंको यात्रा सफल होस्।

● कारधनीले पांग्रामा प्रयोग भएको टायरको आयु र कार्यक्षमताबारे राम्ररी जानकारी राख्नुपर्छ।

● कारको एयर कन्डिसनरको अवस्थाबारे राम्ररी जान्नुपर्छ र आवश्यक परेका वेला सही ढंगले उपयोग गर्न सक्ने स्थितिमा राख्नुपर्छ।

● इन्जिनको कुलेन्टको परीक्षण गर्नुपर्छ। जसले इन्जिनलाई अनावश्यक तात्नबाट रोक्छ। सामान्यतया कुलेन्ट र पानीको मिश्रण ५०-५० प्रतिशत हुनुपर्छ।

● जाडोको तुलनामा गर्मीमा ब्याट्रीको प्रयोग कठिन हुने गरेको विभिन्न सर्वेक्षणले देखाएको छ। त्यसैले पाँच वर्षभन्दा पुराना ब्याट्री लामो दूरीमा प्रयोग गर्दा समस्या देखिन सक्छ।

● कारभित्र सोझै सूर्यको किरण प्रवेश गर्न दिनुहुँदैन। साथै, आपत्कालीन टुल्स बक्स छुटाउनुहुँदैन।

● सकभर आवश्यकभन्दा धेरै तेल हालेको राम्रो हो। बाटोमा तेल सकिएमा वा अझ नपाइने स्थानमा यस्तो भएमा समस्या पर्न सक्छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : ठिमी, भक्तपुर
फोन: ०१- ५०९३४९४/९५

शाखा कार्यालय: पाटन, ललितपुर
फोन: ०१-५५५४१७०

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी पुन: १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/०१ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : ठिमी, भक्तपुर

ऋणीको विवरण

इश्वरी बहादुर थापा मगरको नाति, कृष्ण बहादुर थापा मगरको छोरा, ओखलढुङ्गा जिल्ला, चम्पादेवी गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३२ बस्ने **शेर बहादुर मगर (ना.प्र.प.नं. ८/६१४/९८८८/९८०, ओखलढुङ्गा)**

व्यक्तिगत जमानतकर्ताको विवरण

कृष्ण बहादुर थापा मगरको बुहारी, शेर बहादुर मगरको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, स्थित स्थायी ठेगाना भएको **संगिता कार्की (ना.प्र.प.नं. २८-०१-०६५-००७०७, काठमाण्डौ)**

धितोमा रहको सम्पत्तिको विवरण

शेर बहादुर मगरको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं. १२ स्थित कित्ता नं. ४५ को क्षेत्रफल १२५.४५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिज लगापात समेत ।

शाखा कार्यालय: पाटन, ललितपुर

ऋणीको विवरण

नन्दलाल शर्माको नातिनी, प्रेम प्रसाद शर्माको छोरी, बाग्लुङ जिल्ला, अमलाचौर गा.वि.स. वडा नं. ७, स्थित स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, सैंवु गा.वि.स./न.पा. वडा नं. ८, भैंसेपाटी बस्ने **स्वोश्वरी शर्मा (ना.प्र.प.नं. १००८८/१६२१, बाग्लुङ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

विज्ञान कुमार भट्टको नाति, कोमल प्रसाद भट्टको छोरा, गोरखा जिल्ला, बुङकोट गा.वि.स. वडा नं. ३, स्थित स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, सैंवु गा.वि.स./न.पा. वडा नं. ८, भैंसेपाटी बस्ने **अर्जुन भट्ट (ना.प्र.प.नं. २२३८७, गोरखा)**

धितोमा रहेको सम्पत्तिको विवरण

स्वोश्वरी शर्माको नाममा मालपोत कार्यालय ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, साबिक सैंवु गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं. ८/गा) स्थित कित्ता नं. ९४१ र १२८३ को क्रमश: क्षेत्रफल ०-५-३-० र ०-१-१-० (रोपनी) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिजलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०६/०१ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्खरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. खुद्राखुद्रै धितोको लागि खुद्राखुद्रै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/१५ गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्खरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/१६ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्खरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोस्खरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्राखुद्रै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोस्खरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Manahari Rural Municipality
Office of Rural Municipal Executive
Rajaiya, Makwanpur
Bagmati Province, Nepal

Invitation for Bids

First Date of Publication: 2080/06/01

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites *electronic bids* for the following works under National Competitive Biddings (NCB).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Inclusive 13% VAT & PS) NRs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs.) (Nonrefundable)
1.	WS/NCB/ MAN-03/080-081	Mathillo Masine Water Supply at Ward -4, Manahari	68,48,563.88	1,75,000.00	3,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

CHIEF ADMINISTRATIVE OFFICER

शिक्षा, शिक्षक र राजनीति

शिक्षकलाई राजनीतिक दलसँग आबद्ध संगठनको सदस्यता लिनबाट निषेध गर्नु वर्तमान संविधानको मर्म तथा लोकतान्त्रिक उद्देश्यसँग मेल खाँदैन



● रोशन जनकपुरी

अग्रलेख

गत बुधबार संसद्मा 'शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' दर्ता भएर प्रक्रियामा छ। सो विधेयकको उद्देश्य र कारणमा 'मुलुकको समग्र विकासका लागि नैतिक मूल्य र मान्यतासहितको सबल र सक्षम जनशक्ति विकास गर्न आवश्यक भएको..., नेपालको शासकीय मूल संरचनाअनुकूल हुने गरी...' भनिएको छ। विद्यालयस्तरीय शैक्षिक क्षेत्रलाई सकारात्मक नियमन र व्यवस्थापनका दृष्टिले प्रस्तुत विधेयकका कैयौँ प्रस्तावित विषय राम्रा छन्। तर, केही प्रस्ताव वर्तमान राजनीतिक परिवर्तनको उद्देश्यसँग अन्तर्विरोधी पनि छन्। वर्तमान राजनीतिक परिवर्तन र यसबाट विकसित संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानले वर्तमान राज्यव्यवस्थाको ढाँचा संघीय, चरित्र लोकतन्त्र र लक्ष्य समाजवाद घोषित गरेको छ। यस्तोमा राज्यको सम्पूर्ण नीति र विधि राज्यव्यवस्थाको ढाँचा, चरित्र र लक्ष्यसँग मेल खानुपर्छ। यसले नै वर्तमान राज्यव्यवस्थाको 'शासकीय मूल संरचना' कसको पक्षमा हो ? भन्ने प्रतिबिम्बन गर्ने हो।

अहिले संसद्मा प्रस्तावित शिक्षा विधेयकको एउटा प्रस्तावमा सार्वजनिक विद्यालयका शिक्षकले राजनीतिक दल वा दलसँग आबद्ध संगठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, ... वा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुनबाट रोक लगाइएको छ। निजी क्षेत्रका विद्यालयमा राजनीतिक दलसँग आबद्ध शैक्षिक संगठन नगण्यप्रायः छन्। राजनीतिक विचारबाट प्रेरित शिक्षक संगठन प्रायः सार्वजनिक क्षेत्रको विद्यालयमै बढी छन्। विगतका राजनीतिक परिवर्तनमा सहयोगी भूमिका खेल्ने शिक्षक सार्वजनिक क्षेत्रको राजनीतिक विचारबाट प्रेरित शिक्षक संगठनबाटै थिए। यस्तोमा यो विधेयकको प्रस्ताव यथास्थितिमा पारित भयो भने सबैभन्दा बढी प्रभावित सार्वजनिक क्षेत्रका शिक्षक नै हुनेछन्। वर्तमान संविधानले अन्य समुदायजस्तै राज्यका सबै पेसागत समुदायलाई पनि आआफ्नो पेसागत अधिकारका निम्ति संगठित हुने अधिकार दिएको छ। यी संगठन यसै उद्देश्यसाथ खोलिएका पनि हुन्। राजनीतिक चेतना व्यक्तिको नैसर्गिक स्वभाव हो, त्यसैले पेसागत समुदायका मानिस आआफ्नो राजनीतिक चेतनाअनुकूल फरक-फरक रूपमा संगठित भएका हुन्छन्। हुन पनि व्यक्तिलाई अराजनीतिक अर्थात् राजनीतिक चेतनाशून्य बनाउन सकिँदैन। बरु यस्तो चिन्तनले निजी क्षेत्रका विद्यालय व्यवसायीलाई मद्दत गर्छ, जहाँ न्यून पारिश्रमिकमा शिक्षकलाई खटाइन्छ, खुलेआम श्रमशोषण गरिन्छ र शिक्षकलाई पूर्ण अराजनीतिक र असंगठित रहने विविध दबाब सिर्जना गरिन्छ।

नेपालको संविधानमा सामाजिक विकासको लक्ष्य समाजवाद भनिएको छ। यसका निम्ति राज्यको शासकीय अभ्यासको लक्ष्य 'व्यक्तिहित'भन्दा पनि 'सामाजिक वा सामूहिक हित' प्राथमिक हुनुपर्छ। यस दृष्टिले शिक्षकलाई राजनीतिक दलसँग आबद्ध संगठनको सदस्यता लिनबाट निषेध गर्नु वर्तमान संविधानको मर्म तथा लोकतान्त्रिक उद्देश्यसँग मेल खाँदैन। यसले नेपालको 'शासकीय मूल संरचना'लाई निजी क्षेत्रका निम्ति बढी लाभप्रद बनाउँछ। यस प्रस्तावित विधेयकमै निजी क्षेत्रका विद्यालयलाई पाँच वर्षभित्र शैक्षिक गुठीमा जानुपर्ने बाध्यकारी नियम निजी क्षेत्रका विद्यालय सञ्चालकको विरोधका कारण सरकारले हटाएर प्रस्तावित गरिएको छ। यसले पनि वर्तमान विधेयक सार्वजनिक क्षेत्रभन्दा निजी क्षेत्रका निम्ति बढी लचिलो छ भन्ने देखाउँछ।

राजनीतिक दलहरूको प्रभावको अनुचित प्रयोग गरेर शिक्षक संगठनहरूसँग आबद्ध शिक्षकले आफ्नो पेसागत (शैक्षिक) दायित्व पूरा नगर्ने, अनावश्यक दबाब सिर्जना गर्न विद्यालय बन्द, हड्ताल र प्रदर्शन गर्नेजस्ता शैक्षिक अराजकता सिर्जना गर्ने तथा यसैकारण सार्वजनिक विद्यालयमा शैक्षिक गुणस्तर अत्यन्त कमजोर हुँदै गएको स्थितिलाई भने कसैगरी इन्कार गर्न सकिँदैन। एउटा गरिब देशमा विकसित र सम्पन्न देशमा जस्ता सुविधा माग गरेर, यसैलाई निहुँ बनाएर आफ्नो दायित्व पूरा गर्नबाट पन्छिन खोज्नु तथा शैक्षिक प्रशासनले नियमन गर्न खोजे राजनीतिक पहुँचलाई सुरक्षा कवच बनाउन खोज्नु पनि अनुचित हो। देशको आर्थिक अवस्थालाई उपेक्षा गरेर आफ्नो मात्र हित देख्ने प्रवृत्ति पनि गैरजिम्मेवार र अराजनीतिक दृष्टिकोण हो। शैक्षिक क्षेत्रको यस गैरजिम्मेवारी तथा अराजक स्थितिका कारण कैयौँ प्रसिद्ध शिक्षाविद् शिक्षकहरू राजनीतिक दलसँग आबद्ध पेसागत संगठनको सदस्य हुन नपाउने प्रावधानको समर्थनमा देखिएका छन्। शिक्षकलाई पेसागत क्षेत्रमा दिइएको कार्यभार तथा दायित्व पूरा भए-नभएको अनुगमन गर्नु, पेसागत अनुशासन कायम गर्न कडाइपूर्वक दण्ड र पुरस्कारको व्यवस्था गर्नु, अर्को शब्दमा शिक्षकलाई पेसागत (शैक्षिक) रूपमा नियमन गर्न खोज्नु उचित हो। तर, यसै निहुँमा शिक्षकको संगठित हुने अधिकार खोस्नुलाई भने लोकतान्त्रिक



मान्न सकिँदैन। मानवीय मनोविज्ञान र लोकतान्त्रिक अधिकारको अभ्यासको अनुभवले विचार गर्दा यो बुझाइ यान्त्रिक मात्र हो। शिक्षक र सरकारी कर्मचारीलाई राजनीतिक दलसँग आबद्ध पेसागत संगठनबाट टाढा राखेर उनीहरूलाई राजनीतिक चेतनाबाट अलग्याउने प्रयत्न पञ्चायती निरंकुश राजतन्त्रकालमा कडाइपूर्वक गरिएको थियो। तर, त्यो सम्भव भएन। खुला रूपमा निषेध गरिएपछि शिक्षक तथा अन्य पेसागत समुदायले गोप्य रूपमै भए पनि आखिर पेसागत संगठन, त्यस निरंकुशताबीच पनि खोलेकै थिए। त्यस्तो निरंकुशताबीच त सम्भव भएन भने अहिलेको लोकतान्त्रिक माहोलमा यो सम्भव हुने देखिँदैन र राजनीतिक रूपले यसलाई उचित पनि भन्न सकिँदैन।

> शिक्षकलाई पेसागत क्षेत्रमा दिइएको कार्यभार तथा दायित्व पूरा भए-नभएको अनुगमन गर्नु, पेसागत अनुशासन कायम गर्न कडाइपूर्वक दण्ड र पुरस्कारको व्यवस्था गरी पेसागत रूपमा नियमन गर्न खोज्नु उचित भए पनि यही निहुँमा उसको संगठित हुने अधिकार खोस्नुलाई भने लोकतान्त्रिक मान्न सकिँदैन

अर्को महत्त्वपूर्ण प्रश्न, के शैक्षिक क्षेत्रमा देखिएको गैरजिम्मेवारी र अराजकताका कारण शिक्षकहरू राजनीतिक संगठनसँग आबद्ध हुनु मात्र हो ? वा, यसका अन्य कारण पनि छन्। कारण शिक्षकको राजनीतिक संगठनको सदस्य हुनु होइन, बरु राज्य व्यवस्थामा फैलिएको राजनीतिक अस्थिरता, नातावाद, कृपावाद, दलाल तथा नोकरशाही प्रवृत्ति र भ्रष्टाचार हो, जसले शिक्षा क्षेत्रमा गलत प्रवृत्तिलाई प्रोत्साहित गर्ने गर्छ। यो गलत प्रवृत्ति कतिसम्म गहिरो छ भने समाजवादको वकालत गर्ने सत्ताधारी (सरकार र प्रतिपक्षी दल) मन्त्री र नेताले समेत निजी विद्यालय सञ्चालन गरिरहेका छन्। शिक्षकहरू असंगठित हुनुको अर्थ शैक्षिक क्षेत्रमा श्रमशोषण गर्ने सहज अवसर सिर्जना हुनु पनि हो र यो उनीहरूका निम्ति पनि लाभदायी हुनेछ भन्ने बुझाइ पनि अस्वाभाविक हुँदैन। यसकारण संसद्मा प्रस्तावित शैक्षिक विधेयकमा केही प्रस्ताव राम्रा र सकारात्मक भए पनि शिक्षकलाई असंगठित बनाउने प्रस्तावले राज्यव्यवस्थाको समग्र चिन्तनविधि पुरानो सत्ता चिन्तनको निरन्तरतामै चलिरहेको देखिन्छ।

प्रश्न छ, हामी संघीय लोकतान्त्रिक गणतन्त्रअनुकूलको सचेत 'नागरिक' उत्पादन गर्न चाहन्छौँ कि 'उपभोक्ता' उत्पादन गर्न चाहन्छौँ ? देशको समग्र राजनीतिक अभ्यासमा दलाल पुँजीवाद र नोकरशाही वर्गको पकडले नागरिकको ठाउँमा उपभोक्ता उत्पादन गरिरहेको हाम्रो कटु यथार्थ हो। यसबारे तत्कालै सोच्न सकिएन भने हाम्रो सम्पूर्ण अर्थराजनीतिक र सामाजिक अभ्यास नवसाम्राज्यवादी उपभोक्तावादी बजारका निम्ति 'उपभोक्ता' उत्पादन गर्ने एजेन्ट र उपकरणमा परिणत हुनेछ। समाजवाद तथा बजार एक-आपसमा अन्तर्विरोधी दुई भिन्न धारणा हुन्। समाजवादलाई सचेत जनवर्ग चाहिन्छ। 'उपभोक्ता'लाई 'अन्य'(जनवर्ग) सँग सरोकार हुँदैन र उसले आफ्ना बारेमा मात्र सोच्छ। यसले आफू अर्थात् वैयक्तिक स्वार्थलाई नै सामाजिक भन्छ। यसविपरीत जनवर्ग (जनसमुदाय, नागरिक) का निजी वा वैयक्तिक होइन, सामाजिक स्वार्थ हुन्छ र उसले आफूभन्दा बढी 'अन्य'सँग सरोकार राख्छ। समाजवाद र लोकतन्त्रको विकासका निम्ति उपभोक्ता होइन, जनवर्ग र सचेत नागरिक आवश्यक हुन्छ। यसकारण वर्तमान संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान र समाजवादप्रति लक्षित शैक्षिक नीति र चरित्रप्रति इमानदारीपूर्वक विचार गर्ने हो भने शिक्षा, शिक्षक र राजनीतिबारे वस्तुवादी भएर विचार गर्नु आवश्यक छ।

निश्चय नै विद्यालयहरू सक्रिय राजनीतिको अखडा बन्नु हुँदैन। तर, यी विद्यालयले वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र तथा समाजवादी लक्ष्यअनुरूप सचेत नागरिक निर्माणको प्राथमिक आधार तयार गरून् भन्ने सदिच्छासँग कुनै पनि समाजवादी र लोकतान्त्रिक चाहना राख्नेको विरोध हुन सक्दैन। बजार तथा पुरानो शासन अर्थात् प्रतिगामी शक्तिहरूले मात्र यसको विरोध गर्छन्।

गणतन्त्र स्थापनाको सोह्र वर्षको समीक्षा गर्ने हो भने हाम्रो लोकतान्त्रिक (जनवादी) र समाजवादी बोधका आधार कमजोर भएका छन्। हाम्रो शिक्षानीतिले यस्तो 'उपभोक्ता' उत्पादन गरिरहेको छ, जसले 'अराजनीति' (धर्म, बजार र पुरातन संस्कृतिको अधिकार) लाई नै 'राजनीति' भनिरहेको छ, र संविधानसम्मत धर्मनिरपेक्षता, गणतान्त्रिक, समाजवाद, मानवाधिकारबारे आधुनिक वर्गचेतना तथा जनवर्गको अधिकारका निम्ति संघर्ष चेतनालाई 'अराजनीति' भनिरहेको छ। संसद्मा राजनीतिक दलबीचको सत्ताको छिनाझप्टी र अनैतिक लेनदेनले उत्पन्न राजनीतिक अस्थिरता र अन्योलका कारण संविधानविरोधी गैरलोकतान्त्रिक, गैरसमाजवादी र धर्मनिरपेक्षताविरोधी शक्तिले टाउको उठाउन थालेका छन्। सत्ताधारी राजनीतिक दलबीचको विसंगति र चरित्रगत कमजोरीको फाइदा उठाउँदै यिनले पुरानो प्रतिगामिताको पक्षमा गरेको कुप्रचारको प्रभाव शिक्षा क्षेत्रमा पनि परिरहेको छ। यस्तोमा समाजका अन्य क्षेत्रजस्तै शिक्षा क्षेत्रमा पनि समाजवादी र लोकतान्त्रिकीकरणको प्रक्रिया सुरु गर्नु आवश्यक छ।

यस दृष्टिले हेर्दा शिक्षकलाई अराजनीतिक बनाउनुभन्दा पनि कस्तो राजनीतिका निम्ति तयार गर्ने भन्ने प्रश्नको महत्त्व छ। निश्चित रूपमा देशमा भएका राजनीतिक परिवर्तनका जनचाहना तथा संविधानले तय गरेका लक्ष्यबमोजिम समाजवाद र लोकतन्त्रको चेतनाले लेस सचेत नागरिक उत्पादनको राजनीतिलाई प्रश्रय दिनुपर्छ। तर, यसका निम्ति गणतन्त्रवादी र धर्मनिरपेक्ष समाजवादीहरू राजनीतिक रूपमा सचेत र इमानदार हुनु जरुरी छ। समग्रमा शिक्षकलाई अराजनीतिक होइन, देश, समाज र समाजवादी लक्ष्यप्रति राजनीतिसचेत बनाउनु उचित हुन्छ। यो सचेत राजनीतिक दृष्टिकोण शिक्षक मात्र होइन, समाजका अन्य क्षेत्रका निम्ति पनि उत्तिकै आवश्यक छ।

३ प्रश्न

नीति अनुसन्धान प्रतिष्ठानका पूर्वअध्यक्ष **डा. गणेश गुरुङ**लाई



नीति अनुसन्धान प्रतिष्ठान सरकारका लागि कति महत्त्वपूर्ण संस्था हो ?

यो राज्यका लागि निकै महत्त्वपूर्ण संस्था हो। राज्यका मन्त्रालय या विभागले जुन नीति बनाउँछन् त्यसको कुनै आधार हुँदैन। शाखा अधिकृतले टिप्पणी उठाउँछन्, उपसचिव र सहसचिवले राय दिन्छन्, सचिवले मन्त्रीकहाँ लान्छन्। तर, राज्यले बनाउने नीति 'इन्ट्याक्टफुल' हुनुपर्छ। त्यसैले, सरोकारवाला पक्षसँग छलफल गरी राष्ट्रको तात्कालिकदेखि दीर्घकालीन हितका लागि आवश्यक नीति तयार गर्न नीति अनुसन्धान प्रतिष्ठान निकै महत्त्वपूर्ण संस्था हो।

यति महत्त्वपूर्ण संस्थालाई लामो समयसम्म किन नेतृत्वविहीन राखिएको होला ?

नीति अनुसन्धान प्रतिष्ठान सरकारको प्राथमिकतामा नपर्नु यसको मुख्य कारण हो। अर्कातिर संयुक्त सरकारमा रहेका हरेक दलले आआफ्ना नाम अघि सारेको अवस्था छ। जसले गर्दा ती नाममा सहमति हुन नसक्दा पनि यो संस्था नेतृत्वविहीन रहेको हो। मन्त्रालयहरूले पनि प्रतिष्ठानको डाह गर्ने र प्रधानमन्त्री कार्यालयले पनि नसुन्दिने अवस्था भएकाले पनि यस्तो समस्या आएको हो।

प्रतिष्ठानलाई थप प्रभावकारी बनाउन के गर्नुपर्ला ?

सरकारले यस संस्थाको औचित्य नै देखिरहेको छैन। उसले यस वर्षको बजेटमा यस संस्थालाई राष्ट्रिय योजना आयोगमा गाभ्ने बताइसकेको छ। मितव्ययिताका कारण यसो भनिएको भए पनि योजना आयोगले प्रतिष्ठानले जसरी नीति तयार गर्न सक्दैन। जबसम्म राज्यले प्रतिष्ठानले बनाउने नीतिलाई प्राथमिकतामा राख्न सक्दैन, तबसम्म प्रतिष्ठान प्रभावकारी हुन सक्दैन। यसका लागि सरकारले मात्र प्राथमिकता दिने नभई संस्थाको नेतृत्वले पनि सरकारलाई आकर्षित गर्न सक्नुपर्छ।

प्रेरक प्रसंग

सडक र फुटपाथको संवाद

एउटा फराकिलो सडकको छेउमा सानो फुटपाथ थियो। सडकले फुटपाथसित प्रश्न गऱ्यो- ए फुटपाथ भाइ ! यति फराकिलो म हुँदाहुँदै तिम्रो अस्तित्व बेकारजस्तो लाग्यो मलाई त। बेकार तिमी मेरो दायाँ-बायाँ गर्दै यताउता जाल बिछ्याइरहेजस्ता देखिन्छौ।

फुटपाथले नम्रतापूर्वक भन्यो- खै, मलाई त केही पनि थाहा भएन। तिमी हुँदाहुँदै पनि मानिसहरू मैमाथि किन हिँडिरहेका छन् ! मैले त बुझ्नै सकेको छैन। एकपछि अर्को, फेरि अर्को, अनि फेरि अर्को गर्दै मानिसहरू मैमाथि हिँडिरहे। त्यसैले, अनायासै मेरो जन्म भयो।



सडकले गर्वसाथ फेरि भन्यो- मलाई त मानिसले निकै कठोर मिहिनेतसाथ बनाएका हुन्। म त अनेकौँ सहर र गाउँलाई एक-आपसमा जोड्दै अघि बढ्ने गरेको छु। फुटपाथले आश्चर्यपूर्वक सोध्यो- साँच्चै ? म त यति सानो छु। मलाई त के थाहा र ? उनीहरूबीच संवाद हुँदै थियो। अचानक एक विशाल बस घरघराउँदै सडकमा रोकियो। अगाडि एउटा सुक्खा खोलामाथि ससानो पुल थियो। पुलको एक छेउमा बोर्ड लागेको थियो- सावधान ! पुल कमजोर छ ! बसमा खाँदाखाँद यात्रु थिए। यात्रु गाडीबाट ओर्लिए र फटाफट फुटपाथ हुँदै खोलापारि पुगे। फुटपाथ साँघुरो, साँघुरो हुँदै खोलाको छेउबाट अघि बढेर पुलपारि पुगेपछि पुनः सोही सडकसित जोडिन्थ्यो। यात्रु उत्रेपछि बस बिस्तारै पुलबाट पारि पुग्यो र पुनः यात्रुलाई बोकेर अघि बढ्यो।

यो सब हेरिरहेको सडकले एक गहिरो निःश्वास छोड्यो र भन्यो- ठिक छ फुटपाथ भाइ ! समय क्रममा हरेक सानोभन्दा सानो वस्तु पनि विशेष मूल्यवान् ठहरिन सक्छ भन्ने मैले बल्ल बुझेँ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शान्ति-सुरक्षामा ध्यान देऊ

राजधानीजस्तो व्यस्त सहरबीच एकै परिवारका तीनसहित चारजनाको सामूहिक हत्या भएको खबरले राजधानीको सुरक्षा व्यवस्थामाथि प्रश्न उठाइदिएको छ। यस घटनाले राजधानीको सुरक्षा व्यवस्थामा सरोकारवाला निकायले गम्भीर आत्मसमीक्षासहित पुनरावलोकन गर्नुपर्ने अवस्थाको संकेत गरेको छ। हो, यति ठूलो जनसंख्या बस्ने, घना बस्ती भएको राजधानीमा सीमित स्रोत-साधन र जनशक्ति भएको नेपाल प्रहरीले मात्र शान्ति-सुरक्षा कायम गराउन कठिन छ। तर, राज्यले चाहेमा आफ्नो सम्पूर्ण क्षमता लगाएर यहाँको शान्ति-सुरक्षालाई सुदृढ बनाउन सक्छ। त्यसैले, आगामी दिनमा राजधानीमा मात्र नभई देशैभर निर्धक्क भई सुरक्षित वातावरणमा बाँच्न पाउने अवस्था सिर्जना गरियोस्।

● **भूमिका कडायत**, सिनामंगल, काठमाडौं

स्वास्थ्य संस्था ठप्प नपारौँ

नेपाल चिकित्सक संघले चिकित्सक कुटपिटका घटनालाई लिएर देशभरका स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सेवा ठप्प पार्ने घोषणा गरेको समाचार पढ्दा दुःख लाग्यो। स्वास्थ्य सेवामा रातदिन खटिने स्वास्थ्यकर्मी या चिकित्सकमाथि कुटपिट गर्नु जघन्य अपराध हो। यस्ता घटनामा संलग्न पीडकलाई पक्राउ गरी कडा कारबाही गरिनुपर्छ। तर, चिकित्सकहरूले यसैलाई निहुँ बनाएर देशभरका स्वास्थ्य संस्था ठप्प पार्ने निर्णय गर्नु भने कुनै पनि हालतमा उचित होइन। विरोधका अन्य कार्यक्रम गर, स्वास्थ्य संस्था ठप्प नपार।

● **गौरिका तुलाचन**
सानोठिमी, भक्तपुर

भारतीय तरकारीको परीक्षण गर

'परीक्षणविना नै भारतीय तरकारी बजारमा' शीर्षकको समाचार पढियो। नेपाल सरकारले भारतबाट आयात हुने तरकारी तथा फलफूलमा विषादीको मात्रा परीक्षण गर्न किन नसकेको हो ? के हामीसित यससम्बन्धी प्रविधि छैन ? कि जनशक्तिको अभाव छ ? कि नेपाल सरकारको हुती नभएको हो ? के जनतालाई छिमेकी देशबाट आयात गरिएको विषादीयुक्त तरकारी, फलफूल सेवन गर्न बाध्य बनाएर रोगी बनाउने हो त सरकार ? नत्र विनापरीक्षण छिमेकबाट तरकारी भित्रिँदा पनि किन बेवास्ता गरिँदै छ ?

● **सुवास केसी**
टाँडी, चितवन

पार्टीहरूमा लोकतान्त्रिक अभ्यास

देशमा संघीयता आएर सात प्रदेश बनेपछि देशका प्रमुख दलमध्ये एक एमालेले पहिलोपटक लुम्बिनी प्रदेश कमिटीमा निर्वाचनमार्फत नयाँ कमिटी चुनेको छ। निर्वाचन आफैँमा लोकतन्त्रको सुन्दर पक्ष हो। निर्वाचन नगरी माथिबाट मात्र नेतृत्व थोपर्ने प्रवृत्ति अँगाल्ने हो भने त्यो लोकतन्त्रका नाममा धब्बा मात्र साबित हुन्छ। तर, एमाले अध्यक्ष केपी शर्मा ओली प्रतिस्पर्धाभन्दा बढी टीका लाएर नेतृत्व चुन्नुपर्छ भन्ने सोच राख्छन्। लोकतन्त्र होइन, नियन्त्रित लोकतन्त्र पार्टीमा लादुनुपर्छ भन्ने उनको सिद्धान्त छ। उनको यस्तो सोचलाई लुम्बिनी प्रदेशका प्रतिनिधिले ठाडै अस्वीकार गरेर लोकतन्त्रको पक्षमा आफ्नो अभिमत जाहेर गरेका छ।

केहीअघि सम्पन्न प्रदेश अधिवेशन उद्घाटनको दिनमै ओलीले सर्वसम्मत नेतृत्व चुन्न निर्देशन दिएका थिए। त्यो निर्देशन जबर्जस्त रूपमा लागू गर्न उनले दुई दिनसम्म निर्वाचन प्रक्रिया नै रोक्न पनि लगाए। तथापि, अधिकांश कार्यकर्ता ओलीको निर्देशन र प्रवृत्तिविरुद्ध थिए। परिणामतः पार्टी नेतृत्व चुनाव गर्न बाध्य भयो। ओली र शंकर पोखरेल यसपालिका पराजित उम्मेदवार रिजालेलाई नेतृत्वमा ल्याउन चाहन्थे। तर, प्रतिनिधिले उनीहरूको चाहनाविपरीत विष्णु पौडेलद्वारा समर्थित उम्मेदवार कँडेललाई जिताएर पठाइदिए। यसबाट पार्टीका अन्य नेताले शिक्षा लिनु जरुरी छ। टीका लाउने प्रवृत्तिले लोकतन्त्र फस्टाउन सक्दैन भन्ने अध्यक्ष ओलीले नबुझे पनि सचिवालयका अन्य सदस्यले बुझ्नु जरुरी छ। केवल ओलीको एस म्यान बन्ने हो भने पार्टीको लोकतान्त्रिक धार कमजोर हुन्छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, जोरपाटी

चीनका रक्षामन्त्री हराउँदा निम्तिएको संशय

सीका अगाडि संगठित चुनौती नभए पनि जनमुक्ति सेनाभित्रको उथलपुथल, आर्थिक मन्दी र बढ्दो स्थानीय ऋणले उनको नेतृत्वमा शंका उत्पन्न गराउँछ

देश / विदेश

माओ त्से तुङ राज्यसत्ता बन्दुकको नालबाट हासिल हुन्छ भन्थे। यसलाई अर्को भाषामा भन्ने हो भने एक नेताको सफलता सैन्यशक्तिलाई नियन्त्रण गर्नुमा निहित हुन्छ। चीनका अहिलेका सुप्रिमो र माओका सच्चा चेला सी जिनपिङले यही सफलताको परिभाषा पछ्याएको देखिन्छ। सीले अहिले पाएको अख्तियारी मूलतः अघिल्लो दशकमा उनले चिनियाँ जनमुक्ति सेनामा गरेको आमूल परिवर्तनका कारण सम्भव भएको हो। तर, यी परिवर्तनका बाबजुद जनमुक्ति सेनाका उच्चपदस्थ व्यक्तिलाई किनारा लगाउने कामले सेनाकै क्षमता र सीको नेतृत्वमाथि प्रश्न खडा गरेको छ। यसलाई १४ र १५ सेप्टेम्बरका दिन मार्चमा नियुक्ति पाएका रक्षामन्त्री एवं राज्य पार्षद (चिनियाँ क्याबिनेटका वरिष्ठ सदस्य) जेनरल ली साङ्फुलाई अनुसन्धानका लागि हिरासतमा लिइएको समाचारले थप पेचिलो बनाएको छ। ६५ वर्षीय जनरल ली साङ्फु दुई सातायता सार्वजनिक जीवनमा देखिएका छैनन् र उनलाई ७ र ८ सेप्टेम्बरका दिन भियतनामी रक्षा नेतृत्वसँगको वार्षिक बैठकबाट पनि एकाएक बाहिर राखिएको थियो। चिनियाँ अधिकारी लीको अनुपस्थितिपछाडि उनको 'अस्वस्थता' औँल्याउँछन्।

चिनियाँ सरकारले हालसम्म लीको गिरफ्तारीसम्बन्धी कुनै पनि समाचारलाई पुष्टि गरेको छैन। नियमित ब्रिफिङमा विदेश मन्त्रालयकी प्रवक्ताले यसबारे आफूलाई कुनै जानकारी नभएको बताएकी थिइन्। यदि सतहमा आएको समाचार पुष्टि हुन्छ भने ६ वर्षयता ली चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय सैन्य आयोगका बहालवाला सदस्यका रूपमा हिरासतको नियति व्यहोर्ने पहिलो व्यक्ति हुनेछन्। पार्टीको केन्द्रीय सैन्य आयोगले सी नेतृत्वको जनमुक्ति सेनामाथि नियन्त्रण राख्छ। यसबाहेक समाचार पुष्टि भएमा सीको किनारा लगाउने अभियान जनमुक्ति सेनाको परम्परागत एवं आणविक छेप्यास्त्र हेर्ने रकेट बलमा पनि पुगेको देखिन्छ। यही जुलाईमा चिनियाँ अधिकारीले रकेट बलका कमान्डर जनरल ली युचाउ र राजनीतिक कमिसार छु चोङ् बोलाई पनि एकाएक बर्खास्त गरेका थिए। बर्खास्तीको कारण खुलाइएको छैन। तथापि, यी दुई भ्रष्टाचार वा सैन्य गोपनीयता भंग गरेको आरोपमा छानबिनमा परेको अनुमान गरिएको छ। यसबाहेक उल्लिखित अधिकारीभन्दा वरीयतामा तल रहेका जनमुक्ति सेनाको सैन्य अदालतका अध्यक्ष मेजर जनरल चेङ दोङफाङलाई पदासीन भएको आठ महिनामै अस्वाभाविक ढंगले १ सेप्टेम्बरमा बर्खास्त गरियो। यसको पनि कारण खुलाइएन। प्रतिष्ठित पेकिङ विश्वविद्यालय पढेका जनरल चेङले पहिले हङकङको जनमुक्ति सेना सैन्य अड्डाको प्रवक्ता एवं कानुनी विभागका अध्यक्षका हैसियतमा काम गरेका थिए। उल्लिखित चार जनरलको नियुक्ति सीकै तजबिजमा भएको हो। तसर्थ, यी चारैजनाको पतनले सीको निर्णय वा निर्णयको प्रभावकारितामाथि प्रश्न खडा गर्छ। गत डिसेम्बरमा सीले नै नियुक्ति गरेका विदेशमन्त्री क्विन ग्याङको बर्खास्तीपछि पनि सीमाथि यस्तै प्रश्न उठेका थिए। विदेशमन्त्रीलाई हटाउँदा पनि चिनियाँ अधिकारीले अस्वस्थताको कारण अघि सारेका थिए। यी सबै जनरलको रकेट बलसँग जोडिनुका कारण अहिलेको परिस्थिति निम्तिएको हो भन्न सकिने ठाउँ छ। चीनको आणविक हतियारसमेत निरीक्षण गर्ने भएकाले यो बलको बजेटमा वृद्धि भएको छ। अहिलेसम्म भ्रष्टाचारको कुनै संकेत नदेखिए पनि ठूलो सैन्य बजेटले भ्रष्टाचार र कोषको दुरुपयोगलाई प्रोत्साहन गर्छ।

रकेट बलको नेतृत्वका लागि सीले गरेका नयाँ छनोटले उनले बलभित्रको संरक्षणकारी सञ्जाल भत्काउन खोजिरहेका प्रतित हुन्छ, अर्थात् यसले विगतमा भ्रष्टाचार हुने गरेको संकेत देखिन्छ। बलका नयाँ कमान्डर जनरल वाङ हौबिन एक व्यावसायिक नौसेना अधिकारी हुन्। बलका नयाँ राजनीतिक कमिसार जनरल सु सिसेङले वायुसेनामा काम गरिसकेका छन्। भ्रष्टाचार जोखिमका लागि चिनिने हतियार विकास र खरिदमा दशकौँ लामो भूमिका पनि जनरल ली साङ्फुको हालको अवस्थाको अर्को सम्भावित कारक हुन सक्छ। इन्जिनियरका रूपमा प्रशिक्षित साङ्फुले चीनको मुख्य उपग्रह प्रक्षेपण केन्द्रमा ३० वर्ष काम गरेका थिए र अन्ततः यसको निर्देशक पनि बने। सन् २०१७ देखि २०२२ सम्म उनले केन्द्रीय सैन्य आयोगको उपकरण विकास विभागको नेतृत्व गरेका थिए जसमा २०१८ मा रुसी उपकरण खरिद गर्दा लागेको अमेरिकी प्रतिबन्धको सामना पनि पर्छ। यस वर्षको जुलाईमा विभागले सन् २०१७ यताका भ्रष्टाचारविरुद्ध नयाँ भ्रष्टाचारविरोधी अभियान सुरु गरेको छ।

अन्य कारकमा राष्ट्रपति सीको अवज्ञा वा सैन्य अनुशासन उल्लंघन पनि हुन सक्छ। रक्षामन्त्रीका रूपमा जनरल लीले मुख्य रूपमा सैन्य कूटनीति सम्हाल्छन् न कि सैन्य कारबाहीलाई। तसर्थ, उनको सम्भावित बर्खास्तीले जनमुक्ति सेनाको सैन्य सामर्थ्यलाई तुरुन्तै असर नगर्न सक्छ। यद्यपि, यसले जनमुक्ति सेनाको मनोबल र विश्वव्यापी छविलाई उल्लेखनीय रूपमा क्षति पुऱ्याउन सक्छ। पहिलेका मुद्दाका लागि पूर्ववर्तीलाई दोष दिन सकिएला। तर, सीका मौजुदा चुनौतीमा अमेरिकाविरुद्ध सम्भावित ताइवान युद्धका लागि जनमुक्ति सेनालाई सक्षम शक्ति बनाउनु रहेको छ। सीका अगाडि कुनै संगठित चुनौती नभए पनि जनमुक्ति सेनाभित्रको उथलपुथल, आर्थिक मन्दी, बढ्दो स्थानीय ऋण, र वृद्ध जनसांख्यिकीय वृद्धिले उनको नेतृत्वमा शंका उत्पन्न गराउँछ। मौजुदा किनारा अभियानले विदेशीमाथ चीनको प्रणाली पश्चिमा लोकतन्त्रको स्थिर विकल्प हो भन्ने सीको प्रयासको भल्को दिन्छ। जापानका लागि अमेरिकी राजदूत रहम इमानुएलले गत साता 'एक्स'मा चिनियाँ सरकारलाई अगाथा क्रिस्टीको उपन्यास 'एन्ड देअर वेयर नन'सँग तुलना गरेका थिए। जनरल लीसँग सम्बन्धित समाचार आएपछिको सो पोस्टमा इमानुएलले 'दालमे कुछ काला है' भन्ने आशय व्यक्त गरेका थिए।

(द इकोनोमिस्टबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कमजोर बन्दै छन् ऋषि सुनक

पार्टीभित्रका दक्षिणपन्थीसामु झुकेर सुनकले सबल नेता बन्न सक्ने अवसर गुमाइसकेका छन्



● क्रिस्टोफर किर्कल्यान्ड


योर्क सेन्ट जोन युनिभर्सिटीका राजनीतिशास्त्रका वरिष्ठ अध्यापक हुन् ।

'लेम डक' अर्थात् लंगडो हाँस अमेरिकी राजनीतिमा प्रचलित पदावली हो । यसले ती राष्ट्रपतिलाई जनाउँछ, जो चुनाव जितेर आएको फरक नेताले सत्ता आरोहण नगरेसम्मका लागि पदमा रहन्छन् । अमेरिकी राष्ट्रपतिका लागि हुने चुनाव हरेक चार वर्षमा नोभेम्बर महिनामा हुन्छ । तर, नवनिर्वाचित नेताले साढे तीन महिनापछि मात्रै जनवरी २० मा उनको पदभार ग्रहण गर्छन् । यस्तो अवस्था सामान्यतया सत्तारूढ राष्ट्रपतिको दोस्रो (र अन्तिम) कार्यकालको अन्त्यमा आउने गर्छ । 'लेम डक' राष्ट्रपतिले चुनावमा जितिसकेका आफ्ना उत्तराधिकारीलाई सत्ता हस्तान्तरण नगरिसकेको अवधिमा अमेरिकी संसद्(कंग्रेस)बाट विधेयक पास गराउन सक्दैनन् । यसको मुख्य कारण थोरै समय मात्र बाँकी रहेको संसद्ले नयाँ कानुन पास गराउन प्रतिरोध गर्ने गर्छ भने साथमा राजनीति एकाएक बाहिरिँदै गरेको राष्ट्रपतिको भन्दा नयाँ चुनिएका नेताको कार्यक्रमउन्मुख हुँदै जान्छ ।

बेलायतको राजनीतिक प्रणाली अमेरिकाको भन्दा फरक छ, तथापि अहिले ऋषि सुनक अमेरिकामा प्रयोग हुने 'लेम डक राष्ट्रपति'जस्तै कमजोर देखिएका छन् । उनी आफैंले तय गरेका अधिकांश कार्यक्रम कार्यान्वयन गर्न संघर्ष गरिरहेका छन् । संसदीय समयतालिका जुनको अन्त्य र जुलाईको प्रारम्भमा असामान्य रूपमा चाँडै समाप्त भयो । एकजना विपक्षी सांसदले त सुनक सरकारसँग 'वास्तवमा कुनै कार्यक्रम नै नभएको' आरोपसम्म लगाए । देखाउनलाई कुनै उपलब्धि नभएको र सन् २०२५ जनवरीको अन्त्यसम्ममा आमनिर्वाचन हुने निश्चित रहेको अवस्थामा संसदीय व्यवस्थाका नेता सुनकसमेत बाहिरिने समय पर्खिरहेको 'लेम डक'जस्तो महसुस हुन थालेका छन् । के सुनकसँग कुनै विकल्प नभएकै हो त ?

वेस्टमिनिस्टरका 'लेम डक'

सुनकलाई महत्त्वपूर्ण विधायिक एजेन्डा लागू गर्न कठिनाइ सिर्जना गर्ने कारण धेरै छन् । कन्जर्भेटिभ पार्टीको वर्तमान संसदीय स्वरूप एकदम बहुलवादी खालको छ, जसले गर्दा सहज अवस्थामा समेत पार्टीले आफ्ना एजेन्डालाई कानुनका



रूपमा पारित गर्न सकिरहेको छैन । पार्टीभित्रका सांसदबीचको फरक दृष्टिकोण र दर्शन पछिल्ला केही उथलपुथलकारी घटनामा सबैसामु छरपस्ट भएको थियो । बोरिस जोनसनको पतनपछि पार्टीको नेतृत्व छान्न देखिएको असहमति र लिज ट्रूसको छोटो नेतृत्वकालमा देखिएको अराजकताले पार्टी एकतालाई नराम्ररी असर गऱ्यो । सन् २०१९ मा सम्पन्न पछिल्लो ब्रिटिस आमचुनाव 'ब्रेक्जिट'को मुद्दामा लडिएको थियो । त्यस चुनावमा ब्रेक्जिटका हिमायती तत्कालीन नेता बोरिस जोनसन पार्टीलाई ठूलो अन्तरको बहुमत हासिल गराउन सफल भए । तर, अब ब्रेक्जिट ब्रिटिस राजनीतिको मूल मुद्दा रहेन । कन्जर्भेटिभ पार्टीभित्र अहिले जलवायु परिवर्तन र अनलाइन नियमन मूल मतभेदको मुद्दा बनेको छ ।

आमजनतामा अहिले आवासको अभाव मुख्य मुद्दाका रूपमा विकास भएको छ । तर, कन्जर्भेटिभ सांसदहरू तिनका मतदाताको आवश्यकताविरुद्ध उभिएका देखिन्छन् (र प्रधानमन्त्री सुनक पनि उनका यस्ता सांसदको दबाबका कारण उनले अघि सारेको घरनिर्माणको लक्ष्य परित्याग गर्न बाध्य भएका थिए ।) यथार्थबाट कट्दै गएको अवस्थामा पार्टीभित्र आगामी बाटोबारे थप ठूलो असहमति उत्पन्न भएको छ । सक्षम नेताहरू तिनका पार्टीभित्र आउन सक्ने दरारलाई कुटिल भाषा र कूटनीतिमार्फत छोप्न वा टार्न सक्षम हुन्छन् । तर, सुनकले एकपछि अर्को पार्टी सांसद (विशेषतः पार्टीभित्रका दक्षिणपन्थी पंक्तिसँग) दबाबमा झुकेर सबल नेता बन्न सक्ने अवसर गुमाइसकेका छन् । पार्टीभित्रका दरारका कारणबारे बहस गर्न सकिएला, तर सरकारले आफैंले तोकेको मापदण्डअनुसार समेत कुनै प्रगति गर्न नसकेको कुरा स्पष्ट बनेको छ । सुनकले वर्षको सुरुमा पाँच प्राथमिकता उल्लेख गरेका थिए, जसमा 'डुंगाहरू रोक्ने (आप्रवासी ल्याउने)', नेसनल हेल्थ सर्भिस(एनएचएस)मा उपचारका लागि बिरामीले गर्नुपर्ने लामो प्रतीक्षा अवधि घटाउनेजस्ता मुद्दा थिए । तीमध्ये एउटासमेत लक्ष्य हासिल हुने आशा अब थोरैले मात्र गर्छन् होला ।

> बेलायतको राजनीतिक प्रणाली अमेरिकाको भन्दा फरक छ, तथापि अहिले ऋषि सुनक अमेरिकामा प्रयोग हुने 'लेम डक राष्ट्रपति'जस्तै कमजोर देखिएका छन् । उनी आफैंले तय गरेका अधिकांश कार्यक्रम कार्यान्वयन गर्न संघर्ष गरिरहेका छन् ।

पार्टीभित्र र बाहिरका शुभचिन्तकले कन्जर्भेटिभ पार्टी अहिले नीति बनाउनेभन्दा पनि 'सांस्कृतिक लडाइँ'को पृष्ठभूमि तयार गर्न लागेको गुनासो गर्न थालेका छन् । सांस्कृतिक रूपमा देश पछाडि पर्दै गएको भाष्य हाबी भएमा आगामी चुनावी अभियानमा 'हामी' र 'बाहिरबाट आएका खराब'को भाष्य हाबी हुने पक्का छ । यो रणनीति जनतामाझ त्यति लोकप्रिय नभएको सर्वेक्षणले देखाएका छन् । बरु यो विचलनकारी रणनीतिको प्रयोगले कन्जर्भेटिभ पार्टीसँग अहिले सरकारलाई अघि बढाउने 'होलिस्टिक कार्यक्रम नरहेको' भन्ने आरोपलाई बल प्रदान गर्छ । यही अवधिमा सर्वेक्षणले सुनकको व्यक्तिगत लोकप्रियता झरेर ४० प्रतिशत पुगेको देखाएको छ । त्यस्तै कन्जर्भेटिभ पार्टीलाई मत दिन चाहने मतदाताको हिस्सा लेबरलाई मत दिन चाहने हिस्साभन्दा २० प्रतिशत कम देखिएको छ । चुनाव नजिकिँदै जाँदा यस किसिमको भिन्नताले थप मतदातालाई विपक्षी लेबर पार्टी र उसका कार्यक्रमप्रति ध्यानाकर्षण गराउन सक्छ ।

के सुनकसँग अझै समय छ ?

यी सबका बाबजुद बेलायतका प्रधानमन्त्रीका लागि संसद्बाट कानुन पारित गराउन अमेरिकाका राष्ट्रपतिलाई कहिलेकाहीं आइपर्नेजति कठिन हुँदैन । सुनकसँग अझै पनि संसद्मा बहुमतभन्दा ६२ सिट बढी छ । त्यसैले सुनकले पार्टीभित्रको गन्जागोललाई राम्ररी व्यवस्थापन गर्न सके भने त्यसले उनको समग्र स्थितिलाई प्रभावशाली बनाउन सघाउनेछ । सुनकले आगामी चुनाव लड्ने आकांक्षा स्पष्ट रूपमा प्रस्तुत गरिरहेको अवस्थामा बाँकी समयमा उनको सरकारले प्रदान गर्ने कामले उनकै हित गर्नेछ । विपक्षीहरूले पूर्ण रूपमा फरक चुनावी एजेन्डा अघि सारिरहेका छैनन्, जुन उनका लागि अवसर हो । ब्रिटिस राजनीति सुनकबाट लेबर नेता केयर स्टारमरतर्फ (अझैसम्म) सरिसकेको छैन । स्टारमरले उनको नीति ल्याउनुअघि सुनकका मुख्य नीतिमा 'पर्ख र हेर'को रणनीति लिइरहेकाले सुनकसँग उनका नीतिलाई आकार दिन प्रशस्त ठाउँ बाँकी छ । स्टारमर आफैं पार्टी नेतृत्वको चुनावका वेला गरेका वाचाबाट पछि हटेकोमा आलोचनाको सामना गरिरहेका छन् ।

'सांस्कृतिक युद्ध'को रणनीतिक फाइदा सन्देहपूर्ण रहेको भए पनि सरकारले विनासंघर्ष मैदान खाली नगर्ने लक्षण देखाइसकेको छ । सुनकले कन्जर्भेटिभ पार्टीका उपाध्यक्ष ली एन्डरसनजस्ता विवादास्पद व्यक्तिलाई आगामी चुनावी अभियानको रणनीति तयार पार्ने टिममा राखेर एकप्रकारको जुवा खेलेका छन् । तर, यस कदमले उनले आफूलाई पूर्ववर्ती नेतृत्वभन्दा अगाडि जान चाहेको र आफू र अघिल्ला कन्जर्भेटिभ सरकारबीच भिन्नता रहेको देखाउने खोजेको बुझिन्छ । स्पष्ट कार्यक्रम र मापनयोग्य सफलताविना सुनकका नीतिगत विकल्प थप साँघुरिनेछन् । उदाहरणका लागि, बिग्रिँदै गएको आर्थिक अवस्थाको कारण चुनावअघि ठूलो परिणाममा कर कटौती गर्ने वा खर्च गर्ने सुविधा घट्दै गएको छ । जनताले सुनकलाई उनका पाँच वाचा पूरा गर्न नसकेकोमा क्षमा देलान्, तर तिनमा कुनै प्रगति गर्न नसकेकोमा निकट भविष्यको चुनावी अभियानमा उनका विकल्प थप साँघुरिनेछन् ।

- द कन्भर्सेसनबाट

महत्त्वपूर्ण खनिजबारे गम्भीर हुनुपर्छ युरोप



> सामरिक रूपमा महत्त्वपूर्ण कच्चा मालवस्तुमा पहुँच इतिहासभर नै आर्थिक समृद्धि र विकासको एक प्रमुख निर्धारक रहिआएको छ । युरोपले आफ्नो रणनीतिक स्वायत्तता हासिल गर्न, आर्थिक प्रतिस्पर्धा कायम राख्न र जलवायु उद्देश्य पूरा गर्न यस शताब्दीका नयाँ कमोडिटीको आपूर्ति सुरक्षित नगरी हुँदैन ।



● वर्नर होयर

(वर्नर होयर युरोपियन इन्भेस्टमेन्ट बैंकका अध्यक्ष हुन्)

मानव इतिहासभर कच्चा पदार्थले आर्थिक विकास, अन्तर्राष्ट्रिय सम्बन्धका साथै सम्पूर्ण राष्ट्र र सभ्यताको भाग्यमा महत्त्वपूर्ण भूमिका खेली आएको छ । बहुमूल्य धातु (सुन, चाँदी) तथा कृषि वस्तु (चिनी, रबर, रेशम, मसला) देखि तेल र ग्यासजस्ता ऊर्जा स्रोतसम्मका कमोडिटीको मागमा प्राविधिक विकासक्रम प्रेरित परिवर्तनले विश्व व्यापारका ढाँचालाई पुनर्लेखन गरेको छ, समृद्धिलाई परिवर्तन गरेको छ र अक्सर द्वन्द्व र शोषणलाई बढावा दिएको छ ।

सन् २०२० को दशकमा लिथियम, ग्यालियम र जर्मेनियमजस्ता दुर्लभ खनिज पदार्थ (रेअर अर्थ एलिमेन्ट्स)सहितको नयाँ सेटका महत्त्वपूर्ण कच्चा पदार्थमाथिको हाम्रो निर्भरता बढ्दो क्रममा छ । यी धातु सौर्य प्यानल, ब्याट्री तथा वायु ऊर्जाका टर्बाइनदेखि रक्षा उद्योग तथा उद्योग क्षेत्रका लागि अपरिहार्य कम्प्युटर चिप्स निर्माणसम्मका लागि नभई हुँदैनन् । यो उपयोगिताले यी वस्तुलाई हरित एवं डिजिटल संक्रमणका लागि महत्त्वपूर्ण बनाएको छ । अब, यी कमोडिटीले यो ग्रहमा हाम्रो भविष्य निर्धारण गर्नेछन् ।

युरोप रेअर अर्थ इलिमेन्ट्स (आरइई) वा लिथियमको आफनो मागलाई घरेलु रूपमा कहिल्यै पूरा गर्न सक्षम हुनेछैन । यो उसको लक्ष्य पनि हुनुहुँदैन । यसको उद्देश्य बरु महत्त्वपूर्ण कच्चा पदार्थमा पहुँच सुरक्षित गर्नु हुनुपर्छ ताकि हामी यस्ता खनिजलाई हतियारीकरण गर्न खोज्नेहरूको फन्दामा नपरौं । जसरी पछिल्लो समय क्रेमलिनले हाइड्रोकार्बनलाई हतियारीकरण गरेको छ । यस्ता सामग्रीको आपूर्ति सुनिश्चितता हाम्रो रणनीतिक स्वायत्ततालाई बलियो बनाउन, प्रतिस्पर्धात्मक क्षममतालाई कायम राख्न र हाम्रा जलवायु लक्ष्य पूरा गर्न निकै महत्त्वपूर्ण हुनेछन् ।

तर, यो लक्ष्य प्राप्त गर्न हामीले विगतका गल्तीबाट बच्नुपर्छ । कमसेकम एकल आपूर्तिकर्तामा अति निर्भर रहनुहुँदैन । कोभिड-१९ महामारी र युक्रेनमाथिको रुसी आक्रमणजस्ता हालैका घटनाक्रमले सबै आर्थिक क्षेत्रमा सुरक्षित आपूर्ति शृंखलाको महत्त्वलाई उजागर गरेको छ । ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) लगायत विश्वका ठूला उदीयमान अर्थतन्त्रको प्रभावलाई पनि यी संकटले पर्याप्त उजागर गरेका छन् । महत्त्वपूर्ण कच्चा पदार्थलगायत थुप्रै विश्वव्यापी आपूर्ति शृंखलामा यी मुलुकको प्रभुत्व छ ।

हामीले डि-कार्बोनाइजेसन र विद्युतीकरणको प्रयास जारी राखिरहँदा धातु एवं खनिजअझ महत्त्वपूर्ण हुँदै जानेछन् । सन् २०३० सम्ममा रेअर अर्थ इलिमेन्ट्सको मात्रै पनि विश्वव्यापी माग पाँच गुणाले बढ्ने अनुमान गरिएको छ । तर, यी वस्तुको आपूर्तिका लागि बजारमा एउटै देश हावी छ । लगभग ९० प्रतिशत आरइई, र विश्वको ६० प्रतिशत लिथियम चीनमा प्रशोधन गरिन्छ । युरोपेली संघ लगभग अधिकांश आयातीत आरइईका लागि चीन निर्भर छ ।

यस्तो निर्भरताको जोखिम कति गम्भीर हुन्छ भन्ने कुरा हामीले हालैको अनुभवबाट थाहा पाइसकेकै छौं । यी व्यवधानबाट बच्न युरोपले आफ्नो आपूर्ति शृंखलालाई विविधीकरण र जोखिममुक्त बनाउनु आवश्यक छ । तर, यो समस्याको अचुक औषधि छैन । यो समस्याको हल युरोपेली खानीमा लगानी गरेर मात्र समाधान हुनेछैन, न त यसले कुनै आर्थिक अर्थ राख्नेछ । यसको सट्टा, हामीले विश्वभरका हाम्रा विचार मिल्ने साझेदारहरूको उत्खनन तथा प्रशोधन क्षमता बढाउन उनीहरूसँग मिलेर काम गर्न आवश्यक छ । युरोपभित्रका उत्खनन परियोजनाको सन्दर्भमा पनि केही कठिन निर्णय लिनुपर्नेछ । हामीले शून्य उत्सर्जन अर्थ-व्यवस्थाको आधारशिला तयार गर्न आफ्ना रिफाइनरी र प्रशोधन प्लान्टमा थप लगानी गर्नुपर्नेछ । तर, यी विशाल उपक्रमहरू हुन । यसका लागि ठूलो र दिगो लगानीको आवश्यकता पर्छ ।


विगतका 'ब्याट्री एलायन्स २०१७' जस्ता पहलकदमीले हामी एकजुट हुँदा हामी सफल हुन सक्छौं भन्ने देखाएका छन् । युरोप अहिले उन्नत हरित (सफा) ब्याट्रीका गिगाफ्याक्ट्रीमध्ये एकको घर हो । चाँडै, युरोपले आफ्ना विद्युतीय वाहन र ऊर्जा भण्डारणका लागि आवश्यक दुईतिहाइ लिथियम-आयन ब्याट्री उत्पादन गर्न थाल्नेछ ।

सफलताको कथा दोहोऱ्याउन हामीले महत्त्वपूर्ण कमोडिटीको यो चुनौतीलाई अलग्गै राखेर हेर्नु हुँदैन । सुरक्षित आपूर्ति सुनिश्चित गर्न सम्बन्धित सबै पहलकदमीलाई एउटै व्यापक नीतिभित्र एकीकृत गर्नुपर्छ । हामीले जलवायु परिवर्तनविरुद्धको लडाइँमा पनि यही गरेका छौं । यस्तो दृष्टिकोण अपनाउँदा, हामी युरोपको विदेश नीतिबारेमा भने स्पष्ट हुनुपर्छ । हामीले रणनीतिक साझेदारीलाई गहिऱ्याउने र युरोप र अन्य साझेदार देशमा लगानी बढाउने लक्ष्य राख्नुपर्छ ।

यही वर्ष आएको इयू क्रिटिकल रअ मेटरियल्स एक्टले आवश्यक नीतिगत परिवर्तन गरिसकेको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले यही महिना आफ्नो स्टेट अफ द युनियनको सम्बोधनमा विश्वका अधिकांश देश विश्वव्यापी आपूर्ति शृंखलालाई सुरक्षित गर्न मिलेर काम गर्न आतुर रहेको उल्लेख गरेकी थिइन् । कुरा स्पष्ट छ, युरोपले महत्त्वपूर्ण खनिज तथा वस्तुको आपूर्तिमा आफ्नो पहुँच सुनिश्चित गर्न धेरै काम गर्नु आवश्यक छ । युरोपियन इन्भेस्टमेन्ट बैंक समूह (इआइबी ग्रुप)ले विगत सात वर्षमा कच्चा वस्तुको आपूर्ति शृंखलालाई सुदृढ गर्न तीन अर्ब युरो (३.२ अर्ब डलर) प्रदान गरिसकेको छ । यद्यपि, युरोपको टुलबक्स अपर्याप्त रहेको कुरा हामी स्वीकार गर्छौं । इआइबी समूहले महत्त्वपूर्ण कच्चा पदार्थ वा माल वस्तुहरूको आपूर्ति शृंखलामा पहुँच सुनिश्चित गर्ने पहलमा काम गरिरहेको छ र हामी अरूलाई पनि यस्तै गर्न प्रोत्साहित गर्दै छौं । हामी नियमनदेखि विशिष्ट र ठोस परियोजनासम्ममा काम गरिरहेका छौं । सामरिक रूपमा महत्त्वपूर्ण कच्चा पदार्थमा पहुँच इतिहासभर नै आर्थिक समृद्धि र विकासको निर्धारक रही आएको छ । भविष्य सुरक्षित गर्न हामीले यस शताब्दीका नयाँ महत्त्वपूर्ण कमोडिटीमा आफ्नो पहुँचको सुनिश्चितताले उच्च प्राथमिकतामा राख्नुपर्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज





सन् १९३४ : पूर्वसोभियत संघ लिग अफ नेसन्समा सामेल । फिनल्यान्डविरुद्ध यसको आक्रामक कारबाहीलाई लिएर केही वर्षपछि संघलाई समूहबाट निस्काशित गरिएको थियो ।

सन् १८७२ : ओस्कार द्वितीय नर्वे र स्विडेनका राजा घोषित । उनी आफ्ना दाजु चार्ल्स १५औं र चौथोंका उत्तराधिकारी बनेका थिए ।

सन् १९५९ : भ्यानगार्ड ३ लाई पृथ्वीको कक्षमा प्रक्षेपण गरियो । ग्लेन मार्टिन कम्पनीद्वारा निर्मित भ्यानगार्ड रकेटद्वारा भूकेन्द्रित उपग्रह (जियोसेन्ट्रिक स्याटेलाइट)लाई पृथ्वीको कक्षमा प्रक्षेपण गरिएको थियो, जसलाई अहिले लकहिड-मार्टिन भनिन्छ ।

सन् १९७३ : पश्चिम जर्मनीले ड्युस मार्क (जर्मनीमा पहिले प्रयोग भएको पैसाको आधारभूत एकाइ)लाई अपनायो । यो कार्यले इस्ट जर्मन मार्कलाई प्रतिस्थापन गऱ्यो र पूर्वी र पश्चिम जर्मनीबीचको आर्थिक पुनर्मिलनलाई सहयोग गऱ्यो ।

सन् २०१४ : स्कटल्यान्डलाई स्वतन्त्र राष्ट्र बनाउने जनमतसंग्रहलाई स्कटल्यान्डका मतदाताहरूले अस्वीकार गरे ।

विश्व संक्षेप

'चारमध्ये तीन अमेरिकीले बाइडेनको क्षमतामा शंका गर्छन्'

न्युयोर्क/ अमेरिकामा सन् २०२४ मा राष्ट्रपति चुनाव हुँदै छ । चुनावमा जो बाइडेनले पुनः उम्मेदवारी दिँदै छन् भने पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले पनि पुन ह्वाइटहाउसमा पुग्ने चाहना सार्वजनिक गर्दै आएका छन् । तर, दुवै नेता उमेरका हिसाबले वृद्ध नेता हुन् । सन् २०२४ को चुनावअघि बाइडेन ८२ र ट्रम्प स्वयं ७८ वर्ष पुग्नेछन् । राष्ट्रपतिका सम्भावित उम्मेदवारबारे एनबिसीको 'मिट द प्रेस'लाई दिएको अन्तर्वार्तामा पूर्वराष्ट्रपति ट्रम्पले 'समस्या उमेरको नभई क्षमता'को रहेको टिप्पणी गरेका छन् ।

सर्वेक्षणअनुसार दुई नेताबीचको उमेरको अन्तर खासै धेरै नभए पनि अमेरिकीहरू बाइडेनको उमेरलाई लिएर बढी चिन्तित छन् । एक सर्वेक्षणले सहभागी चारमध्ये तीनजनाले दोस्रो कार्यकालमा बाइडेनको क्षमतामा शंका गरेको देखाएको छ । ट्रम्पले दोस्रो सबैभन्दा वृद्ध राष्ट्रपतिका रूपमा आफ्नो कार्यकाल समाप्त गरेका थिए । यसअघि राष्ट्रपति रोनाल्ड रेगन आफ्नो कार्यकालको अन्त्यमा ७७ वर्षका थिए । ट्रम्पले बाइडेन असक्षम भएको दाबी गरेका छन् । ट्रम्पले भने, 'बाइडेन धेरै बूढो भइसकेका छैनन् । तर, मलाई लाग्छ कि उनी 'अक्षम' छन् र यो एक ठूलो समस्या हो ।'

ताइवानमाथि मनोवैज्ञानिक दबाब बढाउँदै चीन

ताइपेई/ ताइवानमाथि निरन्तर सैन्य एवं कूटनीतिक दबाब तीव्र पारेको चीनले अब मनोवैज्ञानिक दबाब पनि बढारहेको छ । स्वशासित ताइवानलाई आफूबाट छुट्टिएको प्रान्तको रूपमा लिएको बेइजिङले ताइपेईमाथि पुनः नियन्त्रण कायम गर्ने मनसाय निरन्तर व्यक्त गर्दै आएको छ । चीनका राष्ट्रपति सी जिनपिङले ताइवानसँग पुनःएकीकरण हुनैपर्नेमा जोड दिँदै आएका छन् । देशको पुरानो प्रान्तलाई मुख्य भूमिमा गाभ्न आवश्यक परेमा बल प्रयोग गर्न पछि नपर्ने उनले चेतावनी दिएका छन् । यद्यपि, आफ्नै संविधान र प्रजातान्त्रिक रूपमा निर्वाचित सरकार भएको ताइवानले आफूलाई चिनियाँ मुख्य भूमिभन्दा पृथक् मान्दै आएको छ । चीनले आइतबार बिहानैदेखि ताइवानवरिपरि २८ वटा लडाकु विमान उडाएको छ । ताइवानी अधिकारीहरूका अनुसार अधिकांश ती विमानले ताइवान र चीनको मुख्य भूमिलाई छुट्याउने जलमार्गको मध्यरेखा पार गरेर स्वशासित टापुको दक्षिण-पूर्व र दक्षिण-पश्चिम हवाई प्रतिरक्षा क्षेत्रमा प्रवेश गरेका छन् । चीनले लामो दूरीको अभ्यास र तालिम 'मिसन'सञ्चालन गरिरहेको तथा तिनले ताइवानी रक्षा स्थितिको निगरानी गरिरहेका ताइवानको रक्षा मन्त्रालयले जनाएको छ । पछिल्ला चिनियाँ गतिविधिले बेइजिङ र ताइपेईको सम्बन्ध अनपेक्षित रूपमा चिसिएको छ ।

रुसको भ्रमण सम्पन्न गरेर स्वदेश फर्किए किम



प्योङयाङ/ उत्तर कोरियाली नेता किम जोङ उन रुसको भ्रमण सम्पन्न गरी स्वदेश फर्किएका छन् । नेता उन आफ्नो बख्तरबन्द रेल चढेर आइतबार रुसबाट स्वदेश फर्किएको रुसी समाचार एजेन्सीले जनाएका छन् । कोरोना भाइरस महामारीपछि किमको पहिलो औपचारिक विदेश भ्रमणले मस्को र प्योङयाङले अन्तर्राष्ट्रिय प्रतिबन्ध अवज्ञा गर्ने र हतियार सम्झौता गर्ने पश्चिमाहरूको डरलाई बढवा दिएको छ । रिया नोभोस्ती एजेन्सीले किमको प्रस्थानको भिडियो प्रकाशित गरेको छ र आर्टयोम-प्रिमोरस्की-१ स्टेसनमा 'प्रस्थान समारोह' आयोजना गरिएको बताएको छ । रुसी समाचार संस्था तासले किमलाई क्षेत्रीय गभर्नरबाट उपहारस्वरूप पाँचवटा विस्फोटक ड्रोन, एक-एकवटा टोही ड्रोन र बुलेटप्रुफ भेस्ट प्रदान गरिएको जनाएको थियो ।

चीन र उत्तर कोरियाको सिमानामा रहेको प्रिमोरी क्षेत्रका गभर्नरले किम जोङ उनलाई 'बुलेटप्रुफ सुरक्षाको एक सेट' र 'थर्मल क्यामेराले पत्ता लगाउन नसक्ने विशेष लुगा' पनि प्रस्ताव गरेको तासले जनाएको छ । किमले शनिबार भ्लादिभोस्तोकमा रुसी रक्षामन्त्रीलाई भेटेका थिए ।

'विद्युतीय गाडी प्रवर्द्धन गरौँ'

काठमाडौं/ ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले वातावरणसुहाउँदो विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्नुपर्ने बताएका छन्। यसका लागि सरकारले थप नीतिगत प्रबन्धका अलावा सहजीकरण गर्ने बताए। मन्त्री बस्नेतले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि देशव्यापी रूपमा थप चार्जिङ स्टेसन निर्माणलाई पनि प्राथमिकता दिइएको बताए। उनले भृकुटीमण्डपमा जारी नाडा अटो सो २०२३ को अवलोकनका क्रममा वातावरण संरक्षणका साथै देशभित्रको बिजुलीको खपत बढाउनका लागि पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन जरुरी रहेको बताए।

धनगढीमा निर्माण सामग्री प्रदर्शनी मेला हुँदै

धनगढी/ कैलालीको धनगढीमा निर्माण सामग्री तथा हार्डवेयर प्रदर्शनी मेला हुने भएको छ। कैलाली हार्डवेयर व्यवसायी संघको आयोजनामा १० असोजदेखि १४ सम्म धनगढीको चटकपुरमा मेला हुन लागेको हो। प्रदर्शनीमा निर्माण सामग्री तथा हार्डवेयर कम्पनीका ५५ वटा स्टल रहने निर्माण व्यवसायी संघ कैलालीका अध्यक्ष कुबेर साहीले जानकारी दिए। 'संरचना निर्माणका लागि चाहिने सबै सामग्रीहरू प्रदर्शनमा राखिनेछन्। ग्राहकले ती सामानको गुणस्तर र मूल्यको तुलना गरेर आफूले बनाउन लागेको संरचनाका लागि उत्कृष्ट सामग्री छनोटबारे जानकारी पाउन सक्नेछन्,' अध्यक्ष साहीले भने, 'यसले व्यावसायिक कारोबार वृद्धिमा समेत टेवा पुग्ने ठानेका छौँ।' थोरै क्षेत्रफलमा कसरी आकर्षक घर निर्माण गर्ने तथा भूकम्पप्रतिरोधी घर निर्माणबारे इन्जिनियरबाट जानकारी दिने र वास्तुविज्ञबाट निःशुल्क परामर्श दिने व्यवस्थासमेत मेलामा गरिने उनले बताए। प्रदर्शनी मेलामा निर्माण तथा हार्डवेयर सामग्री खरिदमा ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको संघले जनाएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं.: २८२११/०७४/०७५, स्थानीय, भारत तथा स पा आयात निर्यात, अन्तर्गत मिति २०७४/१२/१६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० स्थित **केमपोल ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : अशोक कुमार थापा**	१) गर्ज सिंह थापाको नाती, एमे बहादुर थापाको छोरा, दाङ जिल्ला, गढवा गाउँ पञ्चायत वडा नं. ९ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बस्ने अशोक कुमार थापाको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बांके जिल्ला, नेपालगंज न.पा. वडा नं. १३ (हाल नेपालगंज उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४९ को क्षेत्रफल ०४२३.२५ (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) केमपोल ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) अशोक कुमार थापा	२) आनन्द थापा	३) सावित्री थापा
स्थायी ठेगाना : दाङ जिल्ला, गढवा गाउँ पञ्चायत वडा नं. ९ हालको ठेगाना : बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बाबु : एमे बहादुर थापा बाजे : गर्ज सिंह थापा	स्थायी ठेगाना : दाङ जिल्ला, गढवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बाबु : अशोक कुमार थापा बाजे : एमे बहादुर थापा	स्थायी ठेगाना : दाङ जिल्ला, गढवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : बांके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० बाबु : हर्ष बहादुर सिंह ससुरा : एमे बहादुर थापा पति : अशोक कुमार थापा

ऋणीको विवरण

क्र.सं.		
२)	१) प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा प्रा.फ.र.नं. ८१२०/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०५/०७ मा प्राईभेट फर्म रजिस्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ स्थित **डेल्टा भेट सेन्टर** **प्रोप्राईटर तथा जमानीकर्ता: फुल कुमारी मल्लाह**	**२) फुल कुमारी मल्लाह** स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ६ हालको ठेगाना : कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बाबु : प्रेम प्रसाद खौसिया थारु ससुरा : जयश्री मल्लाह पति : सुग्रिव मल्लाह

धितोको विवरण

१) सुगन मल्लाहको नाती, जयश्री मल्लाहको छोरा, कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बस्ने सुग्रीव मल्लाहको नाममा भुमिसुधार तथा मालपोत कार्यालय तौलिहवा कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ६/ख (हाल वाणगंगा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ७०७ र १०७ को क्षेत्रफल कमश: ०-६-१२-० र ०-२-१६-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) डेल्टा भेट सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) फुल कुमारी मल्लाह	२) सुग्रीव मल्लाह
स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बाबु: प्रेम प्रसाद खौसिया थारु ससुरा: जयश्री मल्लाह पति: सुग्रिव मल्लाह	स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, हथौसा गा.वि.स. वडा नं. ६ हालको ठेगाना: कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. ११ बाबु: जयश्री मल्लाह बाजे: सुगन मल्लाह

ऋणीको विवरण

क्र.सं.		
३)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४८९९३/०७७/७८, स्थानीय व्यापार, अन्तर्गत मिति २०७७/०८/२२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १ स्थित **आएसा कस्मेटिक एण्ड फेन्सी स्टोर्स फुटकर** **प्रोप्राईटर तथा जमानीकर्ता : इसहाक अलि** स्थायी ठेगाना : रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १ बाबु : महवुल धुनिया बाजे : जुमराती धुनिया	**२) इसहाक अलि** स्थायी ठेगाना : रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १ बाबु : महवुल धुनिया बाजे : जुमराती धुनिया

जमानीकर्ताको विवरण

रविया खातुन
स्थायी ठेगाना : रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १
हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १
बाबु : इद्रीश अली
ससुरा : महवुल धुनिया
पति : इसहाक अलि

धितोको विवरण

१) जुमराती धुनियाको नाती, महवुल धुनियाको छोरा, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १ बस्ने इसहाक अलिको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ क (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. १३२८ को क्षेत्रफल १६९.३२ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) जुमराती धुनियाको नाती, महवुल धुनियाको छोरा, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १ बस्ने इसहाक अलिको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १ ख (हाल देवदह न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ को क्षेत्रफल १६९.२९ (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) आएसा कस्मेटिक एण्ड फेन्सी स्टोर्स फुटकरको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

ऋणीको विवरण

३) रविया खातुन
स्थायी ठेगाना : रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. १
हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. १
बाबु : इद्रीश अली
ससुरा : महवुल धुनिया
पति : इसहाक अलि

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारा, कलैयामा प्रा.फ.र.नं. ९४२/०६५/६६ अन्तर्गत मिति २०६५/०७/०३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, कलैया न.पा. वडा नं. ८ स्थित **बारा मनि ट्रान्सफर** **प्रोप्राईटर तथा जमानीकर्ता: असलम मंसुर**	**२) असलम मंसुर** स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया तथा **कलिजा धुनियाइन** स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

धितोको विवरण

१) फइद हुसेन मियाकी छोरी, शमसेर मियाकी बुहारी, हफिज मियाँ धुनियाकी पत्नी, बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बस्ने कलिजा धुनियाइनको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स. वडा नं. २/ग (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९ र ४० को क्षेत्रफल क्रमश: ०-०-४ र ०-०-६ (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) फइद हुसेन मियाकी छोरी, शमसेर मियाकी बुहारी, हफिज मियाँ धुनियाकी पत्नी, बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बस्ने कलिजा धुनियाइनको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, वरेवा गा.वि.स. वडा नं. २ (हाल कलैया उ.म.न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६९, १५१८ र १५२० को क्षेत्रफल क्रमश: ०-०-१४-७ $^{१/२}$, ०-०-३-४ $^{१/४}$ र ०-०-२-१० $^{३/४}$ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) बारा मनि ट्रान्सफरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) अनवर हुसेन	२) साबना आजमी	३) तबसुम खातुन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : नविजान शेष ससुरा : हफिज मिया धुनिया पति : असलम मंसुर	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हदिश मिया ससुरा : हफिज मिया धुनिया पति : अनवर हुसेन

४) असलम मंसुर	५) कलिजा धुनियाइन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

ऋणीको विवरण

३) असलम मंसुर
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११
हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८
बाबु : हफिज मिया धुनिया
बाजे : समसेर मिया

जमानीकर्ताहरुको विवरण

१) अनवर हुसेन	२) साबना आजमी	३) तबसुम खातुन	४) कलिजा धुनियाइन
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हफिज मिया धुनिया बाजे : समसेर मिया	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : नविजान शेष ससुरा : हफिज मिया धुनिया पति : असलम मंसुर	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : हदिश मिया ससुरा : हफिज मिया धुनिया पति : अनवर हुसेन	स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. ११ हालको ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ८ बाबु : फइद हुसेन मिया ससुरा : शमसेर मिया पति : हफिज मियाँ धुनिया

ऋणीको विवरण

क्र.सं.	
२)	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.र.नं. ६८५३/५५३/६०/३४ बौधीमाई अन्तर्गत मिति २०७५/०९/२६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित **शनि राज ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : जयमंगल प्रसाद**

धितोको विवरण

१) द्वारिका साह कलवारको नाति, गोगाई साहको छोरा, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बस्ने जयमंगल प्रसादको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. २३४ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) जोगिन्द्र साह कल्वारकी छोरी, गोगाई साहकी बुहारी, जयमंगल प्रसादकी पत्नी, रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बस्ने मनटुटी देवीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ (हाल बौधीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. १७१७ को क्षेत्रफल ०-०-११ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
३) शनि राज ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) जयमंगल प्रसाद	२) सनी कुमार जायसवाल	३) रेणु कुमारी	४) मनटुटी देवी
स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : गोगाई साह बाजे : द्वारिका साह कलवार	स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : जयमंगल प्रसाद बाजे : गोगाई साह	ठेगाना: रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : रामनाथ प्रसाद कल्वार ससुरा : जयमंगल प्रसाद पति : सनी कुमार जयसवाल	स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना:रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ७ बाबु : जोगिन्द्र साह कल्वार ससुरा : गोगाई साह पति : जयमंगल प्रसाद

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १ असोज ०८०

■ ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८०

सन् २०३५ सम्म साढे २८ हजार मेगावाट उत्पादन र १५ हजार मेगावाट निर्यातको लक्ष्य

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले सन् २०३५ सम्म विद्युत्को जडित क्षमता (उत्पादन) २८ हजार सात सय १३ मेगावाट पुर्‍याउने लक्ष्य निर्धारण गरेको छ। हाल विद्युत्को जडित क्षमता तीन हजार मेगावाट हाराहारी छ। आउँदो १२ वर्षमा सरकारले थप २६ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना-२०८०' मा यस्तो लक्ष्य निर्धारण गरिएको हो। मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित कार्यदलले तयार गरेको प्रतिवेदन आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतलाई पेस गरिएको छ। अब उक्त प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत गराएर कार्यान्वयनमा ल्याइनेछ।

प्रारम्भिक मस्यौदामा सन् ०३५ सम्म विद्युत्को जडित क्षमता साढे २६ हजार मेगावाट पुर्‍याउने लक्ष्य लिइएको थियो। अहिले त्यसलाई बढाएर २८ हजार सात सय १३ मेगावाट पुर्‍याइएको छ। सन् २०२५ सम्म पाँच हजार पाँच सय ६१, सन् २०३० सम्म १४ हजार ३१ र २०३४ सम्म २६ हजार दुई सय ३३ मेगावाटबराबरको विद्युत् जडित क्षमता पुग्ने प्रतिवेदनमा उल्लेख छ।

निर्माणाधीन अवस्थामा रहेका, पिपिए गर्ने तयारीमा भएका, भारतीय कम्पनीहरूले लिएका, स्वदेशी सरकारी तथा गैरसरकारी कम्पनीले बनाउँदै गरेका आयोजनाबाट ०३५ सम्म थप २५ हजार नौ सय ४४ मेगावाट विद्युत् उत्पादन हुने ऊर्जा मन्त्रालयको भनाइ छ। हाल भारतीय कम्पनीहरूले तीन हजार ६ सय ७९ मेगावाटबराबरका आयोजनाको निर्माण अघि बढाएका छन्।

■ १५ हजार मेगावाट निर्यात गरिने

सरकारले आगामी सन् २०३५ (आव ०९१/९२) भित्र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य निर्धारण गरेको छ। अहिले नेपालले भारतमा दैनिक औसत चार सय मेगावाट हाराहारी विद्युत् निर्यात गर्दै आएको छ। ०३५ सम्ममा भारत र बंगलादेशमा १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने महत्त्वाकांक्षी योजना सरकारले ल्याएको हो।

उक्त प्रतिवेदनअनुसार सन् २०२६ सम्म आठ सय मेगावाट, २०२९ सम्म चार हजार मेगावाट, २०३० सम्म पाँच हजार पाँच सय मेगावाट विद्युत् निर्यात गरिने लक्ष्य छ। यसैगरी, २०३५ सम्ममा १५ हजार मेगावाट पुर्‍याउने बताइएको छ। त्यसमा पाँच हजार मेगावाट विद्युत् बंगलादेश निर्यात हुने प्रतिवेदनमा उल्लेख छ।



ऊर्जामन्त्री शक्ति बस्नेतलाई मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित कार्यदलले तयार गरेको प्रतिवेदन आइतबार बुझाइँदै।

■ कुन वर्ष कति मेगावाट विद्युत् उत्पादन, आन्तरिक खपत र निर्यात ?

वर्ष	आन्तरिक माग	निर्यात	जडित क्षमता
२०२५	४९१७	६००	५५६१
२०२६	५५८५	८००	६४६८
२०२७	६२५३	१०००	७४१७
२०२८	६९२१	२०००	९०८३
२०२९	७५८८	४०००	११७९७
२०३०	८२५६	५५००	१४०३१
२०३१	९२९९	७०००	१६७८७
२०३२	१०३४१	८५००	२०५४०
२०३३	११३८३	११०००	२४१४८
२०३४	१२४२५	१२०००	२६२३३
२०३५	१३४६८	१५०००	२८७१३

स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

बंगलादेशतर्फ ०२९ सम्म एक हजार मेगावाट, ०३३ सम्म तीन हजार मेगावाट र ०३५ सम्म पाँच हजार मेगावाट निर्यात गर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

हाल डिजेल तथा कोइला पावर प्लान्टको विद्युत् प्रयोग गर्दै आएको बंगलादेशले सन् ०४० सम्म छिमेकी मुलुकबाट १० हजार मेगावाट स्वच्छ विद्युत् किन्ने लक्ष्य लिएको छ। नेपाल र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्ने गरी २०१८ मा सम्झौता भइसकेको छ। त्यसपछि ऊर्जामा सहकार्य गर्ने गरी विभिन्न बैठक भएका छन्। पहिलो चरणमा बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्ने गरी भारतसहितको त्रिपक्षीय सम्झौताको पनि तयारी पनि हुँदै छ।

अन्य १० हजार मेगावाट विद्युत् भने भारततर्फ नै निर्यात गर्ने लक्ष्य छ। गत जेठ १७ देखि २० गतेसम्म सम्पन्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा भारतीय समकक्षी नरेन्द्र मोदीले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्ने घोषणा गरेका थिए। उक्त भ्रमणका क्रममा नेपाल र भारतबीच दीर्घकालीन विद्युत् व्यापार गर्ने समझदारी पनि भएको थियो। त्यसको अन्तिम सम्झौतापत्र हालै भारतीय मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ। अब छिट्टै दुवै देशका ऊर्जा सचिवले त्यसमा हस्ताक्षर गर्दै छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ आन्तरिक माग साढे १३ हजार मेवा पुग्ने

०३५ सम्म नेपालको आन्तरिक विद्युत् माग भने १३ हजार चार सय ६८ मेगावाट पुग्ने अनुमान गरिएको छ। नेपालको आर्थिक वृद्धि ७.१ प्रतिशत भएमा सोबराबरको विद्युत् खपत हुने अनुमान प्रतिवेदनमा उल्लेख छ। त्यसअनुसार ०३५ सम्म कुल विद्युत् माग (निर्यातसहित) २८ हजार तीन सय ६८ मेगावाट विद्युत् खपत हुने देखिएको छ। निर्यातसहित कृषि, निर्माण, खानी, उत्पादन, सेवा, ऊर्जा यातायात, घरायसीलगगायतका क्षेत्रमा हुने विद्युत्को मागलाई प्रक्षेपण गरी उक्त लक्ष्य निर्धारण गरिएको मन्त्रालयका एक उच्च अधिकारीले बताए।

सरकारले यसअघि ०४९ र ०५८ मा पनि ऊर्जा विकास नीति ल्याएको थियो। पछिल्लोपटक ०७५ मा ऊर्जा श्वेतपत्र जारी गर्दै २०८५ सम्म १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो। तर, त्यसको कार्यान्वयन नहुँदै सरकाले पुनः ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र ल्याउन लागेको हो।

यसपालि आयोजना नै तोकेर विद्युत् उत्पादनको लक्ष्य निर्धारण गरिएको मन्त्रालयका उच्च अधिकारीको भनाइ छ। निर्माणाधीन आयोजनाहरूको प्रगति, सरकारले अध्ययन गरेका, निजी क्षेत्रले अध्ययन गरेका, विदेशी कम्पनीहरूले जिम्मा लिएका आयोजनाहरू नै तोकेर विद्युत् उत्पादनको लक्ष्य निर्धारण गरिएको स्रोतको भनाइ छ। तसर्थ, यसपालि पहिलाको जस्तो कार्यान्वयन नहुने समस्या नआउने स्रोतको दाबी छ।

■ कति चाहिन्छ पूर्वाधार ?

केही वर्षअघिसम्म चरम लोडसेडिङ सामना गर्नुपरेपछि सरकारले विद्युत् उत्पादनमा जोड दियो। उत्पादन बढेपछि अहिले लोडसेडिङ अन्त्य मात्रै होइन, भारतमा निर्यात हुन थालेको छ। तर, प्रसारणलाइन तथा सबस्टेसनको स्तरोन्नति र निर्माणमा ध्यान नदिँदा अहिले विद्युत् ट्रिपिङको समस्या आएको छ। सोही अवस्थालाई लक्षित गर्दै मन्त्रालयले पूर्वाधार निर्माणका लागि पनि कार्ययोजना बनाउने तयारी गरेको छ।

अहिले नेपालमा सबस्टेसनको क्षमता आठ हजार आठ सय ६७ एमभिए छ। साढे २६ हजार मेगावाट विद्युत् सप्लाई गर्न ०३५ सम्म ४० हजार एमभिए क्षमताको सबस्टेसन चाहिन्छ। अहिले नेपालमा पाँच हजार सात सय ४२ किमि सर्किटको प्रसारणलाइन छ। प्रसारणतर्फ भने अब थप १७ हजार चार सय किमि सर्किट प्रसारणलाइन बनाउनुपर्ने देखिएको छ।

विद्युत् विधेयक संशोधनको माग

सरकार र निजी क्षेत्र सबैलाई समान व्यवस्था गर्नुपर्ने इप्पानको धारणा

नयाँ पत्रिका

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले संसद्मा दर्ता भएको 'विद्युत् विधेयक २०८०' संशोधन गर्नुपर्ने भन्दै आफ्नो १२ बुँदे धारणा सार्वजनिक गरेको छ। इप्पानले आइतबार पत्रकार सम्मेलन गर्दै प्रतिस्पर्धा गराएर विद्युत् आयोजना विकास गर्ने व्यवस्था राम्रो भए पनि सरकार र निजी क्षेत्रलाई छुट्टाछुट्टै व्यवस्था गर्न नहुने बताएको हो।

विद्युत् वितरण तथा ग्राहक सेवाको अनुमतिपत्र जारी गर्ने र निजी क्षेत्रका लागि विद्युत् व्यापारको ढोका खोल्नेबाहेक अन्य बुँदाहरू ऊर्जा विकासमा निजी क्षेत्रको भूमिका खुम्च्याउने गरी आएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए। विद्युत् उत्पादनमा ७० प्रतिशत हिस्सा ओगटेको निजी क्षेत्रलाई निषेध गर्ने गरी ल्याइएको विद्युत् विधेयकले ऊर्जाबाट समृद्धि ल्याउने सरकारकै योजना पूरा नहुने उनले बताए।

पत्रकार सम्मेलनमा उठेका प्रश्नको जवाफ दिँदै अध्यक्ष कार्कीले निजी क्षेत्र प्रतिस्पर्धाबाट भाग्न नखोजेको स्पष्ट पारे। उनले भने, 'राम्रा आयोजना सबै सरकारले नै बनाउने र सरकारले छाडेका आयोजना मात्रै निजी क्षेत्रमा प्रतिस्पर्धामा लैजाँदा नेपालको विद्युत् सस्तो हुनुको साटो उल्टो महँगो हुने र यसले औद्योगिकीकरणदेखि आर्थिक वृद्धिसम्म सबैतिर प्रभाव पार्छ।' सरकारले बनाएका आयोजना निजी क्षेत्रको भन्दा तीन गुणा महँगो भएको महालेखाले नै उल्लेख गरेको उनले बताए। उनले भने, 'सरकार आफैँले विनाप्रतिस्पर्धा बनाउँदा त लागत तेब्बर महँगो हुन्छ, अर्कोतिर सरकारले छाडेका आयोजना निजी क्षेत्रले बनाउँदा विविध कारणले ती आयोजना स्वतः महँगिने अवस्था बन्छ।'

इप्पान महासचिव बलराम खतिवडाले सबै क्षेत्रलाई समान रूपमा प्रतिस्पर्धा गर्ने व्यवस्था भएमा मात्र स्वदेशमा विद्युत्को मूल्यमा प्रतिस्पर्धा भई नेपालीले सहुलियतमा विद्युत् पाउने बताए।

नेपालमा ऊर्जा उत्पादनमा निजी क्षेत्रले प्रवेश पाएको तीन दशकमा लगभग ७० प्रतिशत हिस्सा पुर्‍याउन सफल भएको इप्पानको भनाइ छ।

■ यस्ता छन् इप्पानका माग

- विद्युत् ऐनअनुसार जारी गरिएका सम्पूर्ण अनुमतिपत्रहरू विद्युत् ऐन, २०८० अनुसार नै लागू हुने व्यवस्था गर्नुपर्ने
- निजी क्षेत्र आफैँले जलविद्युत् आयोजनाको पहिचान तथा विकास गर्न सक्ने भूमिका थप गर्ने
- विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्रको पाँच वर्ष र विद्युत् उत्पादन अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने
- अनुमतिपत्रको अवधि जलस्रोतबाहेक अन्य प्रकृतिका सोलारलगायत विद्युत् आयोजनाको हकमा ३५ वर्ष व्यवस्था गर्ने
- सरकारी स्वामित्वका संस्था, निकाय वा संगठित संस्थाले विकास तथा सञ्चालन गर्ने विद्युत् आयोजनालाई विनाप्रतिस्पर्धा अनुमति प्रदान गरिने भन्ने व्यवस्था हटाउने
- यो ऐन प्रारम्भ हुनुभन्दा पहिले कानुनबमोजिम सर्वेक्षण अनुमतिको अवधिभित्र उत्पादन अनुमति प्राप्तिका लागि आवेदन गरेका आयोजनालाई साबिक ऐनअनुसार विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरिने व्यवस्था गर्ने
- स्वदेशमा विद्युत् खपत हुने आयोजनाको हकमा विद्युत् वितरण संस्थाले खरिददरमा प्रतिस्पर्धा गराई विद्युत् खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था संशोधन गर्ने
- जरिवानाको व्यवस्था १० लाखदेखि २० लाखसम्म र कैद सजायको व्यवस्था पाँचदेखि १० वर्षसम्म कायम राख्ने

राजस्व चुहावट नियन्त्रणको योजना बनाउन कार्यदल

काठमाडौं/ सरकारले राजस्व चुहावट नियन्त्रणको योजना बनाउन कार्यदल गठन गरेको छ। राजस्व चुहावटको पछिल्लो प्रवृत्ति विश्लेषण गरी नियन्त्रणको ठोस उपायसहितको कार्ययोजना बनाउन राजस्व सचिवको संयोजकत्वमा कार्यदल बनाएको हो।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री डा. प्रकाशशरण महतको उपस्थितिमा शनिबार सम्पन्न 'केन्द्रीय राजस्व चुहावट नियन्त्रण समिति'को बैठकले यस्तो निर्णय गरेको हो। सचिव नेतृत्वको कार्यदलमा राजस्व चुहावट नियन्त्रणमा संलग्न सुरक्षा निकाय एवं विभागीय प्रमुखहरू सदस्य रहेका छन्। समितिले कार्यदललाई एक साताको म्याद दिएको छ।

समितिले नजिक आइरहेको चाडपर्वलाई ध्यानमा राखी चोरी-पैठारी नियन्त्रणका लागि सम्बद्ध निकायबीच उच्चस्तरको समन्वय कायम गर्ने र संवेदनशील नाकाहरूमा आकस्मिक गस्ती बढाउने निर्णयसमेत गरेको छ। त्यस्तै, राजस्व चुहावट नियन्त्रणमा प्रविधिको उपयोग बढाउन सम्बन्धित निकायले योजना बनाउने, जनशक्तिको कार्यसम्पादनको निरन्तर सुपरिवेक्षण गर्ने, पैठारीको परिमाणमा अस्वाभाविक कमी आएका वस्तुहरूको बजार उपलब्धता अध्ययन गरी त्यस्ता वस्तुको चोरी-पैठारी नियन्त्रण गर्ने र नाकामा विशेष निगरानी राख्ने निर्णयसमेत भएको अर्थ मन्त्रालयले जनाएको छ।

चाडपर्वलाई आयात हुने चिनी, चामल र गहुँमा भन्सार छुट दिन निर्देशन

काठमाडौं/ संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले आसन्न चाडपर्वका लागि आयात हुने चिनी, चामल र गहुँमा मूल्यअभिवृद्धि करमा शतप्रतिशत छुट दिन र भन्सार शुल्क १ प्रतिशत मात्र लिने व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ।

आइतबार बसेको समितिको बैठकले अत्यावश्यक दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण गर्न सरकारले सहुलियत दिनुपर्ने ठहरसहित सो निर्णय गरेको हो। 'नजिकिँदै गरेका चाडपर्वको समयमा चिनी, चामल र गहुँलगायतका अत्यावश्यक वस्तुहरूको अभाव हुन नदिन र मूल्य नियन्त्रण गरी कार्टेलिङ प्रणालीलाई निरुत्साही गर्दै सहज आपूर्ति व्यवस्था मिलाउन र सहुलियत मूल्यमा बिक्री-वितरण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट भन्सार महसुल छुटका लागि अर्थ मन्त्रालयमा सहमति माग गरिएकोमा बजारको मागअनुसारको परिमाण सहमति प्राप्त नभएकोतर्फ समितिको ध्यानाकर्षण भएको छ,' समितिको निर्णयमा भनिएको छ। त्यस्तै, बजारको मागअनुसार मूल्यअभिवृद्धि कर पूरै छुटमा र १ प्रतिशत भन्सार महसुल लिने गरी आयातको सहमति उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिइएको हो।

अर्थ मन्त्रालयले यसअघि नै २० हजार टन चिनी आयातका लागि ५० प्रतिशत भन्सार छुट दिने निर्णय गरिसकेको छ। तर, समिति बैठकमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनीले अर्थले पर्याप्त परिमाणमा भन्सार छुट दिने निर्णय नगरेको जानकारी गराएका थिए। त्यसपछि समितिले उद्योग मन्त्रालयको सिफारिसअनुसारको परिमाणमा भन्सार छुट उपलब्ध गराउन निर्देशन दिने निर्णय गरेको हो। उद्योगले ६० हजार टन चिनी आयातका लागि भन्सार छुट दिन सिफारिस गरेको थियो।

उपभोग्य वस्तुहरूमा हुने मिसावट, कालोबजारी, अस्वाभाविक मूल्यवृद्धिजस्ता गतिविधि रोक्न उपभोग्य वस्तुहरूको बजार अनुगमन गर्ने कामका लागि पर्याप्त जनशक्ति र स्रोत-साधनको व्यवस्था गर्नसमेत समितिले निर्देशन दिएको छ। त्यस्तै, सुपथ पसलहरूसमेत सञ्चालन गर्न समितिले निर्देशन दिएको छ। उद्योग मन्त्रालयले विगतमा जस्तै यसपटक पनि सार्वजनिक संस्थानहरू परिचालन गरी सुपथ पसल सञ्चालन गर्ने प्रक्रिया अघि बढाइसकेको जनाएको छ। समितिमा रहेका चार-चारजना सांसद र सचिवालयका कर्मचारीको टोली बनाएर अनुगमन गर्ने निर्णय भएको समितिले जनाएको छ।

असोजमा आठ बैंकले ब्याजदर बढाए, आठले घटाए

स्थानीय तहको रकम निक्षेपमा गणना गर्न दिँदा पनि बैंकहरूले बढाए ब्याजदर

पवन तिमिल्सिना/नयाँ पत्रिका

असोजमा ब्याजदर घट्ने अपेक्षासहित अर्थ मन्त्रालयले वाणिज्य बैंकहरूलाई स्थानीय तहको सञ्चित कोषको मौज्दात रकमको ६० प्रतिशत निक्षेप गणना गर्न दिने निर्णय गरेको थियो। तर, अधिकांश बैंकहरूले अपेक्षाविपरीत ब्याजदर बढाउने र स्थिर राख्ने काम गरेका छन्। स्थानीय तहको पैसा निक्षेपमा गणना गर्न दिएसँगै बैंकहरूमा ६३ अर्बबराबरको निक्षेप थपिएको छ। स्थानीय तहको रकम दिँदा ब्याजदर बढाउन नपाइने सर्त अर्थ मन्त्रालयले राखेको बताइएको थियो।

खासगरी स्थानीयको पैसा अधिक निक्षेप राख्ने एनआइसी एसिया, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंकहरूले ब्याजदर घटाउने अपेक्षा अर्थ मन्त्रालयको थियो। राष्ट्र बैंकका अनुसार स्थानीय तहको पैसा सबैभन्दा बढी निक्षेप एनआइसी एसिया बैंकमा छ। एनआइसीसँग करिब २२ अर्बको निक्षेप स्थानीय तहको सञ्चित कोषबाट उपलब्ध हुन्छ। तर, एनआइसी एसियाले सरकारको अपेक्षा ब्रेक गर्दै ब्याजदर बढाएको छ। भदौमा १०.८९ प्रतिशत रहेको मुद्दती निक्षेपको ब्याजदर असोजमा ११.०५ प्रतिशत पुर्‍याइएको छ।

असोज महिनाका लागि आठ वाणिज्य बैंकहरूले ब्याजदर बढाएका छन्। सर्वाधिक ब्याजदर बढाउनेमा हिमालयन, एभरेष्ट र नेपाल इन्भेष्टमेन्ट बैंक रहेका छन्। यी बैंकहरूको ब्याजदर वृद्धिदर १० प्रतिशतभन्दा बढी रहेको छ। साथै, मेगा, प्राइम, नबिल, स्ट्यान्डर्ड चार्टर्ड, एनआइसी एसिया र नेपाल एसबिआईले व्यक्तिगत मुद्दतीतर्फ ब्याजदर बढाएका हुन्।

भदौमा ब्याजदर स्थिर राख्ने तथा घटाउने वाणिज्य बैंकहरूले पनि असोजमा बढाएको देखिन्छ। व्यक्तिगत मुद्दतीतर्फ सबैभन्दा बढी ब्याजदर प्राइम कमर्सियल बैंकले दिएको छ। प्राइमले ११.३६ प्रतिशतसम्म ब्याज दिने भएको हो। सिद्धार्थ बैंक, प्रभु, एनएमबि बैंक र माछापुच्छ्रे बैंकको ब्याजदर स्थिर देखिन्छ।

■ वाणिज्य बैंकको ब्याजदर

बैंकको नाम	व्यक्तिगत मुद्दती ब्याजदर (%)		संस्थागत मुद्दती ब्याजदर (%)	
बैंक	भदौ	असोज	भदौ	असोज
हिमालयन	९.९९	११.०५४	७.९९	९.०५४
एभरेष्ट	१०	११.०५४	८	९.०५४
नेपाल इनभेष्टमेन्ट मेगा	९.९९	११.०३	७.९९	९.०३
प्राइम	१०.५	११.३५८	८.५	९.३५८
नबिल	१०.४९	११.०५४	८.४९	९.०५४
स्ट्यान्डर्ड चार्टर्ड	८.९२	९.२९	६.९२	६.२९
एनआइसी एसिया	१०.८९६	११.०५४	८.८९६	९.०५४
नेपाल एसबिआई	९.९९	१०	७.९९	८
सिद्धार्थ बैंक	९.९९	९.९९	७.९९	७.९९
प्रभु	१०	१०	८	८
एनएमबि	९.९९	९.९९	७.९९	७.९९
माछापुच्छ्रे बैंक	९.९९	९.९९	७.४९	७.४९
ग्लोबल आइएमई	१०.८९६	१०.५	८.८९६	८.५
लक्ष्मी सनराइज	१०.४	१०	७.९९	८.५
राष्ट्रिय वाणिज्य	९.९९	९.५	७.९९	७.५
कुमारी	१०.८९६	१०.११	८.८९६	८.११
सिटिजन्स	१०.८९६	१०.०५	८.८९६	८.०५
कृषि विकास बैंक	१०.८९६	१०.०११९	८.८९६	८.५१
सानिमा	१०.८९६	९.९५३	८.८९६	७.९५३
नेपाल बैंक	१०.८९६	९.२९३	८.८९६	७.२९३

साउनबाट खुला प्रतिस्पर्धामार्फत ब्याजदर बढाउने निर्णय भइसकेकाले बैंकहरूमा प्रतिस्पर्धा देखिएको नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले बताए। उनले भने, 'अहिले पछिल्लो तीन महिनादेखि बैंकहरू आफैँले ब्याजदर निर्धारण गर्दै आएका छन्। ब्याजदर बढाउनेमध्ये चारवटाबाहेकका बैंकहरूले एडजस्ट गर्न बढाएको देखिन्छ।' तर, समग्रमा बैंकहरूको झुकाव भने ब्याजदर घटाउनेतर्फ केन्द्रित भएको उनको जिकिर छ। उनले भने, 'आर्थिक वर्षको सुरुको दिनलाई हेरेर तुलना गर्ने हो भने ब्याजदर घटेकै देखिन्छ। सबै बैंकहरूले आफ्नो बिजनेसअनुसार ब्याजदर तलमाथि गर्न पाउँछन्।'

■ पालिकाको पैसाको असर देखिन समय लाग्ने

स्थानीय तहको पैसा निक्षेप गणना गर्दा ब्याजदरमा पर्ने असर देखिन समय लाग्ने नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसीले बताए। उनले भने, 'यसले बैंकहरूको आधारदरमा कति असर पार्छ भनेर हेर्नुपर्छ। आधारदर घटेपछि ब्याजदरमा समेत कमी आउनेछ।'

असोजमा वाणिज्य बैंकहरूले साधारण बचतमा न्यूनतम ४.९५ प्रतिशतदेखि ८.३५ प्रतिशतसम्म ब्याजदर दिने भएका छन्। भदौमा वाणिज्य बैंकहरूले ४.९७ प्रतिशतदेखि ७.९६ प्रतिशतसम्म ब्याजदर दिइरहेका थिए।

■ यी बैंकले घटाए ब्याजदर

असोजका लागि आठवटा वाणिज्य बैंकले भने मुद्दती निक्षेपको ब्याजदर घटाएका छन्। ग्लोबल आइएमई, लक्ष्मी सनराइज, राष्ट्रिय वाणिज्य, कुमारी, सिटिजन्स, कृषि विकास बैंक, सानिमा र नेपाल बैंकले ब्याजदर घटाएका हुन्। व्यक्तिगत मुद्दतीमा सबैभन्दा कम ब्याज नेपाल बैंकको छ। नेपाल बैंकले व्यक्तिगत मुद्दतीमा ९.२९ प्रतिशत मात्रै ब्याजदर दिने भएको हो। भदौमा नेपाल बैंकको ब्याजदर १०.९ प्रतिशत थियो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लुभु, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०६/०१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय लुभु, ललितपुरबाट तपसीलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा तथा सोमा लाग्ने ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखदिएको तपसीलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परीमाणमा बिक्री गर्न १५ दिने लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन: लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात मिति २०८० असोज ०८ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा बैंकको शाखा कार्यालय लुभु, ललितपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायको शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ।

तपसील

ऋणीको विवरण:
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०७४/१०/२२ गते दर्ता नं. १८३१७१/०७४/०७५ तथा आन्तरिक राजस्व कार्यालय चावहिलमा पान नं. ६०६७८८९१५ मा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, जोरपाटी नगरपालिका, वार्ड नं. ०५, गोकर्णेश्वर स्थित रजिष्टर्ड कार्यालय रहेको **एस स्टोन हाउजिङग प्रा.लि.** (सञ्चालक जय नारायण लामिछानेको नाति, देवदत्त लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, नाड्लेभारि गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **अग्नी प्रसाद लामिछाने**, ना.प्र.नं. ७६१५/१३७/१४२२०/४२२७७/५१३४२, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जय नारायण लामिछानेको नाति, देवदत्त लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, नाड्लेभारि गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **अग्नी प्रसाद लामिछाने** (ना.प्र.नं. ७६१५/१३७/१४२२०/४२२७७/५१३४२, जारी मिति २०४४/०६/०४, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
२. देवदत्त लामिछानेको नाति, अग्नी प्रसाद लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **सौगात लामिछाने** (ना.प्र.नं. २७-०१-७१-०१६२२, जारी मिति २०७१/०४/२७, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।
३. देवदत्त लामिछानेको नाति, अग्नी प्रसाद लामिछानेको छोरा, काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५ बस्ने **शुसान्त लामिछाने** (ना.प्र.नं. २७-०१-७६-०२६७४, जारी मिति २०७६/०२/२१, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ)।

लिलाम हुने सम्पत्तिको विवरण:
१. **एस स्टोन हाउजिङग प्रा.लि.** को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं ४ स्थित कित्ता नं. २८८, ४५७९, ४६२५ र ४६२६ क्षेत्रफल क्रमश १४५.५६, ६२०.३९, २२५.०० र ३५ (व.मि.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन अर्थात २०८० असोज ०७ गते** भित्र बैंकको शाखा कार्यालय लुभु, ललितपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लि.को शाखा कार्यालय लुभु, ललितपुरबाट रु.५००/तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी वाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफूले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षर मा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि. मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो वाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात मिति २०८० असोज ०८ गते ३:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय लुभु, ललितपुरमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिने छ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय लुभु, ललितपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ।

बोलपत्र खोलिने मिति २०८० असोज ०८ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय लुभु, ललितपुर फोन नं ०१-५५८१५३५

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. ४४/७१२८/०७३ अन्तर्गत मिति २०७३/०४/२७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ स्थित **मोडेल एग्रो प्रोडक्ट** **प्रोप्राईटर तथा जमानीकर्ता : अब्दुल अजीज अलि मोमिन** स्थायी ठेगाना: नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : विसमिल्ला मोमिन बाजे : जमईल मोमिन	१) जमईल मोमिनको नाती, विसमिल्ला मोमिनको छोरा, नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ मा बस्ने अब्दुल अजीज अलि मोमिन ...१, मंसुर अलि मोमिन... १ तथा दिन अल्ली मोमिनकी छोरी, जमईल मोमिनकी बुहारी, विसमिल्ला मोमिनकी पत्नी, नवलपरासी जिल्ला, देवसरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ मा बस्ने सदरुना निसा मोमिन... १ गरी जम्मा ३ जनाको संयुक्त नाममा मालपोत कार्यालय परासी, नवलपरासी (व.सु.प.)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ ख (हाल रामग्राम न.पा. वडा नं. १७) स्थित कित्ता नं. २५१ क्षेत्रफल १-७-६ (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सवारी मोडल : DI 6565 NG-TRACTOR-2017 च्यासिस नं.: UAG650029208 ईन्जिन नं.: A65TUAG0005235 सवारी दर्ता नं.: लु ३ त ८८७६ ३) मोडेल एग्रो प्रोडक्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सदरुना निसा मोमिन	२) अस्तरुन निसा	३) मंसुर अलि मोमिन
स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवसरा गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : दिन अल्ली मोमिन ससुरा : जमईल मोमिन पति : विसमिल्ला मोमिन	ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : अब्बास मुसलमान ससुरा : विसमिल्ला मोमिन पति : अब्दुल अजीज मोमिन	स्थायी ठेगाना : नवलपरासी जिल्ला, देवगांव गा.वि.स. वडा नं. ८ हालको ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १७ बाबु : विसमिल्ला मोमिन बाजे : जमईल मोमिन

क्र.सं.	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं. १५३५८२/०७६/७७, समुन्द्रपार आयात निर्यात अन्तर्गत मिति: २०७६/१०/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं २२ स्थित **ज्याकेट्स वेयर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: प्रेम ध्वज तामाङ** स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५ स्वयम्भू बाबु : चन्द्र ध्वज तामाङ बाजे : बुद्धिमान तामाङ	**२) प्रेम ध्वज तामाङ** स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू बाबु : चन्द्र ध्वज तामाङ बाजे : बुद्धिमान तामाङ

धितोको विवरण

१) बुद्धिमान तामाङको नाती, चन्द्र ध्वज तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू बस्ने प्रेम ध्वज तामाङको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, मातातीर्थ गा.वि.स. वडा नं. ७क (हाल चन्द्रागिरी न.पा. वडा नं. ८) स्थित कित्ता नं. १५४७ को क्षेत्रफल ०-९-१-१ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) ज्याकेट्स वेयर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सोनिया लामा	२) लक्ष्मण बोम्जन	३) राम बोम्जन
ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू बाबु : गोकुल लामा ससुरा: चन्द्र ध्वज तामाङ पती : प्रेम ध्वज तामाङ	स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू बाबु : चन्द्र ध्वज तामाङ बाजे : बुद्धिमान तामाङ	स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू बाबु : चन्द्र ध्वज तामाङ बाजे : बुद्धिमान तामाङ

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
३)	१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २४०४१२/०७७/०७८ अन्तर्गत मिति: २०७७/०४/२७ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित **हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि.** **संचालक तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. सम्सेर बहादुर सिंहको नाति, किशोर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बस्ने सुरज सिंहको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, उर्मा गा.वि.स. वडा नं ९ (हाल धनगढी उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. ६०८ को क्षेत्रफल २६८०।०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २. सवारी मोडल: ISUZU S-CAB च्यासिस नं.: M3GTFR54JKB000860 ईन्जिन नं.: A2A895 | सवारी दर्ता नं.: प्र ३-०१ ०२४ च २६७९ ३. हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण	
२. सुमन सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा.वडा नं १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु: सम्सेर बहादुर सिंह बाजे: भैरव बहादुर सिंह	२. सुरज सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना:कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह
३. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२०१२१/०७६/०७७ अन्तर्गत मिति: २०७६/०४/१६ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३, महाराजगंज स्थित **लटिनाथ मल्टिपरपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: सुरज सिंह** स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह	१. किशोर बहादुर सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ हालको ठेगाना: कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बाबु: सम्सेर बहादुर सिंह बाजे: भैरव बहादुर सिंह	२. सुमन सिंह स्थायी ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, वसुन्धरा बाबु: किशोर बहादुर सिंह बाजे: सम्सेर बहादुर सिंह

धितोको विवरण

१. भैरव बहादुर सिंहको नाति, सम्सेर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ बस्ने किशोर बहादुर सिंहको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १ (हाल धनगढी उ.म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १३५ को क्षेत्रफल ६४४.०० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२. लटिनाथ मल्टिपरपोज ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

एनसेलले मनायो १८औँ वार्षिकोत्सव

नयाँ पत्रिका

एनसेल आजियाटाले सेवा सञ्चालनको १८औँ वार्षिकोत्सव मनाएको छ। १७ सेप्टेम्बर २००५ बाट दूरसञ्चार सेवा सुरु गरेको यसको सुरुवातमा 'मेरो मोबाइल' नाम राखिएको थियो।

कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत एवं प्रबन्ध निर्देशक जोर कायमोभले एक करोड ६० लाखभन्दा बढी नेपालीको अभिन्न अंग बन्न पाएकोमा खुसी व्यक्त गरे। 'एनसेल नेपाल र नेपालीलाई गुणस्तरीय सेवाले जोड्न प्रतिबद्ध छ र अब हामी देशको दूरसञ्चार आवश्यकता र प्रविधि विकासलाई सम्बोधन गर्न अझै जिम्मेवार बनेको हो,' उनले भने, 'साथै बहुसंख्यक नेपालीका लागि पाउन कठिन हुने सेवा-सुविधामा सहज पहुँच सुनिश्चित गराउने अब हाम्रो भिजन हुनेछ।' नयाँ यात्राको सुरुवातसँगै एनसेलले आफ्नो ब्रान्डको वाचा 'आज, भोलि, सधैँ सँगै'अन्तर्गत रही हामी-तपाईंकै लागि थिम घोषणा गरेको छ।

वार्षिकोत्सव अफरमा प्रत्येक ग्राहक विजेता

एनसेलले वार्षिकोत्सवको अवसरमा आकर्षक अफर पनि ल्याएको छ। एनसेलले ल्याएको अफरमा प्रत्येक ग्राहक विजेता बन्नेछन्। 'एभ्री कस्टमर इज अ विनर' अफरमा २८ दिनसम्म केही न केही सेवा सरप्राइज लोयल्टी गिफ्ट पाउनेछन्। यस अफरमा एन्ट्रिक्सन ७११७ ह्यास डायल गर्ने ग्राहकले दैनिक, साप्ताहिक र बम्पर उपहारहरू प्राप्त गर्न सक्नेछन्। दैनिक उपहारमा ग्राहकले एनसेलका सेवा कुनै पनि शुल्कविना



प्राप्त गर्न सक्छन्। प्रत्येक हप्ता एनसेलका एक हजार ग्राहकले १०० ब्यालेन्स पाउनेछन् र अफरको अन्त्यमा सातजना भाग्यशाली ग्राहकले सातवटा स्कुटर पाउनेछन्। साप्ताहिक र बम्पर उपहारहरू प्राप्त गर्न ग्राहकले अफर अवधिभर एनसेल सेवाहरू प्रयोग गरेको हुनुपर्छ र एनसेलका बारेमा रचनात्मक नारा एनसेल एप वा एनसेल वेबसाइटमार्फत पठाउनुपर्नेछ।

त्यस्तै, आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (बिएसआर) र थिम हामी-तपाईंकै लागि एनसेलले राष्ट्रिय प्यारालम्पिक समिति नेपालसँग सहकार्यको घोषणा गरेको छ। जसअन्तर्गत कम्पनीले राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलहरूमा नेपालको प्रतिनिधित्व गर्ने प्यारालम्पिक राष्ट्रिय खेलाडीलाई सहयोग गर्नेछ।

त्यस्तै, एनसेलले 'एटिन फर एटिन अर्थात् १८ वटा कार्यक्रम पनि घोषणा गरेको छ।

यसअन्तर्गत एनसेलले सातवटै प्रदेशका गैरनाफामूलक संस्थाहरूबाट आफ्नो स्थानीय समुदायलाई हित गर्ने कुनै पनि सामुदायिक विकास परियोजनाका लागि आवेदन दिन आह्वान गरेको छ।

निश्चित मापदण्ड र प्रक्रिया पुऱ्याएर छानिने त्यस्ता सिएसआर आयोजनाका लागि कम्पनीले प्रतिपरियोजना १० लाख रुपैयाँ प्रदान गर्नेछ।

कम्पनीले विगत १८ वर्षमा एनसेलले शिक्षा, वातावरण र स्वास्थ्यलगायतका विभिन्न क्षेत्रहरूका सामाजिक परियोजनाहरूमा एक अर्ब ८० करोड रुपैयाँभन्दा बढी योगदान गरिसकेको छ। सबैभन्दा ठूलो करदातामध्ये एकका रूपमा, एनसेलले अर्थतन्त्रमा प्रभावकारी योगदान पुऱ्याउँदै आएको छ र आफ्नो स्थापनाकालदेखि कर र शुल्कबापत दुई अर्ब ८३ करोडभन्दा बढी तिरिसकेको छ।

नाम्चेमा नबिल बैंकको शाखा

काठमाडौं/ नबिल बैंक लिमिटेडको २६५औँ शाखा सोलुखुम्बु जिल्लाको नाम्चेमा उद्घाटन गरिएको छ। बैंकिङ पहुँच विस्तार तथा दुर्गम क्षेत्रमा शाखा विस्तार रणनीतिका साथ नाम्चेमा शाखा विस्तार गरिएको बैंकले जनाएको छ। बैंकका अध्यक्ष उपेन्द्रप्रसाद पौड्याल तथा पूर्ववडाध्यक्ष छिरिङ फेन्जो शेर्पाले प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाको उपस्थितिमा संयुक्त रूपमा बैंकको उद्घाटन गरेका छन्। कार्यक्रममा अध्यक्ष पौड्यालले नाम्चेमा नबिलको व्यवसाय विस्तार मात्रै नभई समुदायस्तरमा काम गर्ने बताए। 'नबिल बैंकले समुदायसँग मिलेर काम गर्नेमा विश्वास राखेको छ र नाम्चेमा शाखा खोल्नु हाम्रा लागि खुसीको क्षण हो,' उनले भने। प्रमुख अतिथि शेर्पाले स्थानीयस्तरमा वित्तीय पहुँच र आर्थिक उपार्जनका क्रियाकलापका लागि बैंकको उपस्थिति अर्थपूर्ण रहने बताए। नबिल बैंकका सिइओ ढुंगानाले नाम्चे क्षेत्रमा सहज वित्तीय पहुँच दिने र गुणस्तरीय बैंकिङ सेवा विस्तार गर्ने उद्देश्यले शाखा विस्तार गरिएको बताए।



नेपाल एसबिआई मर्चेन्टमा पोखेल



काठमाडौं/ नेपाल एसबिआई मर्चेन्टको प्रमुख कार्यकारी अधिकृत (सिइओमा)मा लेखनाथ पोखेल नियुक्त भएका छन्। ३१ भदौमा बसेको सञ्चालक समितिको ५५औँ बैठकले पोखेललाई नियुक्त गरेको हो। उनले यसअघि नेपाल एसबिआई बैंकको वित्त, लेखापरीक्षण र मधेश प्रदेश कार्यालय प्रमुखको जिम्मेवारी सम्हालिसकेका छन्। बैंकिङ तथा वित्तीय क्षेत्रमा १० वर्षभन्दा बढीको कार्य अनुभव रहेको छ।

नेपाल एसबिआई बैंकको सहायक कम्पनीका रूपमा रहेको यस मर्चेन्टको चुक्ता पुँजी २० करोड छ। मर्चेन्टले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई कोष व्यवस्थापन, लगानी व्यवस्थापन, संस्थागत परामर्श, मर्चेन्ट बैंकिङलगायतका सेवा प्रदान गर्दै आइरहेको छ।

दरबारमार्गमा नयाँ रूपमा फर्कियो केएफसी



काठमाडौं/ केएफसी नेपालको दरबारमार्ग स्टोर पुनः सञ्चालनमा आएको छ। सन् २००९ को नोभेम्बर २५ मा दरबारमार्गस्थित केएफसी स्टोरको सञ्चालनसँगै नेपालमा केएफसी ब्रान्डको प्रवेश भएको थियो।

यसैबीच केएफसी नेपालले बहुप्रतीक्षित डबल डाउन बर्गर (अल चिकेन-नो बन) नेपालभरका स्टोरहरूमा उपलब्ध गराउन सुरु गर्ने भएको छ। नेपालमा पर्वहरूको यामलाई लक्षित गर्दै पुनः डबल डाउन बर्गर ग्राहकसमक्ष पुऱ्याउने निर्णय केएफसीले गरेको छ।

स्टोरको परिमार्जित इन्टेरियर डिजाइन, सुधारिएको सिट प्रबन्ध र स्वागतयोग्य वातावरणले पाहुनालाई स्मरणीय भोजन अनुभव दिने कम्पनीको विश्वास छ। साथै, दरबारमार्ग स्टोरमा स्वचालित रूपमा अर्डर गर्न सकिने सेल्फ-अर्डरिङ कियोस्क मेसिन जडान गरिनेछ। आउँदो चाडपर्वको अवसरमा केएफसी नेपालले पाँच सय २९ रुपैयाँमा डबल डाउन बर्गर ल्याएको छ।

सैनिक पेट्रोलपम्पमा डिजिटल काउन्टर



काठमाडौं/ हिमालयन बैंकले भद्रकालीस्थित सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित रिपुमर्दिनी पेट्रोल स्टेसनमा डिजिटल भुक्तानी काउन्टर सञ्चालनमा ल्याएको छ। बैंक र सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित पेट्रोल स्टेसनबीच भएको सम्झौता उक्त काउन्टर सञ्चालनमा ल्याइएको हो। पेट्रोल स्टेसनमा स्थापना गरिएको सो काउन्टरमा ग्राहकले विभिन्न बैंकको मोबाइल बैंकिङ एपमा रहेको नेपालपे क्युआर सबै बैंकबाट जारी भएको एटिएम कार्डमार्फत पिओएस मेसिनबाट भुक्तानी गर्न सक्नेछन्।

बैंकका तर्फबाट बैंकका नायब प्रमुख कार्यकारी उज्ज्वल राजभण्डारी तथा सैनिक कल्याणकारी कोषको तर्फबाट कोषका सहायक रथी किरण केसीले संयुक्त रूपमा उद्घाटन गरेका छन्।

द.नं. १५२२/०६५/६६ स्थायी लेखा नं.: ३०३३५४५१२

जनसागर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
कामपा-१६, नयाँबजार, काठमाडौं, फोन: ४३६१३७७
इमेल : janasagar.1@gmail.com, वेभ: www.janasagar.com.np

पन्ध्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०।६।१ गते

मिति २०८० भदौ ८ गतेको सञ्चालक समितिको बैठकले यस संस्थाको **पन्ध्रौं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा तपशिलका प्रस्ताव उपर छलफल गरी सम्पन्न गर्ने निर्णय गरेको हुँदा सम्पूर्ण सदस्यहरूलाई महत्वपूर्ण सल्लाह र सुझावसहित सभामा अनिवार्य उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

छलफलका विषयहरू:

- सञ्चालक समितिको तर्फबाट संस्थाको अध्यक्षज्यूबाट आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
- सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षज्यूबाट आ.व. २०८०/८१ को वार्षिक नीति कार्यक्रम तथा बजेट उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
- आ. व. २०७९/८० को लेखापरीक्षकको प्रतिवेदनसहितको आर्थिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
- संस्थाद्वारा आ.व. २०७९/८० को कोष वितरण, संरक्षित पुँजी फिर्ता कोष तथा तथा लाभांश (प्रस्तावित) छलफल गरी पारित गर्ने सम्बन्धमा।
- आ. व. २०८०/८१ का लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा।
- संस्थाको विनियम तथा आन्तरिक कार्यविधि संशोधन तथा पुनःलेखन सम्बन्धमा।
- आ. व. २०७९/८० मा सञ्चालक समितिले गरेका निर्णयहरू पारित गर्ने सम्बन्धमा।
- ब्याज छुट अनुमोदन सम्बन्धमा।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा।
- विविध।

साधारण सभा हुने
मिति : २०८० असोज २७ गते शनिबार (14 Oct. 2023, Saturday)
स्थान : **नयाँबजार मल्टी भेन्यु**, नयाँबजार, काठमाडौं
समय : बिहान ७:१५ बजे

-नोट : सदस्यहरूलाई महत्वपूर्ण सल्लाह तथा सुझावका साथ तोकिएको समयमै साधारण सभामा उपस्थित भइदिनुहुन अनुरोध गरिन्छ।)

सञ्चालक समितिको आज्ञाले
ऋषिराम देवकोटा
सचिव

युनिभर्सल सहकारी लिमिटेड
बानेश्वर, काठमाण्डौ, फोन नं. ०१-४११५९५२, ०१-४११५९३६

तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋण तिर्न आउने बारे ३५ दिने सूचना

यस सहकारीबाट निम्न सदस्यहरुले विभिन्न शिर्षकमा लिएको कर्जा चुक्ता गर्न विभिन्न प्रयास गर्दा पनि कर्जा चुक्ता नगरि दिएकोले पत्रिकामा प्रकाशित मितिले ३५ दिन भित्र कर्जा चुक्ता गर्न आउन हुन सूचित गरिन्छ अन्यथा यस संस्थाको नियमअनुसार कारवाही गरिने व्यहोरो समेत अवगत गराउँदछौं।

सि.नं.	ऋणीको नाम र तीन पुस्ते	सुरक्षणमा रहेको अचल सम्पत्तीको विवरण
१	**ऋणी : श्री दिल बहादुर श्रेष्ठ** बाबुको नाम : श्री गणेश बहादुर श्रेष्ठ बाजेको नाम : लाल बहादुर श्रेष्ठ ठेगाना : साविक सिन्धुपाल्चोक जिल्ला, चौतारा गा.वि.स. वडा नं. १, हाल का.म.न.पा. २ ना.प्र.प.नं. १६४८/६९००५ सिन्धुपाल्चोक, मिति २०५१/०४/२६	ऋणीको एकाघर बुबा श्री गणेश बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोक चौतारामा दर्ता श्रेष्ता कायम रहेको सि.पा.जि. चौतारा वडा नं. १ कित्ता नं. २६३, ३१९, ४४५, ४४९, ४५४, ५०७, ५३४, ५३५, ४१० क्षेत्रफल क्रमश: ०-६-१-३, १-६-१-१, २-१५-२-०, १-०-२-०, ५-७-०-२, ०-६-०-०, ०-१५-३-२, ०-४-२-१, ०-१०-१-०, भएको जग्गा र सोको लिग लगापात समेत।
२	**ऋणी : श्री राम बहादुर भुजेल** बाबुको नाम : श्री मान बहादुर .भुजेल बाजेको नाम : कालु मान भुजेल ठेगाना : रामेछाप जिल्ला, सालु वडा नं. ४ ना.प्र.प.नं. ६७९८७, रामेछाप, मिति २०६१/०७/१५	ऋणीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला दुवाकोट वडा नं. ९ख कित्ता नं. १०४५ क्षेत्रफल ०-४-०-० भएको जग्गा र सो को लिग लगापात समेत।
३	**ऋणी : श्री रीता पोखेल भट्टराई** बाबुको नाम : श्री रोहिनी पोखेल पतिको नाम : श्री परुषोत्तम भट्टराई ससुराको नाम : मेघनाथ भट्टराई ठेगाना : झापा जिल्ला, राजगढ वडा नं. ५ हाल का.म.न.पा. ३२ कोटेश्वर ना.प्र.प.नं. ६७१५६२३ झापा, मिति २०४५/०१/११	ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला बुङमती वडा नं. ८ग कित्ता नं. ११९, १२१ र १२० क्षेत्रफल ०-६-०-०, ०-६-१-० र ०-६-०-० भएको जग्गा र सो को लिग लगापात समेत।

आइएमई पेमा एकको डबल अफर

काठमाडौं/ 'आइएमई पेले' असोज ३ र ४ गते सञ्चालन हुने 'अल्टिमा अनलाइन मेला'मा 'एकको डबल' अफर सार्वजनिक गरेको छ। 'अल्टिमा अनलाइन मेला'मा अल्टिमा अटोम ५२० वा अल्टिमा अटोम ३२० इयरबड खरिद गर्ने पाँच सयजनालाई अर्को एयरबड निःशुल्क दिने भएको छ। साथै, अन्य अल्टिमाका ग्याजेट्सहरूमा आइएमई पेमार्फत भुक्तानी गर्दा २५ प्रतिशत छुट प्राप्त हुनेछ।

नेपाल एसबिआई र ओम्नी मोटर्सबीच सम्झौता

काठमाडौं/ नेपाल एसबिआई बैंक र ओम्नी मोटर्सबीच सम्झौता भएको छ। उक्त सम्झौता बैंकका प्रमुख कर्जा अधिकृत अर्जुन नेपाल र ओम्नी मोटर्सका सहनिर्देशक उदयन काब्राले हस्ताक्षर गरेका छन्। यस सम्झौताको उद्देश्य बैंकको हायर पर्चेज योजनाअन्तर्गत सवारीसाधनको फाइनान्सिङलाई सहज बनाउन रहेको छ।

साढे तीन अर्ब...

पृष्ठ १ बाट क्रमशः

अभियोगमा नेपालीहरू कृष्णकुमार श्रेष्ठ, दिलीप भुजेल, कुमार ढकाल, पुष्करराज भट्ट, सन्तोष चन्द, सरोज श्रेष्ठ र गणेशप्रसाद पौडेल, थुप्तिन छिरिङलाई प्रतिवादी बनाइएको छ ।

घटनामा यादव पराजुली, सुदर्शन गौतम, रुकमिना सुब्बा, राजेन्द्रकुमार राई, रामकुमार भुजेल, हर्कराज राई, किशोर बस्नेत, वीरेन्द्र नेपाली, सुमन खरेल, शिवकुमार सर्राफलाई पनि प्रतिवादी बनाइएको छ । त्यसबाहेक भोला साह सोनार, जीवन चलाउने र अमला रोकालाई पनि घटनामा प्रतिवादी बनाइएको छ । उनीहरू भने फरार छन् ।

बिगो रकम रेडी ट्रेडको नाममा दुई महिनाको बीचमा तस्करी भएको ३६२.७७८ केजी सुनको मूल्यबराबरको हो । जसमध्ये ६०.७१६ किलो सुन गत २ साउनमा विमानस्थलस्थित भन्सार कार्यालयबाट बाहिरिँदै गरेको अवस्थामा बरामद भएको थियो । बाँकी सुन भने बिक्री गर्न भारतीय बजारमा लगिसकिएको थियो ।

उनीहरूविरुद्ध भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिमको कसुर र संगठित अपराध निवारण ऐन, २०७० को दफा २ को (घ), दफा ३ को उपदफा (१ र २) तथा दफा (३) कै (क) कसुरमा संलग्न रहेको भनिएको छ । भन्सार ऐन, २०६४ को दफा ५७(१)मा भनिएको छ, 'कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी बाटो तोकिएमा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको बिगोबमोजिम जरिवाना वा कैद सजाय गर्न सक्नेछ ।'

त्यस्तै, संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को १ मा भनिएको छ, 'कसैले संगठित अपराध गर्न वा गराउन हुँदैन । आपराधिक समूहका लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी-जानी कुनै गम्भीर अपराध गरेमा निजले संगठित अपराध गरेको ठहरिनेछ ।'

प्रतिवादीविरुद्ध भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१घ) को (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ५७ को उपदफा (१घ) अनुसार जरिवाना र बरामद सुन जफत गर्न माग दाबी गरिएको छ । उक्त दफामा भनिएको छ, '५० लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको बिगोमा ६ महिनादेखि एक वर्षसम्मको कैद सजाय हुनेछ ।'

त्यस्तै, प्रतिवादीविरुद्ध संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) र दफा ९(ग) बमोजिम थप सजाय गर्न माग दाबी गरिएको छ । उक्त दफामा भनिएको छ, 'संगठित अपराधमा संलग्नविरुद्ध प्रचलित कानुनबमोजिम हुने सजायको अतिरिक्त थप ५० प्रतिशत सजाय हुनेछ । आपराधिक समूह गठन गर्नेविरुद्ध पाँच वर्ष कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।'

त्यस्तै, प्रतिवादी दावा छिरिङ, रोगर वा स्टेप्स भनिने नेङकाई, पुचिङ र सर्राफविरुद्ध नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५(१) बमोजिमको कसुरमा सोही ऐनको दफा ९६(१) बमोजिमको सजायको माग दाबी गरिएको छ । उक्त ऐनको दफा ९५(१)मा भनिएको छ, 'बैंकले निर्धारण गरेको नीतिविपरीत ब्याज लिनु वा दिनु गरेमा वा जाली वा खोटो वा नक्कली वा प्रतिलिपि मुद्रा जारी गरेमा वा त्यस्तो मुद्रा वितरण वा लेनदेनमा संलग्न भएमा, विदेशी विनिमय कारोबार गरेमा वा त्यस्तो कार्यमा संलग्न भएमा ऐनबमोजिम कसुर गरेको मानिनेछ ।'

कसुर गर्नेविरुद्ध सजाय हुने सन्दर्भमा सोही ऐनको दफा ९६(१)मा भनिएको छ, 'कसुर गर्ने व्यक्तिलाई उक्त कसुरसँग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।'

कसको के...

पृष्ठ १ बाट क्रमशः

- **राजेन्द्रकुमार राई** : भन्सारको आशिकुन्डा सिस्टममा अन्य प्रतिवादीहरू सुदर्शन गौतम, रुकमिना सुब्बा, यादव पराजुलीसमेतलाई परिचालन गरी अवैध रूपमा लुकाई ल्याएको सुन भन्सार जाँच पास गराउने कार्यमा संलग्न रहेको ।
- **कृष्णकुमार श्रेष्ठ र पुष्कर्रराज भट्ट** : अवैध सुन रहेका मालवस्तुहरू पैठारी गर्ने कार्यमा संलग्नता रहेको ।
- **सुदर्शन गौतम, यादव पराजुली र रुकमिना सुब्बा** : सुन रहेका मालवस्तुहरूलाई ब्रेक प्याड नै हो भनी मालवस्तुको प्रकृति र गुण फरक पारी घोषणा गरी, ब्रेक प्याड रहेको भनी मूल्य स्वघोषणा गरी सिस्टममा प्रज्ञापनपत्र दर्ता गरी भन्सार प्रक्रियाका लागि पेस गर्ने कार्यमा संलग्न रहेको ।
- **मी तियन र याङ मेन** : अवैध सुन बरामद भई प्रतिवादीहरूमध्येका दावा छिरिङ पक्राउ परेपश्चात् प्रतिवादी नेङकाई र सेङफालाई पाटनको होटेलमा लुकाईछिपाई राखी संरक्षण दिएको ।
- **किशोर बस्नेत** : दावा छिरिङको निर्देशनमा २० हजार लिई डिटरजेन्ट पाउडर भनी सुन पगाल्न प्रयोग हुने केमिकल पुर्‍याईदिएको, प्रतिवादी दावा छिरिङसँग मिली चाइनिज नागरिकहरूलाई भारतसम्म पुर्‍याउन कुराकानी गरेको, दावा छिरिङले सुनको बिस्कुट भएको फोटो देखाई सुन बिक्री गरेबापत प्रतिकेजी सुनको २० हजार कमिसन दिने भनी दाबा छिरिङको निर्देशनमा सुन खरिद गर्ने व्यक्तिहरू खोजी गर्न परिचालन भएको ।
- **दावा छिरिङ** : तियान, वेन र पुचिङलाई होटेल भियनामा संरक्षण दिई दैनिकजसो होटेलको कोठाहरू परिवर्तन गराई लुकाएर संरक्षण गरेको, प्रतिवादी किशोर बस्नेतलाई चाइनिज नागरिकहरूलाई भारतसम्म लैजाने व्यवस्थापन गर्न निर्देशन दिएको, चाइनिज नागरिक गोम्बोसँग मिली सुन गाल्ने केमिकल मगाएको ।
- **सरोज श्रेष्ठ** : पैठारी भई आएका मालवस्तुहरूलाई एक्स-रेमार्फत चेकजाँच गर्ने क्रममा भन्सार अधिकृतसमेतका कर्मचारीलाई मौखिक तथा लिखित रिपोर्ट नगरेको ।
- **कुमार ढकाल र सन्तोष चन्द** : मालवस्तुको मूल्य जाँचपास गर्दा एक्स-रेमा खटिएका प्रतिवादी सरोज श्रेष्ठले चारवटा कार्टुनमा आरअसी लेखेकोमा पुनः एक्स-रे गर्ने तथा एक-एक गरी चेक गर्नुपर्नेमा नगरेको ।
- **गणेशप्रसाद पौडेल र वीरेन्द्र नेपाली** : बिलबिजक मात्र भिडाइ, पुनः जाँचपासका लागि आदेश दिनुपर्नेमा सो नगरी सुन रहेका ब्रेक प्याडहरूलाई ब्रेक प्याड मात्र भनी मूल्यांकन गरी सो मूल्यांकन सदरका लागि सिफारिस गरेको ।
- **रामकुमार भुजेल** : थुप्तिन छिरिङ र हर्कराज राईसमेतसँग मिली आफ्नो नाममा र आफ्नो नातेदारसमेतको नाममा कम्पनी खडा गरेको, प्रत्येक कम्पनी खडा गर्नका लागि एक लाख ५० हजारदेखि दुई लाखसम्म रकम लिई कम्पनीहरू खोली सोको कागजातहरू प्रतिवादी हर्कराज राईलाई दिएको ।
- **प्रतिवादी दिलीप भुजेल** : रामकुमार भुजेलसँग मिलेमतो गरी रेडी ट्रेड प्रालि नामको कम्पनी खडा गरेको, सो कम्पनी खडा गर्न एक लाख ५० हजार रकम लिएको, कम्पनीको नाममा इक्जिम कोड लिएको ।
- **सुमन खरेल** : भारतीय नागरिक राजु मारवाडीको निर्देशनमा चिनियाँ नागरिक पुचिङलाई सुनको अवैध कारोबारका लागि आठ लाख दिएको, सुनलाई विभिन्न आकार तथा प्रकारमा बदली फरक-फरक परिमाणमा बनाई शिवकुमार सर्राफ, भोला साह सोनार, भारतीय नागरिक सन्दीपलाई बिक्री गरेको ।
- **शिवकुमार सर्राफ** : सुमन खरेलमार्फत सात केजी खरिद गरी सोको भुक्तानी क्रिप्टोमार्फत गरेको ।
- **भोला साह सोनार** : सुमन खरेलबाट सुन खरिद गरेको ।
- **जीवन चलाउने** : प्रतिवादीसँग सुन कारोबारका सन्दर्भमा सामाजिक सञ्जालमा संवाद गरेको ।
- **अमला रोका** : सुन तस्करीमा संलग्न चिनियाँ नागरिकलाई बस्ने व्यवस्था मिलाएको र साता दिनसम्म लुक्न सहयोग गरेको । श्रीमान् दावा छिरिङसमेतको समन्वय र सहकार्यमा सुन तस्करीमा संलग्न रहेको साथै सुन तस्करीमा दावा छिरिङले गर्ने हरेक कारोबारमा संलग्न देखिएको, प्रतिवादीसँग पटक-पटक सम्पर्क भएको ।

२९ जिल्ला...

पृष्ठ १ बाट क्रमशः

जना परीक्षार्थी थिए । आयोगले लिने परीक्षामा उत्तीर्ण हुनेको संख्या निकै न्यून हुने गरेको छ । यसअघिका परीक्षामा पनि माग भएको संख्याभन्दा निकै कम मात्र पास हुने गरेको तथ्यांक छ । यसपटक पनि उस्तै नतिजा दोहोरिएको छ । कानुन व्यवसायीबाट न्यायाधीश नियुक्तिका लागि परीक्षा लिँदा पनि न्यून मात्रै उत्तीर्ण हुन्छन् ।

परिषद्का प्रवक्ता मानबहादुर कार्की परीक्षा प्रणालीका कारण जिल्ला न्यायाधीशमा न्यून उत्तीर्ण हुने गरेको बताउँछन् । 'हामीले अहिलेसम्म चार-पाँचवटा परीक्षा लियौं, सबैमा यस्तै-यस्तै नतिजा छ । परीक्षामा प्रत्येक पत्रमा ५० अंकभार ल्याए मात्र पास हुने व्यवस्था भएका कारण पनि यस्तो हुन सक्छ,' प्रवक्ता कार्कीले भने, 'सहसचिवको परीक्षामा त ४०-४० ल्याए उत्तीर्ण भइन्छ । तर, यहाँ हरेक पत्रमा ५० आए मात्र पास हुने व्यवस्थाले परीक्षार्थीलाई अप्ठ्यारो भएको हो कि ?' उनले न्याय सेवा आयोग ऐनको यो व्यवस्था संशोधन गरेर ४० मा झार्न सुझाव पठाएको बताए ।

हालको पाठ्यक्रमअनुसार चारवटा विषयको परीक्षा हुन्छ । जसमा विधिशास्त्र, संवैधानिक कानुन र कानुन प्रणालीको पहिलो विषय हुन्छ । यसैगरी देवानी कानुन तथा कार्यविधिको पनि परीक्षा लिइन्छ । फौजदारी कानुन र कार्यविधि तेस्रो पत्रमा राखिएको छ । चौथो पत्रमा भने मिसल खण्ड हुन्छ ।

जिल्ला न्यायाधीशका लागि परीक्षा लिने व्यवस्था पहिलोपटक नेपालको संविधान, २०७२ मा आएको हो । पहिलोपटक २०७४ मंसिरमा ३० जना जिल्ला न्यायाधीश नियुक्तिका लागि परीक्षा लिइएकोमा १६ जना उत्तीर्ण भएको प्रवक्ता कार्कीको भनाइ छ । त्यसवेला तीन सय ७३ जना परीक्षामा सामेल भएका थिए ।

संविधानअनुसार स्नातक उत्तीर्ण न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमता मूल्यांकनका आधारमा २० प्रतिशत जिल्ला न्यायाधीश नियुक्त गर्ने प्रावधान छ । रिक्त रहेको जिल्ला न्यायाधीशको ४० प्रतिशत न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाका आधारमा नियुक्त गर्ने व्यवस्था छ । बाँकी ४० प्रतिशत कानुनमा स्नातक उत्तीर्ण गरी आठ वर्ष निरन्तर वकालत गरेका, कानुनको अध्ययन-अध्यापन वा अन्वेषणका क्षेत्रमा कार्यरतलाई परीक्षापछि न्यायपरिषद्ले सिफारिस गर्छ । कानुन व्यवसायीहरूबीच पनि खुला प्रतिस्पर्धाबाट जिल्ला न्यायाधीश नियुक्त हुन्छन् ।

शुक्रबारसम्म ३९ जना जिल्ला न्यायाधीशको पद रिक्त थियो । परिषद्ले शुक्रबार मात्र उच्चमा रिक्त ५६ मध्ये २७ जनालाई नियुक्त गरेको थियो । जसमा १८ जना जिल्ला न्यायाधीश छन् । उनीहरूले नियुक्ति बुझेपछि थप जिल्ला न्यायाधीशको पद रिक्त हुनेछ । यसरी हेर्दा देशभरमा ५७ जिल्ला न्यायाधीशको पद रिक्त छ । कुल दरबन्दी भने दुई सय ४० छ ।

अहिले न्याय सेवाकै अधिकृतबीच भएको परीक्षामा एकजना मात्र उत्तीर्ण भएपछि बाँकी रिक्त जिल्ला न्यायाधीशको पदमा परिषद्ले नियुक्ति सिफारिस गर्ने प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिए । 'न्याय सेवामा कम्तीमा तीन वर्ष काम गरेका उपसचिवहरूबाट न्यायाधीशका लागि परिषद् बैठकबाट सिफारिस हुन्छ । संविधानमा नै समानुपातिक समावेशी भनिएको हुनाले निश्चित प्रतिशत नभए पनि संविधानको मर्मअनुसार सिफारिस हुन्छ,' उनले भने । यद्यपि, परिषद् बैठकको मिति भने निश्चित भइनसकेको उनको भनाइ छ ।

उच्च र जिल्ला न्यायाधीशको सरुवा सिफारिस

यसैबीच न्यायपरिषद्को आइतबार बसेको बैठकले सातजना उच्च अदालतका न्यायाधीश र पाँच जिल्ला न्यायाधीशको सरुवा गर्ने निर्णय गरेको छ । जनकपुर उच्च अदालतमा रहेकी सारंगा सुवेदीलाई सोही अदालत र तुलसीपुरमा काजमा रहेका रत्नबहादुर बागचन्दलाई पनि सोही अदालतमा सरुवा सिफारिस गरिएको हो ।

विशेष अदालतमा काजमा रहेका बलभद्र बास्तोलालाई उच्च अदालत जनकपुरमा पठाइएको छ । परिषद्को निर्णयअनुसार उच्च अदालत तुलसीपुरको नेपालगन्ज इजलासमा रहेका वामदेव ज्ञवालीलाई उच्च अदालत जनकपुरको वीरगन्ज इजलास पठाइएको छ । यसैगरी, पोखरा उच्च अदालतको बागलुङ इजलासमा कार्यरत नीलम पौडेललाई पनि वीरगन्ज इजलास सरुवा गरिएको छ । पोखरामै कार्यरत उज्ज्वल शुक्ल उच्च अदालत महेन्द्रनगरको दिपायल इजलास पुगेका छन् ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेललाई उदयपुर पठाइएको छ भने त्यहाँका न्यायाधीश कृष्णप्रसाद सुवेदीलाई काठमाडौं ल्याइएको छ । यसैगरी, सिन्धुलीमा कार्यरत महेन्द्रबहादुर कार्कीलाई मकवानपुर र मोरङका उपेन्द्रप्रसाद गौतमलाई सिन्धुली सरुवा गरिएको छ । भक्तपुरका गोपालप्रसाद बास्तोलालाई धादिङ अदालतमा सरुवा गरिएको छ ।

एक महिनामै...

पृष्ठ १ बाट क्रमशः

३३ महिनापछि यो साउनमा चालू खाता १२ अर्ब ९८ करोडले बचत देखिएको हो । कार्यकारी निर्देशक भट्टले चालू खाता बचतमा हुनुले अर्थतन्त्रको बाह्य क्षेत्र थप बलियो भएको देखिने बताए । तर, हाम्रोजस्तो देशमा चालू खाता बचतमा जानुले लगानी घटेको संकेतसमेत गर्न सक्ने उनको भनाइ छ । 'चालू खाता बचतमा हुँदा बाह्य क्षेत्र मजबुत छ है भन्ने त देखियो । तर, सँगसँगै आर्थिक गतिविध बढ्न सकेको छैन, लगानी बढ्न सकेको छैन भन्ने पनि देखिन्छ,' उनले भने, 'चालू खाता बचत अथवा कति घाटा कति बचत र कति लगानी भयो भन्नेमा सम्बन्धित हुन्छ,' उनले भने, 'बचत र लगानीको ग्याप बढ्दा अथवा लगानीभन्दा बचत बढी हुँदा हाम्रो अर्थतन्त्रलाई लाभ नहोला, यसमा ध्यान दिनुपर्छ ।'

साउनमा उपभोक्ता मूल्य वृद्धिदर ७.५२ प्रतिशत रहेको छ । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर ८.९५ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर ६.४२ प्रतिशत रहेको राष्ट्र बैंकको तथ्यांक छ ।

साउनमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसलाको मूल्य सूचकांक ४५.५६, खाद्य तथा खाद्यजन्य पदार्थको १३.२०, दुग्ध पदार्थ तथा अन्डाको १२.१९, रेस्टुरेन्ट तथा होटेलको ११.०५ र तरकारीको १०.८० प्रतिशतले बढेको छ । घ्यू तथा तेल उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक भने १५.१३ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, गैरखाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृति उपसमूहको मूल्य सूचकांक १५.५५, शिक्षाको ९.१०, घरायसी उपयोगका वस्तुहरूको ६.९३ र फर्निसिङ तथा घरायसी उपकरणहरूको ६.७९ प्रतिशतले बढेको छ । यातायात उपसमूहको मूल्य सूचकांक भने ०.८१ प्रतिशतले घटेको छ ।

साउनमा सबैभन्दा बढी मूल्यवृद्धि हिमाली क्षेत्रमा देखिएको छ । हिमाली क्षेत्रको मूल्यवृद्धिदर ११.४६ प्रतिशत रहेको छ । त्यस्तै, काठमाडौं उपत्यकामा ८.५०, तराईमा ६.७० र पहाडमा ७.५० प्रतिशत मूल्यवृद्धिदर रहेको राष्ट्र बैंकले जनाएको छ ।

बेरुजु फर्स्यौट गर्न लेखा समितिले दलीय भागबन्डाका आधारमा बनायो ९ उपसमिति

काठमाडौं/ प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले बेरुजु सम्परीक्षण (फर्स्यौट) गर्न ९ वटा उपसमिति गठन गरेको छ । समितिको आइतबारको बैठकले दलीय भागबन्डाका आधारमा सबैको प्रतिनिधित्व हुने गरी ९ वटा उपसमिति बनाएको छ ।

कांग्रेस ३, एमाले २ तथा माओवादी, रास्वपा, राप्रपा र जसपाले १-१ उपसमितिको नेतृत्व पाउने गरी गठन गरिएको समिति सभापति ऋषिकेश पोखरेलले बताए । कोभिड महामारीपछि लेखा समिति सक्रिय हुन नसक्दा बेरुजु फर्स्यौट अगाडि बढेको छैन ।

समितिको मुख्य कार्य नै सदनमा पेस गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गर्ने हो । यसैगरी, समितिले महालेखा परीक्षकद्वारा सम्पादित कामकारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने कामकारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए-नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशनसमेत दिन्छ ।

यति धेरै बेरुजुको सम्परीक्षण गर्न समितिले ९ वटा उपसमिति बनाएको हो । कांग्रेसका अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी र रामकृष्ण यादव, एमालेका गोकुलप्रसाद बाँस्कोटा र दामोदर भण्डारी, माओवादीका लेखनाथ दाहाल, रास्वपाका मनीष झा, राप्रपाका राजेन्द्र लिङ्देन र जसपाका प्रदीप यादवलाई उपसमिति संयोजक तोकिएको छ । लेखा समिति २७ सदस्यीय छ ।

महालेखा प्रतिवेदनले औंल्याएअनुसार हाल नेपालमा ९ सय ५८ अर्ब बेरुजु छ । अहिले महालेखाको ६०औं प्रतिवेदन आइसकेको छ । ५९औं प्रतिवेदन पनि समितिले हेरेको छैन । तथ्यांकअनुसार ४४औं प्रतिवेदनदेखिका केही अंश पनि फर्स्यौट हुन बाँकी छ ।

'आजको आवश्यकता सुरक्षित लगानी, सुरक्षित लगानीको लागि शुभकामना'

शुभकामना बचत तथा ऋण सहकारी संस्था लि.
सुनकामना बचत नया युगा सहकारी संस्था लि.
SUBHAKAMANA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
भक्तपुर, (सहकारी ऐन २०४८ अनुसार स्थापित)

ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस सहकारीबाट तपसिलमा उल्लेखित शेयर सदस्यहरुले लिनु भएको कर्जा रकम संस्था संग कर्जा लिँदा गर्नु भएको शर्त कबुलियत बमोजिम चुक्ता/भुक्तान नगरी शर्तहरु उल्लघंन गर्नु भएकोले बक्यौता रकम भुक्तानीको लागि संस्थाबाट पटक पटक मौखिक, विभिन्न मितिमा लिखित पत्र मार्फत कर्जा चुक्ता/भुक्तान गर्न तार-ताकेता गर्दा समेत सम्बन्धीत ऋणीहरुले पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगरि बस्नु भएकोले तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउन यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको ३५ (पैतिस) दिन भित्र कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज लगाएत अन्य दै दस्तुर समेत चुक्ता नभएमा सहकारी ऐन २०७४ को दफा ७९, ८३ सोको नियमावलि २०७५ को दफा ३०, ३२, संस्थाको ऋण व्यवस्थापन निति २०७९ र अन्य प्रचलित ऐन, कानुन बमोजिम कर्जा सुरक्षण बापत यस संस्थालाई धितो बन्धक लेखि दिएको तपशिलको सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रीको लागि आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ । कुनै कारणबस तपशिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ती संस्था आफैले सकार गरि लिन वा अन्य व्यवस्था गरि बेच बिखन गर्न सक्नेछ । उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम ऋणीको अन्य चल अचल सम्पत्तीबाट समेत असुल उपर गरि लिने व्यहोरा समेत सुचित गरिन्छ ।

तपसिल

सि. नं.	ऋणीको नाम, ठेगाना	धितो विवरण	ऋणीको फोटो
१	कर्जा नं. 484-00139-1 **नाम : राम प्रसाद दथेपुथे** ठेगाना : भपुजि भनपा - ६ बुबा : कृष्ण प्रसाद दथेपुथे बाजे : कृष्ण कुमार दथेपुथे	राम प्रसाद दथेपुथेको नाउमा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ठा कायम रहेको भ.पु.जि फौखेल वडा नं ८ च स्थित कि.नं १५९ को क्षेत्रफल ०-३-३-० भएको जग्गा र सो ले चर्चेको लिगापात समेत	
२	कर्जा नं.475-00263-3 **नाम : राजेश थापा** ठेगाना : भ.पु.जि. चानपा ५ बुबा : तिलक बहादुर थापा बाजे : इन्द्र बहादुर थापा	राजेश थापाको नाउँमा ऋणी कायम रहेको दर्ता नं. : बा २ ख ८४६९ इ.नं.:BG9UM20366 च्या.नं.ME1GD2BGDA3A10491 मोडेल: Load king super B 2010	
३	कर्जा नं.486-00079-4 **नाम : अञ्जु श्रेष्ठ** ठेगाना: भ.पु.जि. भनपा ४ पति : राजेन्द्र कुमार श्रेष्ठ ससुरा : बद्रीकुमार श्रेष्ठ	अञ्जु श्रेष्ठको नाउँमा ऋणी कायम रहेको दर्ता नं. : बा ३ ख ६०९६ इ.नं.:497TC92NVY839766 च्या.नं.MAT453514E8N29905 मोडेल: TATA 2014	
४	कर्जा नं.475-000243-6 **नाम : राजाराम तिमिल्सिना** ठेगाना : भ.पु.जि.चानपा ८ बुबा : भवनाथ तिमिल्सिना बाजे : लोकनाथ तिमिल्सिना	राजाराम तिमिल्सिनाको नाउँमा ऋणी कायम रहेको दर्ता नं. : बा.३ ख ८८६४ इ.नं.:BTF4G96002 च्या.नं.MA1GD2BTHF3H15799 मोडेल: BS3 ZOOM PS 2015	
५	कर्जा नं.486-000098-6 **नाम : बुद्ध लामा** ठेगाना : भ.पु.जि.सुनपा ६ बुबा : तेज बहादुर तामाङ बाजे : बिचा सिं तामाङ	बुद्ध लामाको नाउँमा ऋणी कायम रहेको दर्ता नं. : बा.५ ख ५२०६ इ.नं.:81C63680301 च्या.नं.MAT388116J2R07200 मोडेल: SK1613TC\36CAB BSIII	
६	कर्जा नं : 486-00152-3 **नाम : राजन लाखाजू** ठेगाना :भ.पु.जि.चानपा- २ बुबा : बिल बहादुर लाखाजू बाजे : निल बहादुर लाखाजू	राजन लाखाजूको नाउँमा ऋणी कायम रहेका दर्ता नं.: बा.१५ च.४९६१ मोडेल : ACE MEGA BS III (WHTTE) च्यासिस नम्बर : MAT535002GVE26061 इन्जिन नम्बर : 0.8LTDICRAIL06ETYS60001 को टाटा पिकअप गाडि	
७	कर्जा नं.484-00238-5 **नाम : पारवती दुवाल** ठेगाना : भपुजि भनपा -४ पति : कृष्णभक्त दुवाल ससुरा : रत्नलाल दुवाल	पारवती दुवालको नाउँमा रहेको भ.पु.जि फौखेल ७ ग स्थित कि.नं ४०८ को क्षेत्रफल २-८-२-० (१२८७.७० व.मी.) भएको जग्गा ।	

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०६/०१)

शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०५/३० गते शनिबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम मिति २०८०/०६/०५ गते शुक्रबार अर्थात सेप्टेम्बर २२, २०२३ मा गर्ने भनि बोलाएको आ.व.२०७९/०८० को वार्षिक साधारण सभा कम्पनीको कामको सिलसिलामा अध्यक्ष तथा अन्य पदाधिकारीहरू विदेश भ्रमणमा रहनु भएको कारण तोकिएको मितिमा सञ्चालन गर्न कठिनाई परेको हुँदा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरू उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८०/०६/२९ गते सोमबार अर्थात अक्टोबर १६, २०२३
स्थान : अल्फा हाउस रेष्ट्रो बार एण्ड ब्याङ्क्वेट, चौथौ तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं
समय : बिहान ११:३० बजे ।

साधारण सभामा प्रस्तुत विषयहरू:

विशेष प्रस्ताव

१. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. पुँजी संरचना संशोधन गर्ने सम्बन्धमा ।
३. सार्वजनिक शेयर निष्कासन तथा उक्त रकमको उपयोग गर्ने सम्बन्धमा ।
४. संचालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा ।
५. विविध ।

सामान्य प्रस्ताव

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, २०७९ साल श्रावण १ गते देखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको सम्पूर्ण अनुसूची) पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

INVITATION FOR ELECTRONIC BIDS

Kamal Rural Municipality
Office of Rural Municipal Executive
Koshi, Province, Jhapa
Date of publication: 2080-06-01 (18 September, 2023)

1. ***Kamal Rural Municipality, Topgachhi , Jhapa*** invites electronic bids from eligible bidders for the following Construction works.

Contract ID No.	Name Of The Procurement	Procurement method	Eastimated Amount (without VAT & PS) (NRs)	Pre Bid Meetting	Bid Security Amount (Nrs)	Bid Document Fee (NRs)	Bid Submission Date	Bid Opening Date
11/KRM/ ROAD/ 2080/081	Construction Of Black Topped Road on Geuriya chowk purwa dakchin connecting Gauradaha, ward no 7	NCB-WORKS	45,98,485.00	13 Oct,2023 (2080-06-26): 11:00Hrs	1,33,000.00	3,000.00	18 October ,2023 (2080-07-01): 12:00 NOON	18 October ,2023 (2080-07-01): 13:00NOON
12/KRM/ ROAD/ 2080/081	Construction Of Black Topped Road from parsai chowk to Baigundhura connecting road, Ward no 1	NCB-WORKS	47,20,966.00	13 Oct,2023 (2080-06-26): 11:00 Hrs	1,35,000.00	3,000.00	18 October ,2023 (2080-07-01): 12:00 NOON	18 October ,2023 (2080-07-01): 13:00NOON
13/KRM/ ROAD/ 2080/081	Construction Of Black Topped Road with Asphalt Concreting on mainakhata to mangalbare bazzar, ward no 5,6	NCB-WORKS	57,56,441.00	13 Oct,2023 (2080-06-26): 11:00Hrs	1,71,000.00	3,000.00	18 October ,2023 (2080-07-01): 12:00 NOON	18 October ,2023 (2080-07-01): 13:00NOON

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi,Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

CHIEF ADMINISTRTIVE OFFICER

सोमबार १ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

भारत आठौँपटक एसिया कप च्याम्पियन

उपाधि भिडन्तमा आयोजक श्रीलंकाले दिएको ५१ रनको लक्ष्य भारतले ६.१ ओभरमै पूरा गऱ्यो

एजेन्सी

भारत आठौँपटक एसिया कप क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ। कोलम्बोको प्रेमादासा रंगशालामा भारतले आयोजक श्रीलंकामाथि १० विकेटको सानदार जित निकाली आठौँपटक च्याम्पियनको ट्रफी उचालेको हो। वर्षाका कारण आधा घन्टापछि सुरु भएको फाइनलमा पहिलो ब्याटिङ गरेको श्रीलंकाले एसिया कपकै कमजोर ब्याटिङ प्रदर्शन गऱ्यो। श्रीलंका केवल १५.२ ओभरमा ५० रनमा समेटियो। प्रत्युत्तरमा भारतले ६.१ ओभरमा विनाक्षति ५१ रन जोड्दै उपाधि हात पाऱ्यो। भारतका लागि ओपनर इसन किसनले १८ बलमा २३ रन र शुभमन गिलले २७ रनको योगदान दिए।

इसनले १८ बलमा तीन चौका र शुभमनले १९ बलमा ६ चौका प्रहार गरेका थिए। भारतको जितमा फास्ट बलर मोहमद सिराजले उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए। उनले सात ओभरमा २१ रन खर्चेर श्रीलंकाका सर्वाधिक ६ विकेट लिए। यसैगरी, हार्दिक पाण्ड्याले २.२ ओभरमा तीन रन दिँदै तीन विकेट लिए। भारतले सन् १९८४, १९८८, १९९०, १९९१, १९९५, २०१०, २०१६ र २०१८ मा उपाधि जितेको थियो।

एकै ओभरमा चार विकेट

फाइनलका म्यान अफ दी म्याच सिराजले श्रीलंकाविरुद्ध जीवनकै उत्कृष्ट बलिङ स्पेल गरेका छन्। उनले एकै ओभरमा चार विकेट लिएपछि श्रीलंका दबाबमा पऱ्यो। उनले चार विकेट लिए पनि ह्याट्रिक गर्न सकेनन्। इनिङ्सको ३.१ ओभरमा पथुम निसांका, ३.३ ओभरमा सदिरा समाराविरा, ३.४ ओभरमा चरिथ असालांका र ३.६ ओभरमा धनञ्जय सिल्भाको विकेट लिए। एकै ओभरमा चार महत्त्वपूर्ण विकेट गुमाउँदा १२/५ को कमजोर अवस्थामा श्रीलंका रह्यो। सिराजले ५.४ ओभरमा दुसान सनाका र ११.२ ओभरमा मेन्डिसको विकेट लिँदै एकदिवसीय खेलमा आफ्नो उत्कृष्ट बलिङ स्पेल राखे। यसअघि इनिङ्सको दोस्रो बलमै जसप्रित बुमराहले श्रीलंकाली ओपनर कुशल परेरालाई शून्य रनमा आउट पारे।

२१ रनको साझेदारी

एसिया कपमै अहिलेसम्मको खराब ब्याटिङ प्रदर्शन गरेको श्रीलंकाको इनिङ्समा सातौँ विकेटका लागि २१ रनको महत्त्वपूर्ण साझेदारी भएको थियो। दुनिथ वालालागे र कुशल मेन्डिसबीच यो साझेदारी भएको हो। यसै साझेदारीका कारण श्रीलंकाले भारतविरुद्ध ५१ रनको लक्ष्य दिन सफल भएको हो। कुशलले इनिङ्सकै सर्वाधिक १७ रन जोडे। उनले ३४ बलमा तीन चौका प्रहार गरे। दुसानले १५ बलमा एक चौकाको सहयोगमा १३ रन बनाए। सो इनिङ्समा श्रीलंकाका पाँच ब्याट्समान डकआउट भए। दुई ब्याट्समान सामना गरेको बलमै क्रिजबाट हटे। भारतीय बलरले श्रीलंकालाई पाँच अतिरिक्त रन दिएका थिए।



३७ बलमै जित

श्रीलंकामाथि भारतको जित अहिलेसम्मकै ठूलो जितको रूपमा रहेको छ। भारतले केवल फाइनल खेलको लक्ष्य पछ्याउँदा ३७ बलमै जित निकाल्यो। सन् २००१ मा भारतले केन्यालाई ६९ बल खेल्दै हराएको थियो। भारतले लक्ष्य पछ्याउँदा इनिङ्समा दुई सय ६३ बलअगाडि नै जित निकालेको पहिलोपटक हो। यसअघि सन् २००१ मा भारतले केन्यालाई दुई सय ३१ बलअगाडि नै हराएको थियो। श्रीलंका भारतविरुद्ध कम योगफल बनाउने पहिलो राष्ट्र बनेको छ। सन् २०१४ मा बंगलादेशले भारतविरुद्ध ५८ रन मात्र बनाएको थियो। एकदिवसीय इतिहासमा जिम्बावे सबैभन्दा कम योगफलमा अलआउट भएको छ। सन् २००४ मा जिम्बावे श्रीलंकाविरुद्ध ३५ रनमा समेटिएको थियो।

कुलदीप सर्वोत्कृष्ट खेलाडी

भारतीय स्पिनर कुलदीप यादव एसिया कप २०२३ कै सर्वोत्कृष्ट खेलाडी बनेका छन्। भारतलाई आठौँपटक च्याम्पियन बनाउन उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले पाँच खेलमा ९ विकेट लिए। उनी नेपालविरुद्धको खेलमा विकेटविहीन बने। नेपालसँगको खेलमा उनले १० ओभरमा दुई मेडनसहित ३४ रन खर्चिए। सुपर फोरमा पाकिस्तानमाथि दुई सय २८ रनले भारतले हराउँदा उनले पाँच विकेट लिएका थिए। उनले श्रीलंकाविरुद्ध ४ विकेट लिएका थिए।

पहिलोपटक सहभागी नेपाल

एसिया कपमा नेपालले पहिलोपटक सहभागिता जनाएको थियो। नेपालले प्रतियोगिताको समूह 'ए'मा भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गऱ्यो। यद्यपि, पहिलोपटकको सहभागितामै नेपालले प्रभावशाली प्रदर्शन गरेको थियो। नेपालले प्रतियोगिताको उद्घाटन खेलमै पाकिस्तानसँग मुल्तानमा प्रतिस्पर्धा गरेको थियो। उद्घाटन खेलमा पाकिस्तान तत्काल आइसिसी एकदिवसीय वरीयताको शीर्ष टोली थियो। सुपर फोरबाट बाहिरिँदा पाकिस्तान तेस्रो स्थानमा झरेको छ। नेपालविरुद्ध पाकिस्तानले ६ विकेट गुमाएर तीन सय ४२ रन बनाएको थियो। प्रत्युत्तरमा नेपाल २३.४ ओभरमा एक सय चार रनमा समेटियो। पाकिस्तानविरुद्ध नेपालका सोमपाल कामीले दुई विकेट लिए। करण केसी र सन्दीप लामिछानेले एक विकेट लिए।

दोस्रो खेलमा नेपालले भारतविरुद्ध पहिलो ब्याटिङ गऱ्यो। दुईपटकको एकदिवसीय तथा एकपटकको टी-२० विश्वकप विजेता भारतसँगको खेलमा नेपालका ओपनर आसिफ शेखले ५८ रनको अर्धशकीय इनिङ्स खेलेका थिए। ओपनर कुशल भुर्तेल र शेखबीच पहिलो विकेटका लागि ९.५ ओभरमा ६५ रनको साझेदारी भएको थियो। यसैगरी, सोमपालले ५६ बलमा दुई छक्का र एक चौकाको सहयोगमा ४८ रन जोडे। नेपाल ४८.२ ओभरमा दुई सय ३० रनमा समेटियो। वर्षाले प्रभावित बनाएको खेलमा भारतले २३ ओभरमा एक सय ४५ रनको लक्ष्य पायो। भारतले २०.१ ओभरमा एक विकेट पनि नगुमाएर जित निकाल्यो। प्रतियोगितामा नेपाल र बंगलादेशले मात्र भारतविरुद्ध उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेका थिए।

एसिया कपपछि एकदिवसीय खेलमा बनेका रेकर्ड

भारतको उत्कृष्ट बलिङ

सन्	खेलाडी	विरुद्ध	प्रदर्शन
२०२३	मोहमद सिराज	श्रीलंका	२१/६
१९८८	अर्सद अयुब	पाकिस्तान	२१/५
२०२३	कुलदीप यादव	पाकिस्तान	२५/५

श्रीलंकाविरुद्ध उत्कृष्ट बलिङ

सन्	बलर	राष्ट्र	प्रदर्शन
२०२३	मोहमद सिराज	भारत	२१/६
१९९०	वकार युनिस	पाकिस्तान	२६/६
२०११	मिचेल जोनसन	अस्ट्रेलिया	३१/६

५० ओभरमा बलरका प्रदर्शन

सन्	खेलाडी	विरुद्ध	प्रदर्शन
१९९१	अकिब जाभेद (पाकिस्तान)	भारत	३७/७
१९९३	अनिल कुम्बले (भारत)	वेस्ट इन्डिज	१२/६
२००८	अजन्था मेन्डिस (श्रीलंका)	भारत	१३/६
२०२३	मोहमद सिराज (भारत)	श्रीलंका	२१/६

एसिया कपको फाइनल

सन्	टोली	विरुद्ध	स्कोर
२०२३	श्रीलंका	भारत	५०/१०
२००८	भारत	श्रीलंका	१७३/१०
१९८८	श्रीलंका	भारत	१७६/१०

एसिया कपमा कम योगफल

सन्	टोली	विरुद्ध	स्कोर
२०२३	श्रीलंका	भारत	५०/१०
२०००	बंगलादेश	पाकिस्तान	८७/१०
१९८६	बंगलादेश	पाकिस्तान	९४/१०

धेरै बल बाँकी रहँदै जित

सन्	टोली	विरुद्ध	बल
२०२३	भारत	श्रीलंका	२६३
२००३	अस्ट्रेलिया	इंग्ल्यान्ड	२२६
१९९९	अस्ट्रेलिया	पाकिस्तान	१७९

दश विकेटको जित

टोली	खेल	संख्या
भारत	१०३८	१०
वेस्ट इन्डिज	९६१	१०
न्युजिल्यान्ड	८०८	९

छिटो पाँच विकेट

सन्	खेलाडी	बल	विरुद्ध
२०२३	मोहमद सिराज (भारत)	१६	श्रीलंका
२००३	चामिन्दा भास (श्रीलंका)	१६	बंगलादेश
२०२३	अलि खान (अमेरिका)	१७	जर्सी
२०२२	ग्यान बल (जिम्बावे)	१८	अस्ट्रेलिया

एकै ओभरमा चार विकेट

सन्	बलर	विरुद्ध	प्रदर्शन
२०२३	मोहमद सामी (पाकिस्तान)	न्युजिल्यान्ड	४/०
२०२३	मोहमद सिराज (भारत)	श्रीलंका	४/४
२०१९	आदिल रसिद (इंग्ल्यान्ड)	वेस्ट इन्डिज	४/२

५० ओभरको फाइनलमा कम योगफल

सन्	टोली	विरुद्ध	प्रतियोगिता	स्कोर
२०२३	श्रीलंका	भारत	एसिया कप	५०/१०
२०००	भारत	श्रीलंका	ट्राई सिरिज	५४/१०
२०१७	आयरल्यान्ड	अफगानिस्तान	डेजर्ट कप	७१/१०

खेल संक्षेप

सागरको कीर्तिमान

काठमाडौं/ नेपाली भारोत्तोलन खेलाडी सागर भण्डारीले आइडब्लुएफ विश्व च्याम्पियनसिपमा नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। उनले पुरुष १०९ केजी तौलसमूहमा स्न्याच, क्लिन एन्ड जर्क र कुलमा गरी तीन नयाँ राष्ट्रिय कीर्तिमान बनाएको नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले जानकारी दिएका छन्। सागरले स्न्याचमा १२८ केजी, क्लिन एन्ड जर्कमा १६३ र कुलमा २९१ केजी तौल उठाउँदै आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेका हुन्। यसअघि स्न्याचमा १२२, क्लिन एन्ड जर्कमा १६२ र कुलमा २८४ केजीको कीर्तिमान उनकै नाममा थियो। सोही प्रतियोगितामा सागरअघि विकास भट्ट र विशालसिंह विष्टले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा गरी समान तीन राष्ट्रिय कीर्तिमान कायम गरेका थिए।

आशिषको एकै खेलमा ५९ स्कोर

काठमाडौं/ आशिष थापामगरको उत्कृष्ट प्रदर्शनसँगै तेस्रो पुष्पसदन काठमाडौं उपत्यका अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा मेगस इंग्लिस स्कुलले राराहिल मेमोरियल स्कुललाई ६२-४८ को स्कोरमा पराजित गरेको छ। मेगसका आशिष एक्लैले सर्वाधिक ५९ स्कोर गरेका छन्। एकै खेलमा ५० भन्दा माथि स्कोर गर्ने उनी पहिलो खेलाडी बनेका छन्। जुनियर पुरुषमा जनसेवा स्कुलले राराहिललाई १०-५ को अन्तरमा हराएको छ। रेडियन्ट पब्लिकले ग्रिनफिल्डलाई २६-९ ले निराश पाऱ्यो।

पिकलबल सुरु

काठमाडौं / पिकलबल एसोसिएसन नेपालको आयोजनामा नेपाल-सिक्किम फ्रेन्डसिप पिकलबल प्रतियोगिता सुरु भएको छ। प्रतियोगिता काठमाडौंको बौद्धस्थित स्नोल्यान्ड स्पोर्टस् एकेडेमीमा आयोजना भइरहेको छ। पिकलबल एसोसिएसन सिक्किमबाट हेमन्त गुरुङको नेतृत्वमा ३० जनाको टोली नेपाल आएको हो। नेपालबाट ८० खेलाडी सहभागी छन्। प्रतियोगितानको उद्घाटन पूर्वउपप्रधानमन्त्री कमल थापाले गरे।

पुलिस शीर्ष स्थानमा

कास्की/ १०औँ लामाचौर राष्ट्रिय महिला भलिबल प्रतियोगितामा न्यु डायमन्ड क्लब शीर्ष स्थानमा उक्लेको छ। यसैगरी, पुरुषतर्फ नेपाल पुलिस क्लब शीर्ष स्थानमा रह्यो। प्रतियोगिताको तेस्रो दिनको खेल समाप्तिसम्म न्यु डायमन्ड र पुलिसले समान ६ अंक जोडेका छन्। पहिलो खेलमा पुलिसले न्यु डायमन्डलाई ३-२ को सेटमा पाखा लगायो। न्यु डायमन्डले पहिलो सेट २५-१८ ले जितेको थियो। त्यसपछि पुलिसले दोस्रो सेट २०-२५ र तेस्रो सेट १४-२५ ले हात पाऱ्यो। न्यु डायमन्डले चौथो सेटमा २५-२१ ले जित निकाल्यो। पाँचौं र अन्तिम सेटमा पुलिसले १५-१२ ले बाजी माऱ्यो।

एलए पौडीमा निसर्ग च्याम्पियन

काठमाडौं/ १९औँ एलए अन्तरविद्यालयस्तरीय पौडी प्रतियोगितामा निसर्ग बाटिका च्याम्पियन बनेको छ। प्रतियोगिताको आइतबार सबै नतिजापछि निसर्गले सर्वाधिक तीन सय ४६ अंक बटुलेको हो। प्रतियोगितामा ८० विद्यालयका चार सय ५७ खेलाडीको सहभागिता थियो। एक सय दुई अंक जोडेको जेम्स स्कुल दोस्रो भएको छ। लिंकन स्कुल ८४ अंकका साथ तेस्रो भएको छ। विजयी खेलाडीलाई डिके ढुंगानाले पुरस्कृत गरेका थिए। ढुंगानाले आयोजकले प्रतियोगिता गराएर अन्तर्राष्ट्रिय जगत्मै राम्रो छवि बनाएको बताए।

च्याम्पियनसिपबाट आयोजक बाहिरियो

नयाँ पत्रिका

प्रयागराजसिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा आयोजक वडा २३ आइतबार प्रिक्वार्टरफाइनलबाट बाहिरिएको छ। लैनचौर फुटसल मैदानमा वडा १४ ले वडा २३ लाई



प्रतिस्पर्धात्मक खेलमा १-० ले निराश पार्दै अन्तिम आठको स्थान पक्का पारेको छ। सो खेलमा मनीष रानाभाटले निर्णायक गोल गरेका थिए। यसैगरी, वडा ४, वडा १७ र वडा ३२ क्वार्टरफाइनलमा पुगेका छन्।

प्रिक्वार्टरफाइनलको पहिलो खेलमा वडा ४ ले वडा ९ लाई १-० ले हरायो। खेलमा भएको एक मात्र गोल प्रजेश अधिकारीको नाममा रह्यो। दोस्रो खेलमा वडा १७ ले वडा २७ माथि १-० को कठिन जित निकाल्यो। सो खेलमा विजयी टोलीका गोलरक्षक लक्ष्मण देउला म्यान अफ दी म्याच बने। अर्को खेलमा वडा ३२ ले वडा २२ लाई २-० ले पराजित गऱ्यो। सो खेलमा विशान्त मगर र जीवन पराजुलीले गोल गरेका थिए।

नकआउटका आधारमा भइरहेको प्रतियोगितामा विजेता टोलीलाई दुई लाख रुपैयाँ प्रदान गरिनेछ। उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछ। यसैगरी, विधागततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकलाई जनही दश हजार रुपैयाँले पुरस्कृत गरिनेछ।

४६ केजीमा चन्दन र ४८ केजीमा रविन पहिलो

नयाँ पत्रिका

जुनियर राष्ट्रिय पुरुष बक्सिङ प्रतियोगितामा बाँकेका चन्दन शाही ४६ केजी तौलसमूहमा पहिलो भएका छन्। अन्तर्राष्ट्रिय खेलकुद परिसर सातदोबाटोस्थित बक्सिङ हलमा आइतबार भएको फाइनलमा चन्दनले नक्सालका सक्षम लामालाई आरएससीको आधारमा हराउँदै शीर्ष स्थान हात पारेका हुन्। ४८ केजी तौलसमूहमा रोल्पाका रविन पुनमगरले अल्फाका तारा पुनमगरलाई ५-० ले हराउँदै पहिलो स्थान हात पारेका छन्। जुनियर पुरुषतर्फ ५० केजी तौलसमूहमा अल्फाका मौसम विकले रोल्पाका दिप्लप घर्तीमगरलाई फाइनलमा ५-० ले निराश पारेका छन्। यसैगरी, ५२ केजी तौलसमूहमा अल्फाका विजयी घर्तीमगरले फाइट प्रमोसन काठमाडौंका मोहित विष्टलाई ३-० ले निराश पारे।

प्रतियोगिताको जुनियर पुरुषको ५४ केजी तौलसमूहको फाइनलमा अल्फाका कृष्ण पुनमगरले भाइबका जनम खत्रीलाई ३-२ को स्प्लिट डिसिजनमा पाखा लगाए। ५७ केजी तौलमा झापाका निक्मा तामाङले स्विट साइन्सका रोशिकी शाही खड्कीलाई ३-२ अंकका आधारमा पराजित गरेका छन्। यसैगरी, ६० केजी तौलसमूहमा दाङका नयनसिंह भण्डारीले एक्स बक्सिङ कास्कीका समुद्र थापालाई ३-० ले निराश पार्दै पहिलो स्थान हात पार्न सफल भए।

६३ किलो तौलसमूहमा स्विट साइन्सका अनिश वाइबा तामाङ, ७० केजी तौलसमूहमा स्विट साइन्सका नोर्बु शेर्पा, ८० केजी तौलसमूहमा आर्यनका सुयोन बैध्य शीर्ष स्थानमा रहेका छन्। प्रतियोगिताअन्तर्गत महिला जुनियरतर्फको ५० केजी तौलसमूहमा झापाकी प्रतिमा राई पहिलो भएकी छिन्। उनले फाइनलमा बक्समाण्डुका पूर्णिमा लामालाई आरएसीका आधारमा हराइन्। यसैगरी, ५७ केजी तौलसमूहमा नक्सालका प्रेक्षा लामाले बक्समाण्डुकी तेन्जिन दोल्केर लामालाई ५-० ले हराउँदै शीर्ष स्थानमाथि कब्जा जमाइन्। यसैगरी, ६३ केजी तौलको फाइनलमा झापाकी सुस्मिता योगहाङ स्विट साइन्सकी दिया गुरुङबाट ५-० ले पराजित भइन्।



सञ्जय फाइनलमा

प्रतियोगिताअन्तर्गत पुरुष युथतर्फको ५४ केजी तौलसमूहमा एचटुओका आशिष बेगाले बोसी गाउँका सञ्जय पुनमगरलाई आरएसीका आधारमा हराउँदै फाइनल स्थान पक्का गरेका छन्। सोही तौलसमूहमा डाङका लक्ष्मण बुढामगर बक्समाण्डुका प्रबल उप्रेतीबाट ४-१ ले सेमिफाइनलमा पराजित भएका छन्। यसैगरी, ६० केजी तौलसमूहको सेमिफाइनलमा बक्समाण्डुका आशुष थापाले एक्स बक्सिङका मानबहादुर हमाललाई आरएसीका आधारमा हराएका छन्। सोही तौलसमूहमा भाटभटेनी हेल्थ क्लबका निमा शेर्पालाई स्विट साइन्सका सुगल रोकामगरले ५-० ले हराए। ६३.५ किलो तौलसमूहमा एक्स बक्सिङका येस गुरुङ, बक्समाण्डुका रिजन गुरुङ र ७५ केजी तौलसमूहमा नक्सालका केली बोहराले फाइनल स्थान पक्का गरेका छन्।

युथ महिलामा मन्दिरा विजयी

प्रतियोगिताको युथ महिलातर्फ ४८ केजी तौलसमुहमा रोल्पाका नीलम घर्तीमगरमाथि नक्सालकी मन्दिरा पौडेलले आरएसीका आधारमा हराइन्। ५० केजी तौलसमूहमा एचटुओकी बृषा श्रेष्ठलाई मकवानपुरकी रोशनी घलानले ४-१ अंकका आधारमा हराइन्। ५४ किलोमा झापाकी स्मारिका राईमाथि जेनेक्सकी स्वस्तिका तिरुवाले एबिडीका आधारमा जित निकालेकी छिन्।

चेल्सी बाउर्नेमाउथसँग बराबरीमा रोकियो

लन्डन/ इंग्लिस प्रिमियर लिगमा चेल्सी बाउर्नेमाउथसँग गोलरहित बराबरीमा रोकिएको छ। बाउर्नेमाउथको मैदानमा चेल्सीले प्राप्त अवसर सदुपयोग गर्न नसक्दा अंक बाँडेको हो। चेल्सीले पाँच खेलमा पाँच अंक बटुलेको छ। चेल्सी १४औँ स्थानमा छ। चेल्सीलाई बहादुरीपूर्वक गोलरहित बराबरीमा रोकेको बाउर्नेमाउथ तीन अंकका साथ १५औँ स्थानमा छ। लिगमा चेल्सीले अहिलेसम्म एक जित मात्र निकालेको छ। खेलमा चेल्सीले ६४ प्रतिशत बल पोसेसन राख्दा पनि गोल गर्न सकेन।



साबिक विजेता म्यानचेस्टर सिटीले शीर्ष दुई स्थानमा दुई अंकको अग्रता लिएको छ। लिगअन्तर्गत शनिबार राति वेस्टह्यामलाई ३-१ ले हराउँदै सिटीले दोस्रो स्थानमा रहेको टोटनह्यामाथि दुई अंकको अग्रता बनाएको हो। सिटीले वेस्टह्याममाथि पुनरागमन जित निकालेको थियो। खेलको ३६औँ मिनेटमा सिटी १-० ले पछि परेको थियो। पहिलो हाफमा फितलो देखिएको सिटी मध्यान्तरपछि सशक्त रूपमा प्रस्तुत भयो।

दोस्रो हाफमै जेमेमी डोकुले सिटीलाई १-१ को बराबरीमा पुऱ्याए। खेलको ७६औँ मिनेटमा बर्नान्डो सिल्भाले सिटीलाई २-१ को अग्रता दिलाए। उनले जुलियन अल्भारेजको सटिक पासमा गोल गरे। खेलको ८६औँ मिनेटमा एर्लिङ हाल्यान्डले सिटीको जित ३-१ को पक्का पारे। सिटीले पाँच खेलपछि १५ अंक जोडेको छ। टोटनह्यामले पनि समान खेलबाट १३ अंक जोडेको छ। लिभरपुलको पनि १३ अंक नै छ। गोलअन्तरमा लिभरपुल तेस्रो स्थानमा झरेको हो।

शनिबार राति नै भएको अर्को खेलमा टोटनह्यामले सेफिल्ड युनाइटेडमाथि २-१ को जित निकाल्यो। खेलको अन्तिम इन्जुरी समयमा १० खेलाडीमा सीमित भएको सेफिल्डले निर्धारित ९० मिनेटसम्म १-० को अग्रता लिएको थियो। खेलको ७३औँ मिनेटमा हामेरले सेफिल्डलाई १-० को अग्रता दिलाएका थिए। १० मिनेटको इन्जुरी समयमा टोटनह्यामले दुई गोल गर्दै बाजी माऱ्यो। रिचार्लिसन र कुलुसेभस्कीले एक-एक गोल गर्दा टोटनह्यामको जित पक्का भयो।

घरमै पराजित युनाइटेड

म्यानचेस्टर युनाइटेड घरेलु मैदानमा ब्राइटनसँग ३-१ ले पराजित भएको छ। हारसँगै युनाइटेड लिगको १२औँ स्थानमा झरेको छ। युनाइटेडले पाँच खेलमा ६ अंक बटुलेको छ। ओल्ड ट्राफोर्ड मैदानमा सानदार जित निकालेको ब्राइटन १२ अंकका साथ तेस्रो स्थानमा उक्लेको छ। ब्राइटनले पाँच खेलमा १२ अंक बटुलेको छ। अर्को खेलमा लिभरपुलले उल्भ्सलाई ३-१ ले निराश पाऱ्यो। लिभरपुल दोस्रो स्थानमा रह्यो। लिभरपुलले पाँच खेलबाट १३ अंक जोडेको छ। शीर्ष स्थानमा रहेको साबिक विजेता म्यानचेस्टर सिटीले सर्वाधिक १५ अंक बटुलेको छ।

घरेलु मैदानमा युनाइटेडले ब्राइटनविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्न सकेन। खेलको २०औँ मिनेटमा वेलवेकले ब्राइटनलाई १-० को अग्रता दिलाएका थिए। खेलको ५३औँ मिनेटमा ग्रोबले ब्राइटनलाई २-० को अग्रता दिलाए। निकै कमजोर डिफेन्डर प्रदर्शन गरेको युनाइटेडको पोस्टमा ब्राइटनले खेलको ७१औँ मिनेटमा ३-० को गोल गऱ्यो। यसपटक ब्राइटनका लागि जाओ पेड्रोले गोल गरेका थिए। खेलको ७३औँ मिनेटमा मेजब्रीले युनाइटेडलाई खेलमा फर्काउने प्रयास गर्दै ३-१ का लागि गोल गरेका थिए।

उनले डिबक्सबाहिरबाट उत्कृष्ट गोल गरे। खेलमा ब्राइटनले ५६ र युनाइटेडले ४४ प्रतिशत बल पोसेसन बनाएको थियो। युनाइटेडले १४ र ब्राइटनले १० पटक पोस्ट चार्ज गरेको थियो।

रोड रेसमा अनोजलाई स्वर्ण



काठमाडौं/ अनोज खड्का र सुष्मा यादवले आइतबार तेस्रो चेल्सी अन्तरविद्यालय रोड रेसमा स्वर्ण जितेका छन्। ४.५ किलोमिटर दूरीको छात्रमा अनोज तथा छात्रामा सुष्मा पहिलो भएका हुन्। दुवै बुढानीलकण्ठ स्कुलका हुन्। चेल्सी वर्ल्ड स्कुलद्वारा आयोजित प्रतियोगितामा अनोजले निर्धारित दूरी १६.५१ मिनेटमा पूरा गरे। विजय बुढामगर १६.५२ मिनेटमा दोस्रो तथा विवेक लामा १६.५३ मिनेटमा तेस्रो भए। विजय र विवेक पनि बुढानीलकण्ठकै हुन्।

सुष्माले निर्धारित दूरी तय गर्न २१.४१ मिनेट समय खर्चिन्। २२.३७ मिनेटका साथ बुढानीलकण्ठकी सुजाता केसी दोस्रो तथा २३.४० सेकेन्डमा दौड पूरा गरेकी हाइली क्रिएटिभकी सभ्यता खड्का तेस्रो भएका छन्। प्रतियोगितामा बुढानीलकण्ठ समग्रमा टिम च्याम्पियन बन्यो। बुढानीलकण्ठले सर्वाधिक १९ अंक जोड्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com